
गुराँस गाउँपालिका

खानेपानी रणनिती २०७७-२०८७



खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

गुराँस गाउँपालिका

दैलेख

कर्णाली प्रदेश, नेपाल

विषय सुची

१ परिच्छेद १खानेपानी रणनीतिको परिचय : ६

१.१ परिचय 6

१.२ परिकल्पना 7

१.३ उदेश्य 7

१.४ सिद्धान्त 8

१.५ परिभाषाखानेपानी सेवा स्तर : 8

१.६ खानेपानी सेवा स्तर सर्भेक्षण 10

२ परिच्छेद २गाउँपालिकाको प्रोफाइल : १३

२.१ गाउँपालिकाको सम्क्षिप्त परिचय 13

२.२ गाउँपालिकाको भौगोलिक अवस्था 14

२.२.१ भौगोलिक अवस्थिति 14

२.२.२ क्षेत्रफल 14

२.२.३ वर्तमान भूउपयोग 14

२.२.४ नदि, खोला तथा ताल तलैया 15

२.२.५ जलवायु तथा जलवायु परिवर्तनको जोखिम 15

२.३ गाउँपालिकाको जनसंख्या बनौट 19

२.३.१ वडा अनुसार घरधुरी तथा जनसंख्या 19

२.३.२ उमेर तथा लिङ्ग समूह अनुसार जनसंख्या 20

२.३.३ जातजातिका आधारमा जनसंख्या 21

२.३.४ अपांगताका आधारमा जनसंख्या 21

२.४ गाउँपालिकाको मुख्य भौतिक संरचना तथा सेवा अवस्था 22

२.४.१ सडक संजालको अवस्था 22

२.४.२ शैक्षिक संस्थाहरु 24

२.४.३ स्वास्थ्य संस्थाहरु 25

२.५ गाउँपालिकाका नागरिकहरुको आर्थिक अवस्था 25

२.५.१ मुख्य व्यवसाय तथा व्यवसायिक मानव संसाधन 25

२.५.२ गाउँपालिकाबाट निकासी हुने वस्तुहरु 26

२.५.३ कृषि योग्य जमिन र सिंचाई सुविधा 27

२.५.४ बन क्षेत्र तथा व्यवस्थापन 28

२.५.५ आर्थिक रुपले सक्रिय जनसंख्या 28


२.५.६ विपन्नता स्तरीकरण 29

खेमराज ओली
(गाउँपालिका

२.६ खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था 30
२.७ गुराँस गाउँपालिकाको संगठनात्मक संरचना 33
२.८ गाउँपालिकामा खानेपानी क्षेत्रमा कार्यरत विकास साझेदारहरु र संघियप्रदेश सरकार स्तरीय आयोजनाहरु/ 35
३ परिच्छेद ३खानेपानी अबस्थाको विस्लेषण ३६
३.१ विद्यमान खानेपानी आयोजना 36
३.२ खानेपानीको गुणस्तर परिक्षण 37
३.३ खानेपानीको सेवास्तर विश्लेषण 38
३.३.१ खानेपानीको गुणस्तर सेवास्तर 38
३.३.२ खानेपानीको परिमाण सेवास्तर 39
३.३.३ खानेपानीको पहुँच सेवास्तर 39
३.३.४ खानेपानीको विश्वसनीयता सेवास्तर 40
३.३.५ खानेपानीको समग्र सेवास्तर 41
३.३.६ खानेपानीको समग्र सेवास्तर निम्न हुनुका कारणहरुको विश्लेषण 42
३.३.७ अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था 47
३.४ निर्माणाधीन र हालै निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरु 49
३.५ खानेपानी आयोजना नपुगेका बस्तिहरु 50
३.६ खानेपानी आयोजनाको निर्माण अवस्था अनुसारको घरपरिवार संख्या विश्लेषण 51
४ परिच्छेद ४खानेपानी लक्ष्य :, रणनीति र प्राथमिकता ५३
५ परिच्छेद ५कार्यान्वयन रणनीति : ५७
६ परिच्छेद ६संस्थागत संरचना तथा विस्तार : ५९
७ परिच्छेद ७कार्य योजना तथा बजेट प्रक्षेपण : ६१
७.१ गाउँपालिकाको आय व्यय विश्लेषण 61
७.२ गाउँपालिकाको खानेपानी क्षेत्रगत बजेट विश्लेषण 62
७.३ खानेपानी रणनीतिक कार्य योजना सन् २०२१२०३०- 63
७.४ खानेपानी रणनीति सन् २०२१२०३० बजेट प्रक्षेपण- 73
७.५ श्रोत परिचालन रणनीति 74
८ परिच्छेद ८अनुगमन र समिक्षा : ७५

गुराँस गाउँपालिका

खानेपानी रणनिती २०७७-२०८७



खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

गुराँस गाउँपालिका

दैलेख

कर्णाली प्रदेश, नेपाल

विषय सुची

१ परिच्छेद १खानेपानी रणनीतिको परिचय : ६

१.१ परिचय 6

१.२ परिकल्पना 7

१.३ उदेश्य 7

१.४ सिद्धान्त 8

१.५ परिभाषाखानेपानी सेवा स्तर : 8

१.६ खानेपानी सेवा स्तर सर्भेक्षण 10

२ परिच्छेद २गाउँपालिकाको प्रोफाइल : १३

२.१ गाउँपालिकाको सम्क्षिप्त परिचय 13

२.२ गाउँपालिकाको भौगोलिक अवस्था 14

२.२.१ भौगोलिक अवस्थिति 14

२.२.२ क्षेत्रफ़ल 14

२.२.३ वर्तमान भूउपयोग 14

२.२.४ नदि, खोला तथा ताल तलैया 15

२.२.५ जलवायु तथा जलवायु परिवर्तनको जोखिम 15

२.३ गाउँपालिकाको जनसंख्या बनौट 19

२.३.१ वडा अनुसार घरधुरी तथा जनसंख्या 19

२.३.२ उमेर तथा लिङ्ग समूह अनुसार जनसंख्या 20

२.३.३ जातजातिका आधारमा जनसंख्या 21

२.३.४ अपांगताका आधारमा जनसंख्या 21

२.४ गाउँपालिकाको मुख्य भौतिक संरचना तथा सेवा अवस्था 22

२.४.१ सडक संजालको अवस्था 22

२.४.२ शैक्षिक संस्थाहरु 24

२.४.३ स्वास्थ्य संस्थाहरु 25

२.५ गाउँपालिकाका नागरिकहरुको आर्थिक अवस्था 25

२.५.१ मुख्य व्यवसाय तथा व्यवसायिक मानव संसाधन 25

२.५.२ गाउँपालिकाबाट निकासी हुने वस्तुहरु 26

२.५.३ कृषि योग्य जमिन र सिंचाई सुविधा 27

२.५.४ बन क्षेत्र तथा व्यवस्थापन 28

२.५.५ आर्थिक रुपले सक्रिय जनसंख्या 28

२.५.६ विपन्नता स्तरीकरण 29

खेमराज ओली
(गाउँपालिका

२.६ खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था 30
२.७ गुराँस गाउँपालिकाको संगठनात्मक संरचना 33
२.८ गाउँपालिकामा खानेपानी क्षेत्रमा कार्यरत विकास साझेदारहरु र संघियप्रदेश सरकार स्तरीय आयोजनाहरु/ 35
३ परिच्छेद ३खानेपानी अवस्थाको विस्लेषण ३६
३.१ विद्यमान खानेपानी आयोजना 36
३.२ खानेपानीको गुणस्तर परिक्षण 37
३.३ खानेपानीको सेवास्तर विश्लेषण 38
३.३.१ खानेपानीको गुणस्तर सेवास्तर 38
३.३.२ खानेपानीको परिमाण सेवास्तर 39
३.३.३ खानेपानीको पहुँच सेवास्तर 39
३.३.४ खानेपानीको विश्वसनीयता सेवास्तर 40
३.३.५ खानेपानीको समग्र सेवास्तर 41
३.३.६ खानेपानीको समग्र सेवास्तर निम्न हुनुका कारणहरुको विश्लेषण 42
३.३.७ अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था 47
३.४ निर्माणाधीन र हालै निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरु 49
३.५ खानेपानी आयोजना नपुगेका बस्तिहरु 50
३.६ खानेपानी आयोजनाको निर्माण अवस्था अनुसारको घरपरिवार संख्या विश्लेषण 51
४ परिच्छेद ४खानेपानी लक्ष्य :, रणनीति र प्राथमिकता ५३
५ परिच्छेद ५कार्यान्वयन रणनीति : ५७
६ परिच्छेद ६संस्थागत संरचना तथा विस्तार : ५९
७ परिच्छेद ७कार्य योजना तथा बजेट प्रक्षेपण : ६१
७.१ गाउँपालिकाको आय व्यय विश्लेषण 61
७.२ गाउँपालिकाको खानेपानी क्षेत्रगत बजेट विश्लेषण 62
७.३ खानेपानी रणनीतिक कार्य योजना सन् २०२१२०३०- 63
७.४ खानेपानी रणनीति सन् २०२१२०३० बजेट प्रक्षेपण- 73
७.५ श्रोत परिचालन रणनीति 74
८ परिच्छेद ८अनुगमन र समिक्षा : ७५

खेमराज ओली

अनुसूचीहरु:

अनुसूची १: खानेपानी रणनीतिक कार्ययोजना अनुसारका विद्यमान खानेपानी आयोजनाहरुको सुची
अनुसूची २: निर्माणाधीन खानेपानी आयोजनाहरुको सुची
अनुसूची ३: खानेपानी आयोजना पुग्न नसकेका वस्तीहरुको सुची

तालिकाहरु

तालिका नं .१खानेपानी सेवास्तर विश्लेषणमा प्रयोग भएका खानेपानी सेवास्तर सूचक तथा उपसूचकहरु : 11
तालिका नं .२ खानेपानी रणनीति कार्यान्वयन गर्दा :प्रयोग हुने समावेशी खानेपानी सेवास्तर सूचकहरु 13
तालिका नं ३ :गुराँस गाउँपालिकाको वडागत क्षेत्रफल् विवरण 14
तालिका नं ४ :गुराँस गाउँपालिकाको भूउपयोग अवस्था- 15
तालिका नं .५ दैलेख जिल्लाका कर्णाली उपजलाधार क्षेत्रको सहभागितात्मक मौसमी पात्रो : 17
तालिका नं ६ गुराँस गाउँपालिकामा बिगतका वर्षहरुमा प्राकृतिक :प्रकोपबाट भएको क्षति विवरण 18
तालिका नं ७ गुराँस गाउँपालिकाको :वडाअनुसार जनसंख्या विवरण 19
तालिका नं ८ :उमेर तथा लिङ्ग अनुसार गुराँस गाउँपालिकाको जनसंख्या बिबरण 20
तालिका नं ९ जातजातिको :आधारमा गुराँस गाउँपालिकाको घरधुरी संख्या 21
तालिका नं १० अपांगता भएका व्यक्तिहरुको :विवरण 21
तालिका नं ११ गुराँस गाउँपालिका भित्र :सडक संजालको अबस्था 22
तालिका नं १२: गाउँपालिका स्तरीय निर्माणाधीन प्राथमिकताका सडकहरुको विवरण 24
तालिका नं १३ गाउँपालिकामा रहेका :शैक्षिक संस्थाहरुको विवरण 24
तालिका नं १४ :गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण 25
तालिका नं १५: गुराँस गाउँपालिकाका प्राविधिक सीपयुक्त तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण 26
तालिका नं १६ :गाउँपालिकाबाट बाहिर निकासी हुने मुख्य वस्तुहरुको विवरण 26
तालिका नं १७गाउँपालिकामा रहेको खेतीयोग्य जमिन :, खेति गरिएको जमिन र सिंचित जमिनको क्षेत्रफल् 27
तालिका नं १८ :गाउँपालिकामा रहेको बन क्षेत्र ब्यबस्थापन विवरण 28
तालिका नं १९लिंग अनुसार बैदेशिक रोजगारीमा गएका जनसंख्या विवरण : 28
तालिका नं २० :वडा अनुसार गुराँस गाउँपालिकाका घरपरिवारहरुको विपन्नता स्तरीकरण 29
तालिका नं २१ :गुराँस गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघियप्रदेश सरकार स्तरीय आयोजनाहरुको विवरण/ 35
तालिका नं २२ संचालनमा रहेका विद्यमान :खानेपानी आयोजना संख्या र सेवा वितरण 36
तालिका नं २३ :संचालनमा रहेका विद्यमान खानेपानी आयोजनाबाट वितरित धाराका प्रकार तथा धारा संख्या 36
तालिका नं २४ :हाल संचालनमा रहेका खानेपानी आयोजनाबाट वितरित धाराको पानीमा इकोलाई परिक्षणको नतिजा- 37
तालिका नं २५ :गुराँस गाउँपालिकामा खानेपानीको गुणस्तर सेवास्तर अवस्था 38
तालिका नं २६ :गुराँस गाउँपालिकामा खानेपानीको परिमाण सेवास्तर अवस्था 39
तालिका नं २७ :गुराँस गाउँपालिकामा खानेपानीको पहुँच सेवास्तर अवस्था 40
तालिका नं २८ :गुराँस गाउँपालिकामा खानेपानीको विश्वसनीयता सेवास्तर अवस्था 40
तालिका नं २९ :गुराँस गाउँपालिकामा खानेपानीको समग्र सेवास्तर अवस्था 41
तालिका नं ३० आयोजनाका उपभोक्ता घरपरिवारहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत :सेवास्तर अवस्था (घरपरिवार संख्या) 42
तालिका नं ३१ खानेपानी आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवास्तर र ममस्टिगत :सेवास्तर अवस्था (% घरपरिवार) 42

परिभाषा

खानेपानी रणनीति	भन्नाले गुराँस गाउँपालिकाको "खानेपानी रणनीति २०७७-२०८७ (सन् २०२१-२०३०)" लाई सम्झनु पर्दछ ।
एस.डी.जी.	भन्नाले संयुक्त राष्ट्र संघको "दिगो विकास लक्ष्य सन् २०१६-२०३०" लाई सम्झनु पर्दछ ।
एस.डी.पी.	भन्नाले नेपाल सरकार, खानेपानी मन्त्रालयको "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ ।
नेपाल रोडम्याप	भन्नाले नेपाल सरकार, राष्ट्रिय योजना आयोगको "नेपाल: दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ ।
खानेपानी सेवा प्रदायक	भन्नाले खानेपानी आयोजना संचालन ब्यबस्थापन गर्ने उदेश्यले स्थापना भई नेपाल सरकारमा दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्था वा उपभोक्ता समूह वा निजि उद्योग वा नागरिक समाज वा समूह वा व्यक्तिहरुलाई सम्झनु पर्दछ । हाल नेपालमा खानेपानी आयोजना संचालन ब्यबस्थापनको भूमिका गर्दै आएका नेपाल खानेपानी संस्थान, खानेपानी उपभोक्ता समिति, निजि उद्योग, खानेपानी स्व-सेवा गर्ने ससाना उपभोक्ता समूह वा परिवार, आदि समेत खानेपानी सेवा प्रदायक अन्तर्गत पर्दछन ।
खानेपानी सेवास्तर	भन्नाले खानेपानी आयोजनाहरुले उपभोक्ता घरपरिवारहरुलाई उपलब्ध गराएको खानेपानीको चार तहको सेवास्तरहरु उच्च सेवास्तर, मध्यम सेवास्तर, आधारभूत सेवास्तर र निम्न सेवास्तर लाई बुझ्नु पर्दछ । खानेपानी सेवास्तर निर्धारणका सूचकहरु परिमाण, गुणस्तर, पहुच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सेवास्तर निर्धारण हुन्छ । यी चार वटै सेवा सूचकहरुको समग्र सेवास्तरलाई नै खानेपानी सेवास्तर भन्ने बुझ्नु पर्दछ । अर्थात् खानेपानी सेवास्तर भन्नाले यस खानेपानी रणनीतिमा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको समग्र खानेपानी सेवास्तर भन्ने बुझ्नु पर्दछ ।
गाविस	भन्नाले साबिक गाउँ विकास समितिलाई सम्झनु पर्दछ ।

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

तालिका नं ३२ आयोजनाका उपभोक्ता घरपरिवारहरुको समस्टिगत खानेपानी :सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु.....43
तालिका नं ३३ स्वास्थ्य संस्थाहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत :सेवास्तर अवस्था (स्वास्थ्य संस्था संख्या).....44
तालिका नं ३४ स्वास्थ्य संस्थाहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत :सेवास्तर अवस्था (%स्वास्थ्य संस्था).....44
तालिका नं ३५ स्वास्थ्य संस्थामा समस्टिगत खानेपानी :सेवास्तर अवस्था आधारभूत भन्दा निम्नस्तर हुनुका कारणहरु.....45
तालिका नं ३६ विद्यालयहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत :सेवास्तर अवस्था (विद्यालय संख्या).....46
तालिका नं ३७ विद्यालयहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत :सेवास्तर अवस्था (%विद्यालय).....46
तालिका नं ३८ विद्यालयहरुको :खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु.....47
तालिका नं ३९ :एस एन भी नेपालको सर्भेक्षण अनुसार गुराँस गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको विवरण.....47
तालिका नं ४० :अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था विवरण.....48
तालिका नं ४१ :लिङ्ग अनुसार अपांगता भएका व्यक्तिहरुको विवरण.....48
तालिका नं ४२ १० देखि ५० वर्ष उमेरका :अपांगता भएका महिलाहरुको विवरण.....49
तालिका नं ४३ :हालै सम्पन्न भएका खानेपानी आयोजनाहरुको विवरण.....49
तालिका नं ४४ :हाल निर्माणाधिन रहेका खानेपानी आयोजनाहरुको विवरण.....50
तालिका नं ४५: हाल खानेपानी आयोजना नभएका बस्तिहरुको विवरण.....50
तालिका नं ४६ पाइपलाईन :खानेपानी आयोजना नपुगेका बस्तिहरुमा जातजाति अनुसार घरपरिवार संख्या.....51
तालिका नं ४७ :गुराँस गाउँपालिकामा खानेपानी आयोजनाको निर्माण अवस्था अनुसार घरसंख्या, स्वास्थ्य संस्था संख्या र विद्यालय संख्या विवरण.....52
तालिका नं ४८ ७८/२०७७ .व.गुराँस गाउँपालिकाको आय व्यय अनुमान आ :.....61
तालिका नं ४९ गुराँस :गाउँपालिकाको खानेपानी क्षेत्रगत वार्षिक बजेट बिनियोजन विश्लेषण आ७८/२०७७ .व 62
तालिका नं ५० गुराँस गाउँपालिकाको खानेपानी रणनीतिक कार्ययोजना तथा लगानी अनुमान :.....64
तालिका नं ५१ :गुराँस गाउँपालिकाको खानेपानी रणनीति सन् २०२१२०३० कार्यान्वयन गर्न लाग्ने बार्षिक लागत प्रक्षेपण-.....73
तालिका नं ५२ खानेपानी रणनीति कार्यान्वयनको अनुगमन तथा समिक्षा :.....76

चित्रहरु

चित्र नं. १: दैलेखको विगत ३० वर्षको जलवायु प्रवृत्ति.....16
चित्र नं. २: विगत ३० वर्षको तापक्रम वृद्धि तथा वर्षाको प्रवृत्ति 16
चित्र नं .३: गुराँस गाउँपालिकाको संगठनात्मक ढांचा 33

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

१ परिच्छेद १: खानेपानी रणनीतिको परिचय

१.१ परिचय

संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य सन् २०१६-२०३० (छोटकरीमा "एस.डी.जी.") ले सन् २०३० (अर्थात् वि.सं. २०८७) सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानता मूलक पहुँच हासिल गर्ने लक्ष्य लिएको छ (लक्ष्य: ६.१) । यसको आधारमा नेपाल सरकार राष्ट्रिय योजना आयोगले नेपाल: दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७ (छोटकरीमा " नेपाल रोडम्याप") तयार गरेको छ | जस अनुसार निम्न परिणात्मक लक्ष्यहरु लिएको छ |

परिणात्मक लक्ष्यहरू र सूचकहरू		सन् २०३०
१	सुरक्षित खानेपानी प्रयोग गर्ने जनसँख्या प्रतिशत	९०
२	पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार प्रतिशत	९०
३	आधारभूत खानेपानी सेवामा पहुँच परिवार प्रतिशत	९९
४	घरपरिवारले प्रयोग गर्ने खानेपानीमा ई-कोलाइ जोखिमस्तर (प्रति १०० मिलि लिटर स्याम्पल पानीमा १ सीएफयु वा बढी भएको) परिवार प्रतिशत	१
५	धाराको पानीमा ई-कोलाइ जोखिमस्तर (प्रति १०० मिलि लिटर स्याम्पल पानीमा १ सीएफयु वा बढी भएको) परिवार प्रतिशत	१

एस.डी.जी. र नेपाल रोड़म्यापले लिएको लक्ष्य पुरा गर्नको लागि नेपाल सरकार खानेपानी मन्त्रालयले नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७ (छोटकरीमा "एस.डी.पी.") तयार गरेको छ | जसले खानेपानी आयोजनाका सेवास्तर तथा सूचकहरु बर्गिकरण गरि खानेपानी सेवास्तरको अवस्था विश्लेषण गर्न तथा लक्ष्य हासिल गर्नको लागि थप स्पस्ट मार्ग निर्देशन गरेको छ (परिच्छेद १.५) |

स्थानीय सरकार संचालन ऐन २०७४ मा गाउँपालिकाले स्थानीय स्तरको बिकासको लागि आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा आवधिक, अल्पकालीन, मध्यकालीन, र दिर्घकालिन क्षेत्रगत रणनीतिक योजना तर्जुमा गरि लागु गर्ने व्यवस्था गरेको छ | यस ऐनले गाउँपालिकालाई खानेपानीको ब्यबस्थापन तथा नियमन गर्ने निर्देशन गरे अनुसार यो खानेपानी रणनीति तयार गरिएको छ | यस खानेपानी रणनिती तयार गर्दा दिगो विकास लक्ष्य, नेपाल रोडम्याप, र एस.डी.पी. लाई मुख्य रुपमा आधार बनाइएको छ |

आर्थिक वर्ष वि.सं. २०७६/७७ मा यस गाउँपालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुको सेवास्तर सर्भेक्षण तथा खानेपानी गुणस्तर परिक्षणको तथ्यांक विश्लेषण गरि यो रणनीति तयार गरिएको छ | साथै यो रणनीति **गुराँस** गाउँपालिकाको पार्श्वचित्र २०७४, आवधिक गाउँविकास योजना २०७६/७७-२०७७/८०, बार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट बिनियोजन, गाउँपालिकाका ऐन, नियमावली तथा कार्यविधिहरुमा आधारित छ | यो रणनीति तर्जुमा गर्दा सहभागिता मुलक योजना तर्जुमा प्रक्रिया बमोजिम गाउँ सभा तथा कार्य पालिकाका

खेमराज घर्ती
(गाउँपालिका अध्यक्ष)

पदाधिकारी, कार्यालयका कर्मचारी, खानेपानी सेवा प्रदायकहरुको प्रतिनिधि, बिद्यालयका प्रतिनिधि, स्वास्थ्य संस्थाका प्रतिनिधि, दलित संस्थाका प्रतिनिधि, अपांगता भएकाहरुको संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायहरुको सहभागितामा तयार भएको हो |

सन् २०३० (वि.सं. २०८७) सम्मको गुराँस गाउँपालिकाको खानेपानीको दिगो विकास लक्ष्य निर्धारण गर्न तथा पुरा गर्नको लागि यो रणनीति तयार गरेको हो | यस रणनितीले गुराँस गाउँपालिका भित्रका घर परिवार, विद्यालय र स्वास्थ्य संस्थाहरु, महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, दलित, जनजाती, अल्पसंख्यक तथा पिछडिएका घर परिवारहरु सबैलाई खानेपानीको उच्च स्तरको सेवामा पहुच सन् २०३० सम्म सुनिस्चित गरेको छ | यस रणनीति कार्यान्वयन गर्नका लागि रणनीतिक कार्ययोजना तथा वार्षिक प्राथमिकता मापदण्ड अनुसार खानेपानी आयोजनाहरुको छनौट तथा प्राबिधिक सर्भेक्षण गरि वार्षिक बिस्तृत खानेपानी योजना तयार गरिनेछ | साथै गाउँपालिकाको खानेपानी विकास तर्फको बार्षिक नीति तथा कार्यक्रम र बजेट बिनियोजन गर्नमा यस रणनीतिलाई आधार बनाइने छ | यस रणनीति कार्यान्वयनको बार्षिक मुल्यांकन तथा प्रगति समिक्षा गरि खानेपानी रणनीतिको कार्ययोजना अनुसार प्रत्येक बर्षको खानेपानी विकास योजना तयार गरिनेछ |

१.२ परिकल्पना

नेपालको संबिधान, एस.डी.जी., नेपाल रोडम्याप, एस.डी.पी., स्थानीय सरकार संचालन ऐन तथा अन्य नेपाल सरकारका नीति निर्देशिकाहरुको आधारमा यस गुराँस गाउँपालिकाले महिला, पुरुष, यौनिक अल्पसंख्यक, वाल वालिका, युवा, अपांगता भएका व्यक्ति, दलित, जनजाती, अल्पसंख्यक तथा पिछडिएका घर परिवारहरु सबैलाई सन् २०३० सम्ममा निजि धारा, चौबिसै घण्टा उपलब्ध, सुरक्षित् तथा पर्याप्त पानी सहितको उच्च स्तरको खानेपानीको सेवामा पहुच पुराउने परिकल्पना गरेको छ | साथै सबै घरपरिवार, विद्यालय, स्वास्थ्य संस्था, सार्बजनिक स्थलहरुमा सबै समयमा उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने परिकल्पना गरेको छ | उच्च स्तरको खानेपानी सेवाबाट गाउँपालिका क्षेत्रका कोहि पनि नछुट्ने यस रणनीतिले परिकल्पना गरेको छ |

१.३ उदेश्य

यस रणनीतिका परिकल्पनाहरु हासिल गर्नका लागि देहाय अनुसारका खानेपानी सेवा विस्तारका उदेश्यहरु यस रणनीतिमा मुख्य रुपमा समाबेश गरिएको छ |

- हाल खानेपानी सेवा नपुगेकालाई पुराउने: हाल खानेपानी सेवा स्तर आधारभूत भन्दा तल रहेका घरपरिवार, स्वास्थ्य संस्था र बिद्यालयहरुलाई पहिलो प्राथमिकताका साथ आधारभूत वा माथिल्लो स्तरको खानेपानी सेवा पुराउने |
- खानेपानी सेवा स्तर वृद्धि गरि सबैलाई उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने |
- खानेपानी आयोजनाहरुको खानेपानी सेवा संचालन ब्यवस्थापन गरि सबैलाई अटुट उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने |
- एक घर एक धारा: सबै घर परिवारहरुलाई निजि धारा उपलब्ध गराउने |

खमराज पोखरेल
(गाउँपालिका अध्यक्ष)

- स्वास्थ्य संस्था, बिद्यालय र सार्बजनिक स्थलहरुमा उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने |
- कोहि पनि छुट्ने छैन: खानेपानीको सेवा स्तर उन्नति गर्दा महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, दलित, जनाजति, अल्पसंख्यक, पिछडिएका वर्ग तथा व्यक्ति कोहि पनि छुट्ने छैन |

१.४ सिद्धान्त

गुराँस गाउँपालिकाका सबैलाई उच्च स्तरको खानेपानी सेवा पुराउने लक्ष हासिल गर्नका लागि यस रणनीति कार्यान्वयन गर्दा निम्न सिद्धान्तहरु अबलम्बन गरिने छन् |

१. समावेशी सहभागिता र खानेपानीमा पहुँच: खानेप्रानीको सेवास्तर वृद्धि गर्ने कार्य गर्दा समावेशी निर्णय प्रक्रिया अबलम्बन गरि कोहि पनि व्यक्ति वा वर्ग नछुट्ने गरि सबैलाई खानेपानीको पहुच हुने गरि कार्यक्रम कार्यान्वयन गरिनेछ | देहाय अनुसारका व्यक्ति वा वर्गहरु नछुट्ने गरि कार्यक्रमहरु कार्यान्वयन गरिनेछ |

- महिला, पुरुष, यौनिक अल्पसंख्यक, बालबालिका, खानेपानी सेवाबाट बन्चितमा परेका घरपरिवारहरु
- सबै जातीय र सबै धार्मिक समुदायहरु
- अपाङ्गता भएका व्यक्तिहरु
- बिपन्न आर्थिक स्तरका घरपरिवारहरु जो खानेपानी आयोजनाको सेवास्तर उन्नति कार्यक्रममा आबस्यक औषत आर्थिक योगदान गर्न असक्षम् छन्
- दलित, जनजाती, अल्पसंख्यक, जोखिममा रहेका घरपरिवारहरु

२. पारदर्शी र सुशासन: यस रणनीति कार्यान्वयन गर्दा पारदर्शिता र सुशासनलाई अबलम्बन गरिनेछ |

३. दिगोपना र लचकता: यस रणनीति कार्यान्वयन गर्दा आयोजनाको वातावरणीय, सामाजिक, प्राबिधिक, आर्थिक, संस्थागत दिगोपना तथा लचकतालाई विशेष ध्यान दिइने छ |

१.५ परिभाषा: खानेपानी सेवा स्तर

नेपाल सरकार खानेपानी मन्त्रालयले तयार गरेको नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७ (एस.डी.पी.) ले खानेपानीको परिमाण, गुणस्तर, पहुँच, र विश्वसनीयताको आधारमा खानेपानी आयोजनाको सेवास्तर बर्गिकरण गरेको छ | यसरि खानेपानी आयोजनाले उपलब्ध गराएको सेवास्तरलाई निम्न सेवास्तर, आधारभूत सेवास्तर, मध्यम सेवास्तर र उच्च सेवास्तरमा बिभाजन गरिएको छ | एस.डी.पी. को मापदण्ड अनुसार खानेपानी आयोजनाको सेवास्तर सूचकहरुलाई निम्न अनुसार निर्धारण गरिएको छ |

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

गुणस्तरको आधारमा खानेपानी सेवास्तर बर्गिकरण

सूचक	खानेपानी गुणस्तर सेवास्तर			
	निम्न	आधारभूत	मध्यम	उच्च
गुणस्तर परिक्षण	राष्ट्रिय खानेपानी गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्दैन वा परिक्षण गरेको छैन	राष्ट्रिय खानेपानी गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्छ	राष्ट्रिय खानेपानी गुणस्तर मानक पुरा गर्छ	राष्ट्रिय खानेपानी गुणस्तर मानक पुरा गर्छ

परिमाणको आधारमा खानेपानी सेवास्तर बर्गिकरण

सूचक		खानेपानी परिमाण सेवास्तर			
		निम्न	आधारभूत	मध्यम	उच्च
परिमाण	लि. प्र. व्य. प्र. दि.	२५-४५	४५-६५	६५-१००	१००-१५०
		वा			
	स्वच्छता	आधारभुत व्यक्तिगत र खाद्य स्वच्छता सम्भव नभएको (जब सम्म मुहानमै अभ्यास गरिँदैन)	सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सम्भव हुने कपडा धुन र नुहाउन अपुग	सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित भएको; कपडा धुन र नुहाउन पनि सुनिश्चित हुने	सबै स्वच्छताका आवश्यकता हरू पुरा हुने

पहुँचको आधारमा खानेपानी सेवास्तर बर्गिकरण

सूचक	खानेपानी पहुँच सेवास्तर			
	निम्न	आधारभूत	मध्यम	उच्च
पहुँच (Accessibility)	२५% भन्दा कम उपभोक्ताले निजी धारा जडान गरेको	२५% भन्दा बढी उपभोक्ताले निजी धारा जडान गरेको	१००% उपभोक्ताले निजी धारा जडान गरेको	१००% उपभोक्ताले निजी धारा जडान गरेको

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

उपभोक्ताले खानेपानी संकलन गर्ने धारामा उपलब्ध खानेपानी सेवा स्तर		निम्न सेवा स्तर	आधारभूत सेवा स्तर	मध्यम सेवा स्तर	उच्च सेवा स्तर
सेवा स्तर सूचक	उप सूचक				
			[४५-६५ लि./व्य./दि.]	लि./व्य./दि.]	
पहुँच	घर देखि पानी संकलन गर्ने धारा सम्मको दुरी (नाप लिने)	घर देखि सामुदायिक धाराको दुरी > १५० मिटर	घर देखि सामुदायिक धाराको दुरी ≤ १५० मिटर	घरमा निजि धारा जडान	घरमा निजि धारा जडान
विश्वसनीयता	धारामा दैनिक पानी आउने समय (घण्टा प्रति दिन)	< ८ घण्टा प्रति दिन	८ – ११ घण्टा प्रति दिन	१२ – २३ घण्टा प्रति दिन	२४ घण्टा प्रति दिन
	धारामा पानी सेवा रुकावट हुने आवृत्ति (गत १२ महिनामा)	> १ रुकावट प्रति महिना	≤ १ रुकावट प्रति महिना	≤ १ रुकावट प्रति ३ महिना	≤ १ रुकावट प्रति वर्ष
	रुकावट भएको पानी सेवा फेरी सुचारु हुन लागेको सबै भन्दा बढी समय (गत १२ महिनामा)	एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको > २ दिन	एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको ≤ २ दिन	एक पटक पानी सेवा रुकावट हुँदा बढीमा पानी सेवा रुकावट भएको ≤ १ दिन	

माथिका सूचक तथा उपसूचकहरु प्रयोग गरि प्रत्येक धाराबाट उपलब्ध भएको खानेपानी सेवास्तरको आधारमा त्यस धाराको खानेपानी सेवास्तर निर्धारण गरिनेछ | आयोजनाको खानेपानी सेवास्तर निर्धारण गर्दा सबै भन्दा निम्न सेवास्तर भएको धारालाई आधार मानिने छ | सबैभन्दा न्युन स्तरको सेवा उपलब्ध भएको धाराको सेवास्तर नै त्यस आयोजनाको सेवास्तर निर्धारण हुनेछ | सेवास्तर वृद्धि गर्नको लागि त्यस आयोजनाले उक्त धाराको सेवास्तर वृद्धि गर्नु पर्ने हुन्छ | साथै, चार वटा सूचक अनुसारका सेवास्तरहरु: परिमाण सेवा स्तर, गुणस्तर सेवा स्तर, पहुच सेवा स्तर र विश्वसनीयता सेवा स्तरहरु मध्ये सबै भन्दा निम्न रहेको सेवा स्तर नै समग्र सेवास्तर हुनेछ |

यस रणनीति कार्यान्वयन गर्दा प्रयोग हुने खानेपानी सेवास्तरका समाबेशी सूचकहरु

निम्न अनुसारका खानेपानी समाबेशी सेवास्तर सूचकहरु खानेपानी रणनीति कार्यान्वयन गरि सेवास्तर उन्नति गर्दा प्रयोग गरिनेछ | खानेपानीको समग्र सेवास्तर वृद्धि गरि आयोजनाको खानेपानी सेवास्तर आधारभूत, मध्यम र उच्चमा पुराउनको लागि तलको तालिकामा प्रस्तुत गरिएको अपांगता भएका व्यक्तिहरुको लागि सेवास्तर र

खुमराज ओली
(गाउँपालिका अध्यक्ष)

यस रणनीति तर्जुमा गर्दा प्रयोग भएका खानेपानी सेवास्तरका सूचक तथा उपसूचकहरु

यस रणनीति तर्जुमा गर्दा खानेपानी सेवास्तर सूचक र उपसुचकहरुको निर्धारण तथा विश्लेषण निम्न तालिकामा उल्लेख भए अनुसार गरिएको छ जुन मुख्य रुपमा एस.डी.पी ले परिभाषित गरेको खानेपानी सेवास्तर सूचक तथा उपसुचकमा आधारित छ|

तालिका नं. १: खानेपानी सेवास्तर विश्लेषणमा प्रयोग भएका खानेपानी सेवास्तर सूचक तथा उपसूचकहरु

उपभोक्ताले खानेपानी संकलन गर्ने धारामा उपलब्ध खानेपानी सेवा स्तर		निम्न सेवा स्तर	आधारभूत सेवा स्तर	मध्यम सेवा स्तर	उच्च सेवा स्तर
सेवा स्तर सूचक	उप सूचक				
गुणस्तर	पानी संकलन गर्ने धाराको पानीको गुणस्तर (परिक्षण गर्ने)	इ-कोलाई >0 सिएफयु/ १०० मि.लि., वा आर्सेनिक>०.०५ मि.ग्रा./लिटर	इ-कोलाई ≤0 सिएफयु/१०० मिलिलिटर र आर्सेनिक ≤०.०५ मि.ग्रा. /लिटर (भूमिगत खानेपानीको श्रोतको लागि मात्र)		
	पानीको श्रोतको प्रकार	असंरक्षित् श्रोत	संरक्षित् मुहान वा प्रशोधन सहितको असंरक्षित् श्रोत		
परिमाण	परिवारको लागि आबश्यक दैनिक पानीको परिमाणको प्रयाप्तता मापन (लिटर प्रति दिन प्रति व्यक्ति परिमाणको प्रतिनिधित्व गर्ने सूचक)	निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: • पिउने र खान पकाउने (२५-४४ लि./व्य./दि.)	निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: • पिउने र खाना पकाउने • सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने)	निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: • पिउने र खाना पकाउने • सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने) • नुहाउने • लुगा धुने [६५–१००	निम्न लिखित सबै कामको लागि खानेपानी पर्याप्त भएको घरपरिवारको भनाइ: • पिउने र खाना पकाउने • सरसफाई (घर तथा शौचालय) + आधारभूत स्वच्छता (शौचालय प्रयोग, हात धुने) • नुहाउने • लुगा धुने • करेसाबारी/बगैचा र वस्तु पालन [>१०० लि./व्य./दि.]

खेम राज ओली
(गाउँपालिका अध्यक्ष)

विश्वसनीयताको आधारमा खानेपानी सेवास्तर वर्गीकरण

सूचक		खानेपानी विश्वसनीयता सेवास्तर			
		निम्न	आधारभूत	मध्यम	उच्च
विश्वसनीयता (Reliability) (सबै उपसुचकहरु पुरा हुनु पर्ने)	वितरण अवधि (घण्टा प्रति दिन)	८ घण्टा भन्दा कम	८ घण्टा (अधिक माग समयमा)	१२ घण्टा (दिनको समयमा)	२४ घण्टा (चौबीसै घण्टा)
	निरन्तरता	एक महिनामा एक पटक भन्दा बढी रुकावट हुने	एक महिनामा एक पटक सम्म रोकावट हुने	तीन महिनामा एक पटक सम्म रोकावट हुने	१२ महिनामा एक पटक सम्म रोकावट हुने
	लचकता	अवरुद्ध सेवा २ दिनमा सुचारु नहुने	अवरुद्ध सेवा २ दिनमा सुचारु हुने	अवरुद्ध सेवा १ दिनमा सुचारु हुने	अवरुद्ध सेवा १ दिनमा सुचारु हुने

१.६ खानेपानी सेवा स्तर सर्भेक्षण

एस.एन.भी. नेपालको सहयोगमा गुराँस गाउँपालिकामा खानेपानीको सेवा स्तर सर्भेक्षण भएको हो | यस सर्भेक्षणमा "एक्वोफ्लो मोबाइल याप" को प्रयोग गरि गाउँपालिकाका सबै विद्यमान खानेपानी आयोजनाहरुका सबै धाराहरुको खानेपानी सेवा स्तर तथ्यांक संकलन गरिएको छ | यो सर्भेक्षण पौष २०७६ देखि आश्विन २०७७ सम्म गरिएको थियो | यस सर्बेक्षणमा सबै संचालित खानेपानी आयोजनाहरुका सबै धाराहरुको खानेपानी सेवा स्तरका सूचक तथा उप सूचकहरुको तथ्यांक संकलन भएको छ | साथै संचालनमा रहेका सबै धाराहरुको जी.पी.एस. अवस्थिति रेकर्ड भएको छ | यस सर्बेक्षणमा प्रत्येक आयोजनाका नमुना धाराको पानी गुणस्तर परिक्षणको लागि संकलन गरि इ-कोलाई परिक्षण गरिएको छ | प्रत्येक खानेपानी आयोजनाका १ देखि ३ वटा धाराको पानी परिक्षण गरिएको छ | पानी गुणस्तर परिक्षणको लागि नमुना धाराको छनौट गर्दा सबैभन्दा बढी प्रदुषण हुन सक्ने सम्भावना भएको धारालाई छनौट गरिएको छ | आयोजनाको पानी संकलन टंकीबाट सबैभन्दा टाढाको धारा अर्थात् वितरण पाइपलाइनको सबैभन्दा पुछारको धाराको पानीमा सबैभन्दा बढी प्रदुषण हुने सम्भावना भएकोले प्रत्येक आयोजनाको सबैभन्दा भन्दा लामो वितरण लाइन भएको धाराको पानीको सेम्पल गुणस्तर परिक्षणको लागि लिइएको छ | यदि यस्तो पुछारको धाराको वितरण पाइपलाइनको लम्बाई ५ कि.मी. भन्दा लामो भएमा वा फरक वितरण पाइपलाइन शाखा भएमा वा पानी संकलन टंकी फरक भएमा त्यस्ता आयोजनामा १ भन्दा बढी सेम्पल लिईएको छ | यस्ता धाराहरुको पानीको सेम्पल संकलन गरेर ६ घण्टा भित्रमा नजिकमा अस्थायी स्थापना गरिएको पानी परिक्षण प्रयोगशालामा लगि परिक्षण गरिएको छ | सम्बन्धित वडामा वा नजिकको नियमित विद्युत पावर उपलब्ध हुने स्थानमा पानी परिक्षण प्रयोगशाला स्थापना गरि "हाइजियना खानेपानी गुणस्तर परिक्षण किट" को प्रयोग गरि धाराको पानीमा इ-कोलाई परिक्षण गरिएको छ | यसरि "हाइजियना पोर्टेबल किट" को प्रयोगबाट धाराको पानीको गुणस्तर परिक्षण गरि प्रति १०० मि.लि. सेम्पल पानीमा इ-कोलाई सी.एफ.यु. को संख्या गणना गरिएको छ |

खुमराज ओली
(गाउँपालिका अध्यक्ष)

अल्पसंख्यक र बन्चितमा परेकाहरुको सेवास्तर समेत वृद्धि गर्नु पर्नेछ | यसरि यी दुई वटा समाबेशी सूचकहरु समेतको सेवास्तरले आयोजनाको खानेपानी समग्र सेवा स्तर निर्धारण हुनेछ |

तालिका नं. २: खानेपानी रणनीति कार्यान्वयन गर्दा प्रयोग हुने समावेशी खानेपानी सेवास्तर सूचकहरु

समाबेशी खानेपानी सेवा स्तर सूचक	निम्न सेवा स्तर	आधारभूत सेवा स्तर	मध्यम सेवा स्तर	उच्च सेवा स्तर
अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच	अपांगता भएको व्यक्तिको लागि उपयुक्त बाटो समेत नभएको	अपांगता भएको व्यक्तिको लागि उपयुक्त बाटो भएको तर रयाम्प नभएको	अपांगता भएको व्यक्तिको लागि बाटो, रयाम्प र स्पर्श टायल भएको तर समाउने ह्यान्ड रेलिंग नभएको	अपांगता भएको व्यक्तिको लागि बाटो, रयाम्प, स्पर्श टायल र समाउने ह्यान्ड रेलिंग भएको
अल्पसंख्यक र बन्चितमा परेका घरपरिवारका लागि खानेपानीको पहुँच	खानेपानी संकलन गर्ने धारा दलित वा अल्पसंख्यकको घरबाट >१५० मिटर टाढा	खानेपानी संकलन गर्ने धारा दलित वा अल्पसंख्यकको घरबाट ≤१५० मिटर टाढा	दलित वा अल्पसंख्यकको घर परिसरमा खानेपानीको निजि धारा रहेको	दलित वा अल्पसंख्यकको घर परिसरमा खानेपानीको निजि धारा रहेको

२ परिच्छेद २: गाउँपालिकाको प्रोफाइल

२.१ गाउँपालिकाको सम्क्षिप्त परिचय

दैलेख जिल्लाको पर्यटकीय स्थलको रुपमा रहेको गुराँस गाउँपालिका, कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट २५ कि.मि.को दुरीमा रहेको छ । तत्कालिन वराह, सेरी, खड्कवाड, गोगनपानी, पिलाडि, लालिकाँडा गा.वि.स.हरुलाई जोडेर हालको गुराँस गाउँपालिकाको निर्माण गरिएको हो । झट्ट हेर्दा नेपालको नक्शा जस्तो देखिने गुराँस गाउँपालिका समुन्द्री सतहबाट सवैभन्दा कम ५४४ मिटरमा रहेको वडा नं. २ स्थित तल्लो डुङ्गेश्वर प्रसिद्ध कर्णाली नदीको किनारमा कर्णाली राजमार्गमा अवस्थित छ । भने सवैभन्दा वढी उचाई रहेको भूभाग वडा नं.७ स्थित मालिका कोप्ची जाजरकोट जिल्लाको सिमानामा रहेको छ । करिब १६४.७८ वर्ग किलोमिटर क्षेत्रफल रहेको गुराँस गाउँपालिका व्यवसायीक आलु तथा तरकारी उत्पादन र पर्यटनको कारणले प्रख्यात रहेको छ । यस गाउँपालिकामा गुराँस फुलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायीक र मनोरञ्जनको उदेश्यले वर्षेनी हजारौ आन्तरिक र बाह्य पर्यटकहरु आउने गर्दछन् । यहाँको बार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्धारको रुपमा रहेको गुराँस गाउँपालिका ब्यबसायिक कृषि, पशुपंक्षि, वन, जडीबुटी, पर्यटन तथा अन्य साना उद्योगहरुको लागि उपयुक्त स्थान रहेको छ | (गुराँस गाउँपालिकाको वेवसाइट)

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

२.२ गाउँपालिकाको भौगोलिक अवस्था

२.२.१ भौगोलिक अवस्थिति

राजनितिक हिसाबले दैलेखका ११ वटा स्थानीय तहहरु मध्ये जिल्लाको प्रतिनिधि सभा निर्बाचन क्षेत्र नं. १ अन्तर्गत यो गाउँपालिका पर्दछ | विश्व मानचित्रमा यस गाउँपालिकाको फैलावट २८ डिग्री ३० मिनेट ५४ सेकेन्ड उत्तर देखि २८ डिग्री ४४ मिनेट १२ सेकेन्ड उत्तरी अक्षांश सम्म र ८१ डिग्री १८ मिनेट ४३ सेकेन्ड पूर्व देखि ८१ डिग्री ३७ मिनेट ४ सेकेन्ड पुर्बी देशान्तर सम्म रहेको छ | समुद्री सतह बाट ५६० मिटर देखि २७४० मिटर सम्मको उचाईमा रहेको यस गाउँपालिकाको क्षेत्रफ़ल् १६४.७८ वर्ग किलोमिटर रहेको छ | (श्रोत: नेपाल सरकारको जिआईएस् नक्सा)

गुराँस गाउँपालिकाको पुर्व र दक्षिणमा सुर्खेत जिल्ला पर्दछ, पश्चिममा अछाम जिल्ला र उत्तरमा दुल्लु नगरपालिका, डुंगेश्वर गाउँपालिका र भगवतीमाई गाउँपालिका पर्दछन | (श्रोत: गुराँस गाउँपालिकाको वेवसाइट)

२.२.२ क्षेत्रफ़ल

दैलेख जिल्लाको साबिकका ६ वटा गाउँ विकास समितिहरु खड्कावाडा, बराह, सेरी, गोगनपानी, पिलाडी, लालीकाँडा गाबिसका जम्मा ५४ वटा वडाहरु मिलेर यो गाउँपालिका बनेको छ | गुराँस गाउँपालिकाका वडाहरुको भौगोलिक संरचना तथा क्षेत्रफ़ल निम्न अनुसार रहेको छ |

तालिका नं ३: गुराँस गाउँपालिकाको वडागत क्षेत्रफ़ल् विवरण

गुराँस गाउँपालिकाको वडा नं.	साबिक गाविस/नगरपालिका वडाहरु	क्षेत्रफल (वर्ग कि.मी.)
१	खड्कावाडा(४,७,८,९)	१७.७५
२	खड्कावाडा (१,२,३) र बराह (८,९)	१०.३५
३	खड्कावाडा (५,६),बराह (६,७) र सेरी (१-५)	१३.९७
४	बराह (१-५) र सेरी (६-९)	२२.६७
५	गोगनपानी(१ - ९)	३०.३७
६	पिलाडी(१ - ९)	२२.५५
७	लालिकाँडा(५ - ९)	३२.७८
८	लालिकाँडा(१ - ४)	१४.३४
जम्मा		१६४.७८

श्रोत: स्थानीय निकायको जिआइएस् नक्सा, सड्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

२.२.३ वर्तमान भूउपयोग

गुराँस गाउँपालिकाको क्षेत्रफ़ल् १६ ४७८ हेक्टर अर्थात् १६४.७८ वर्ग किलो मिटर रहेको छ | जसमा कृषि योग्य जमिनको क्षेत्रफ़ल् ७,८३८ हेक्टर, बन क्षेत्र ७,५५२ हेक्टर, चरण क्षेत्र १,०२६ हेक्टर रहेको छ, भने नदि नाला,

धनराज ओली
(गाउपालिका अध्यक्ष)

ताल तलाउ आदिले ओगटेको भू-भाग क्षेत्र ६२ हेक्टर रहेको छ | यस गाउँपालिकाको भू-उपयोगलाई निम्न अनुसार प्रस्तुत गरिएको छ |

तालिका नं ४: गुराँस गाउँपालिकाको भू-उपयोग अवस्था

क्र.सं.	विवरण	क्षेत्रफल् (हेक्टर)	प्रतिशत
१	कृषि क्षेत्र	७,८३८	४७.६
२	बन क्षेत्र	७,५५२	४५.८
३	चरण क्षेत्र	१,०२६	६.२
४	खोलानाला, ताल तलैया	६२	०.४
	जम्मा	१६,४७८	१००.०

श्रोत: नेपाल सरकारको जीआईएस नक्सा

२.२.४ नदि, खोला तथा ताल तलैया


जल सम्पदाको हिसाबले गुराँस गाउँपालिकाका केहि वडाहरु सम्पन्नशालि मानिन्छन | नेपालको मुख्य र बहुआयामिक राष्ट्रिय महत्व बोकेका नदिहरु मध्यको एक कर्णाली नदि यस गाउँपालिकाको पश्चिम सिमाना भएर बगेको छ | कर्णाली नदीका सहायक खोलाहरु लोहोरे खोला, सिस्नेरी खोला, लामातारा खोला, कोप्चे खोला, काले खोला, भित्रि खोला, चोर खोला, पराजुल खोला, रति खोला आदि ठुला साना खोलाहरु यस गाउँपालिका क्षेत्र बाट बग्दछन | कर्णाली नदीको उप जलाधार क्षेत्रमा पर्ने यस गाउँपालिकामा औशत वार्षित १५०० मिमि वर्षात हुन्छ | तैपनि यस गाउँपालिकाका केहि वडाहरु तल्लो महाभारत पर्बतका अग्ला पहाडहरुमा पर्ने र यस्ता अग्ला भागहरुमा बस्ति रहेकाले खानेपानीको लागि पानीको उपयुक्त प्राबिधिक बिकल्पहरुको प्रयोग गर्नु पर्ने देखिन्छ |

२.२.५ जलवायु तथा जलवायु परिवर्तनको जोखिम


जलवायु परिवर्तनका दृष्टिकोणले दैलेख जिल्ला अति प्रभावित जिल्लाको रुपमा रहेको छ । जिल्ला स्तरीय छलफल तथा प्रारम्भिक कार्यशाला गोष्ठीका सहभागीहरुले पनि यहाँ जलवायुको प्रत्यक्ष असर परेका अनुभवहरु आदान प्रदान गरेका थिए । साथै दैलेख जिल्लाका कर्णाली नदि उपजलाधार क्षेत्रहरुमा आशा प्रोजेक्टले गरेको सर्भेक्षणमा यस क्षेत्रका समुदायहरुले जलवायुपरिवर्तन प्रत्यक्ष रुपमा महसुस गरेको तथा यसबाट कृषि लगायत विभिन्न क्षेत्रहरुमा पारेको प्रभावहरुको अनुभव सहितका उदाहरणहरु छलफलहरुमा सरोकारवालाहरुले प्रस्तुत गरेका थिए । स्थानीयस्तरमा भएका छलफल, सहभागितामूलक रुपमा तयार गरिएका मौसमी पात्रो तथा समयरेखाहरु मार्फत यस दैलेख जिल्लाका कर्णाली उपजलाधार क्षेत्रमा जलवायु परिवर्तन उल्लेख्य रुपमा भएको देखिएको छ । सन १९८६ देखि २०१३ सम्मको वर्षा तथा तापक्रमको तथ्यांकहरु विश्लेषण गर्दा जिल्लास्तरमा वर्षा हुने महिनाहरु क्रमशः पछि सर्दै गएको तथा तापक्रम क्रमशः बढेको देखिन्छ ।

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

यस जिल्लाको वार्षिक औसत तापक्रम २५ डिग्री देखि ३५ डिग्री सेन्टिग्रेड सम्म रहेको छ । यस गाउँपालिकामा जलवायू मापनको छुट्टै स्टेसन नभएकोले जिल्लास्तरमा प्राप्त तथ्यांकहरुको विश्लेषणबाट प्राप्त विवरणलाई प्रस्तुत गरिएको छ ।



चित्र नं. १: दैलेखको विगत ३० वर्षको जलवायु प्रवृत्ति



चित्र नं. २: विगत ३० वर्षको तापक्रम वृद्धि तथा वर्षाको प्रवृत्ति

श्रोतः दैलेख जिल्लामा समुदायहरुसंग आशा प्रोजेक्टले तयार गरेको मौसमी पात्रो, स्थानीय अनुकूलन कार्ययोजना (आ.व.२०७४/७५–२०७६/७७)

माथिको चित्रमा सन १९९० देखि २०१३ सम्मको जिल्लाको तापक्रम तथा वर्षाको समग्र प्रवृत्ति प्रस्तुत गरिएको छ । जस अनुसार १९९० मा अधिकतम तापक्रम करिब २४ डिग्री सेन्टग्रेड रहेकोमा २०१३ मा २६ डिग्री सेन्टग्रेड

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

भन्दा माथि रहेको देखिएको छ । त्यस्तै न्युनतम तापक्रम पनि करिब ११.३० डिग्री सेन्टग्रेडबाट बढेर १३.३० डिग्री सेन्टग्रेडमा पुगेको देखिन्छ । वर्षाको मात्रामा प्रष्ट उतारचढाव देखिएको र समग्रमा वार्षिक पानीको मात्रा कम हुदै गएको देखिन्छ । स्थानीयस्तरका सचेतना अभिवृद्धी तथा योजना तर्जुमा कार्यक्रमहरुका सहभागिहरुले खडेरीका दिनहरु बढ्दै गएको तथा तापक्रम बढेको कुरा समयरेखा मार्फत व्यक्त गरेकोले वैज्ञानिक तथा सहभागितामुलक दुबै विधिबाट विश्लेषण गर्दा पनि जलवायू परिवर्तन क्रमशः भैरहेको देखिएको छ । गाउं सङ्कटासन्नता तथा अनुकूलन क्षमता लेखाजोखाका लागि भौगोलिक सूचना प्रणाली तथा सहभागितामूलक परिदृष्य विकासको समेत प्रयोग गरी सहभागितामूलक विधिहरु प्रयोग गरिएको छ । यस क्षेत्रमा विगत ३० वर्षको अन्तरालमा मौसममा देखिएका परिवर्तन तथा बालीको समयमा निम्नानुसार फरक देखिएको छ ।

तालिका नं. ५: दैलेख जिल्लाका कर्णाली उपजलाधार क्षेत्रको सहभागितात्मक मौसमी पात्रो

सम्मुखता को क्षेत्र	सूचकहरु	समय	बैशाख	जेष्ठ	असार	श्रावण	भाद्र	असोज	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुण	चैत्र	समयमा देखिएको परिवर्तन(घटबढ)	मान (१-४)
वर्षा तथा यसको स्वरुप	मनसुन बर्षा	पहिले													३ महिनाले घटेको तर पानि अहिले धेरै पर्ने गरेको	४
		अहिले														
	हिउँदे बर्षा	पहिले													१ महिनाले घटेको र १ महिना पछि सरेको	४
		अहिले														
	हिमपात	पहिले													हिउँ अहिले छैन	२
		अहिले														
	तुसारो	पहिले													१ महिनाले बढेको,बोट बिरुवा सुक्ने गरेको	३
		अहिले														
तापक्रम	गर्मिका दिनहरु	पहिले													१.५ महिनाले बढेको	४
		अहिले														
	जाडोका दिनहरु	पहिले													२ महिनाले घटेको	४
		अहिले														
विरुवाको व्यवहार	बालीमा फुल लाग्ने समय	पहिले													आरु २ महिना अगाडी फुल्छ	४
		अहिले														
	बालीमा फुल पाक्ने समय	पहिले													१ महिनाले अघि सरेको	४
		अहिले														
प्रकोपको स्वरुप	बाढी/ पहिरो	पहिले													पानी पर्ने समयमा परिवर्तन नभएको तर मुसलधारे पानि पर्ने गरेको	४
		अहिले														
जिविकोपार्जनका क्रियाकलाप	स्थानिय धान छर्ने	पहिले													१ महिना पछि सरेको	३
		अहिले														
	धान काट्ने	पहिले													काट्ने समयमा परिवर्तन छैन	३
		अहिले														

खेमराज आलि
(गाउँपालिका अध्यक्ष)

सम्मुखता को क्षेत्र	सूचकहरु	समय	बैशाख	जेष्ठ	असार	श्रावण	भाद्र	असोज	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुण	चैत्र	समयमा देखिएको परिवर्तन(घटबढ)	मान (१-४)
भौतिक श्रोतको जानकारी	पानीको मूल फुट्ने	पहिले													मुहान फुट्छ तर सङ्ख्या घटेको छ	४
		अहिले														

श्रोतः दैलेख जिल्लाका समुदायहरुसंग आशा प्रोजेक्टले तयार गरेको मौसमी पात्रो, स्थानीय अनुकूलन कार्ययोजना (आ.व.२०७४/७५–२०७६/७७)

बिगतमा प्राकृतिक प्रकोपबाट भएको क्षतिः

यस गाउँपालिकामा बिगतका वर्षहरुमा प्राकृतिक प्रकोपहरु जस्तै नदि कटान, डुबान, पहिरो, आगलागी, भूकम्प, महामारी, शितलहर आदिबाट क्षति भएको देखिन्छ। गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४ मा लिएको घरधुरी सर्भेक्षण अनुसार यस गाउँपालिकामा बिगतका वर्षहरुमा प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ६: गुराँस गाउँपालिकामा बिगतका वर्षहरुमा प्राकृतिक प्रकोपबाट भएको क्षति विवरण

क्षतिको विवरण		बाढी		पहिरो		आगलागी	
		संख्या	रकम (रु हजार)	संख्या	रकम (रु हजार)	संख्या	रकम (रु हजार)
मानबिय	क्षति	२		११		३	
	अंगभंग	३		०		१	
घर गोठ		८	३०००	१७	१८९	५	४४५
पशु पंक्षी		२	१९			१	१५
बाली			३०१		१८०		
जग्गा जमिन		३८	१४१२	१५	१५६०		

क्षतिको विवरण		भूकम्प		महामारी		शितलहर		अन्य	
		संख्या	रकम (रु हजार)	संख्या	रकम (रु हजार)	संख्या	रकम (रु हजार)	संख्या	रकम (रु हजार)
मानबिय	क्षति	०				२		१	
	अंगभंग	१				०		१	
घर गोठ		१०	२३९०					१	५००
पशु पंक्षी				३	५७			१	३५
बाली						१	५०		

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

२.३ गाउँपालिकाको जनसंख्या बनौट

२.३.१ वडा अनुसार घरधुरी तथा जनसंख्या

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार गुराँस गाउँपालिकामा ४०९६ घरधुरी र २२०३३ जनसंख्या रहेको छ भने गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४ अनुसार गाउँपालिकामा ३९७८ घरधुरी र २३७२५ जनसंख्या रहेको देखिन्छ | यस गाउँपालिकाको वडा अनुसारको घरधुरी संख्या तथा जनसंख्या विवरण देहाय बमोजिम रहेको छ | (तालिका ७)

तालिका नं ७: गुराँस गाउँपालिकाको वडाअनुसार जनसंख्या विवरण

वडा नं.	परिवार संख्या	जनसंख्या				परिवारका औषत आकार	लैंगिक अनुपात (पु/म)
		पुरूष	महिला	यौनिक अल्पसंख्यक	कुल जम्मा		
१	४३६	१,१४३	१,२०६	०	२,३४९	५.४	९४.८
२	५१७	१,२२८	१,४२६	०	२,६५४	५.१	८६.१
३	५२८	१,२०५	१,३९६	०	२,६०१	४.९	८६.३
४	६८४	१,६७३	१,७६८	०	३,४४१	५.०	९४.६
५	६५७	१,५४३	१,६७७	०	३,२२०	४.९	९२.०
६	५०४	१,५५२	१,५६३	०	३,११५	६.२	९९.३
७	३८७	१,१६८	१,१४८	०	२,३१६	६.०	१०१.७
८	३८३	१,१६३	१,१७४	०	२,३३७	६.१	९९.१
कुल जम्मा	४,०९६	१०,६७५	११,३५८	०	२२,०३३	५.४	९४.०

श्रोत: नेपालको राष्ट्रिय जनगणना २०६८

वडा नं.	परिवार संख्या	जनसंख्या				परिवारका औषत आकार	लैंगिक अनुपात
		पुरूष	महिला	यौनिक अल्पसंख्यक	कुल जम्मा		(पु/म)
१	३३८	१,०१६	१,०७१	०	२,०८७	६.२	९४.९
२	४४८	१,३०१	१,३९०	०	२,६९१	६.०	९३.६
३	५०८	१,५२२	१,६०३	०	३,१२५	६.२	९४.९
४	६३१	१,८८३	१,९९९	०	३,८८२	६.२	९४.२
५	६९६	१,८५८	१,९११	०	३,७६९	५.४	९७.२
६	५६०	१,६१३	१,६५३	०	३,२६६	५.८	९७.६
७	३९९	१,१७३	१,२६०	०	२,४३३	६.१	९३.१
८	३९८	१,२३९	१,२३३	०	२,४७२	६.२	१००.५
कुल जम्मा	३,९७८	११,६०५	१२,१२०	०	२३,७२५	६.०	९५.८

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

सुमराज ओली
(गाउँपालिका अध्यक्ष)

२.३.२ उमेर तथा लिङ्ग समूह अनुसार जनसंख्या

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार गुराँस गाउँपालिकाकामा रहेका जम्मा २२०३३ जनसंख्यालाई उमेरगत समुहमा बिभाजन गरेर विश्लेषण गर्दा, १५ वर्ष भन्दा कम उमेरका जनसंख्या ८९७० (४०.७%), १५-२९ वर्ष उमेर समुहका ६०५९ (२७.५%), ३०-४४ वर्ष उमेर समुहका ३३०१ (१५.०%), ४५-५९ वर्ष उमेर समुहका २२४३ (१०.२ %), ६०-७४ वर्ष उमेर समुहका १२३९ (५.६%) र ७५ वर्ष वा सो भन्दा माथिका जनसंख्या २२१ (१.०%) रहेको देखिन्छ।

नेपालको राष्ट्रिय जनगणना २०६८ र गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४ अनुसार गुराँस गाउँपालिकाको उमेरगत जनसंख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। (तालिका नं. ८)

तालिका नं ८: उमेर तथा लिङ्ग अनुसार गुराँस गाउँपालिकाको जनसंख्या बिबरण

उमेर समुह	जनसंख्या				जम्मा प्रतिशत	लैगिक अनुपात
	पुरुष	महिला	यौनिक अल्पसंख्यक	जम्मा		
१५ वर्ष भन्दा कम उमेर समुहका	४५२१	४४४९		८९७०	४०.७	१०१.६
१५-२९	२७६४	३२९५		६०५९	२७.५	८३.९
३०-४४	१५१४	१७८७		३३०१	१५.०	८४.७
४५-५९	११२६	१११७		२२४३	१०.२	१००.८
६०-७४	६४५	५९४		१२३९	५.६	१०८.६
७५ वर्ष वा ७५ वर्ष भन्दा माथि उमेर समुहका	१०५	११६		२२१	१.०	९०.५
जम्मा	१०६७५	११३५८		२२०३३	१००.०	९४.०

श्रोत: नेपालको राष्ट्रिय जनगणना २०६८

उमेर समूह	जनसंख्या	प्रतिशत
१५ वर्ष भन्दा कम उमेर समुहका	७७२४	३२.६
१५-२९	७४०१	३१.२
३०-४४	४३७८	१८.५
४५-५९	२४०९	१०.२
६०-७४	१५६३	६.६
७५ वर्ष वा ७५ वर्ष भन्दा माथि उमेर समुहका	२५०	१.१
जम्मा	२३७२५	१००

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

२.३.३ जातजातिका आधारमा जनसंख्या

गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४ अनुसार गुराँस गाउँपालिकामा २४.४% दलित, ११.४% जनजाती र ६४.२% ब्राह्मण/ क्षेत्रि/ ठकुरी/ सन्यासी घरपरिवार रहेका छन् | जातजाति समूह अनुसारको घरधुरी संख्या विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ |

तालिका नं ९: जातजातिको आधारमा गुराँस गाउँपालिकाको घरधुरी संख्या

जातजाति	घरधुरी संख्या	प्रतिशत
दलित	९७१	२४.४
जनजाती	४५२	११.४
ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासी	२,५५५	६४.२
जम्मा	३,९७८	१००

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

२.३.४ अपांगताका आधारमा जनसंख्या

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा अपांगता भएका वा भिन्न क्षमता भएका व्यक्तिहरु जम्मा ५१४ जना रहेका छन् भने गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४ अनुसार ५६२ रहेको देखिन्छ | नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार २१९ जना शारीरिक अपांगता भएका, ९८ जना दृष्टि बिहिन अपांगता भएका, ८१ जना बहिरा, ५ जना देख्न र सुन्न नसक्ने, ४४ जना बोल्न नसक्ने, २० जना मानसिक अपांगता भएका, १६ जना बौद्धिक अपांगता भएका र ३१ जना बहु अपांगता भएका व्यक्तिहरु रहेका छन् | यस गाउँपालिकामा दुबै तथ्यांक श्रोत अनुसारका अपांगता भएका व्यक्तिहरुको बिबरण तलको तालिकामा प्रस्तुत गरिएको छ | (तालिका नं. १०)

तालिका नं १०: अपांगता भएका व्यक्तिहरुको विवरण

लिङ्ग	जम्मा जनसंख्या	अपांगता नभएका जनसंख्या	अपांगता भएका व्यक्तिहरुको जनसंख्या								
			शारीरिक अपांगता	दृष्टि बिहिन	सुन्न नसक्ने (बहिरा)	देख्न र सुन्न दुवै नसक्ने	बोल्न नसक्ने	मानसिक अपांगता	बौद्धिक अपांगता	बहु अपांगता	जम्मा अपांगता भएका व्यक्ति
पुरुष	१०,६७५	१०,३९८	१२२	४८	४१	३	२३	१२	८	२०	२७७
महिला	११,३५८	११,१२१	९७	५०	४०	२	२१	८	८	११	२३७
यौनिक अल्प संख्यक	–	–	–	–	–	–	–	–	–	–	–

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

जम्मा	२२,०३३	२१,५१९	२१९	९८	८१	५	४४	२०	१६	३१	५१४

श्रोत: नेपालको राष्ट्रिय जनगणना २०६८

वडा नं.	अपांगता भएका व्यक्तिहरुको जनसंख्या						अपांगता नभएका जनसंख्या	कुल जम्मा जनसंख्या
	शारीरिक अपांगता	न्युन अपांगता	न्युन दृस्टी अपांगता	सुस्त श्रावण	बहु अपांगता	जम्मा		
1	30	2	11	6	2	51	2036	2087
2	18	4	5	2	3	32	2659	2691
3	41	5	6	9	4	65	3060	3125
4	67	9	17	12	20	125	3757	3882
5	32	8	12	1	24	77	3692	3769
6	40	6	5	4	7	62	3204	3266
7	77	10	13	15	0	115	2318	2433
8	21	4	5	5	0	35	2437	2472
जम्मा	326	48	74	54	60	562	23163	23725

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

२.४ गाउँपालिकाको मुख्य भौतिक संरचना तथा सेवा अवस्था

२.४.१ सडक संजालको अवस्था

कर्णाली प्रदेशको सदरमुकाम सुर्खेत देखि कर्णालीका हिमाली जिल्लाहरु जोड्ने राष्ट्रिय राजमार्गको द्वार गुराँस गाउँपालिका रहेको छ | साथै सुर्खेत देखि दैलेख जिल्लाको सदरमुकाम जोड्ने र यस सडक देखि तल्लो डुंगेश्वर जोड्ने क्षेत्रिय राजमार्ग (फिडर रोड) यस गाउँपालिकाको सदरमुकाम हुदै निर्माण भएको छ | गाउँपालिका भित्र पर्ने राष्ट्रिय राजमार्गको लम्बाई ६८ कि.मि. र क्षेत्रिय राजमार्गको लम्बाई ५३.२३ कि.मि. रहेको छ | यी दुवै राजमार्गहरु कालो पत्र भएका छन् | (श्रोत: नेपाल सरकारको जिआईएस् नक्सा)

उक्त राजमार्गहरुसंग गुराँस गाउँपालिकाका अन्य वडा तथा वस्तीहरुलाई जोड्नको लागि पालिका स्तरीय सडक संजाल विस्तार भएको छ | यस गाउँपालिकाका ८ वटै वडाहरुमा सडक सञ्जालको पहुँच पुगेको छ । राष्ट्रिय र क्षेत्रिय राजमार्ग बाहेक गाउँपालिका भित्र जम्मा १८६.६ किलोमिटर पालिका स्तरीय सडक सञ्जाल विस्तार भएको छ । गाउँपालिका भित्रका यी सडकहरु कुनै पनि कालोपत्र भएका छैनन् नन । (तालिका नं. ११)

तालिका नं ११: गुराँस गाउँपालिका भित्र सडक संजालको अबस्था

वडा नं.	सडकको जम्मा लम्बाई (कि.मी.)	सडकको औशत चौडाई (मी.)	गुराँस गाउँपालिका क्षेत्र भित्र पर्ने सडकहरुको लम्बाई (कि.मि.)			सडकले जोडेका ब्यापारिक केन्द्र र गाउँहरु
			कालोपत्र सडक	ग्राभेल सडक	कच्ची सडक	
१	८.९३	६			८.९३	सेप्टी - पाताल खोला

धनराज औली
(गाउँपालिका अध्यक्ष)

१	९.६७				९.६७	दोबाटो-वेरु गाउँ - सेप्टी - पाताल खोला
१	८.३५				८.३५	बगौरा - हाडापानी - देउती थान
१	८.५२				८.५२	काफलतोली - सिमेसाल - पातीकाल्ता
१	३				३	पाल्त - कालिका प्रा बि
१	३.१				३.१	मुसारे गैरा - पाल्त
१	२.१				२.१	पाताल खोला - पाल्त
१	३.१४				३.१४	बेरु गाउँ - सिमेसाल
१	३.७३				३.७३	बगौरा - बेल
१	५.१७				५.१७	काली खोला - कर्णाली नदि
१	२.९३				२.९३	काफलतोली - सेप्टी
३	१४	५			१४	गुराँसे - देउती थान
३	९	५			९	पाती काल्ना - पेटारी
३	७	४			७	घुम्ती - पाल्त
३	४	४			४	ढोग्नेथुंगा - तेहाथान
३	७	४			७	पातीकाल्ना - रतिखोला
४	४	४			४	रिठा - सातसल्ली
४	४	५			४	चिसापानी - रतिखोला
४	५	४			५	घोडाबास - निगाल पानी
५	१३	३			१३	गोगनपानी - बिउराखेत
५	१०	३			१०	सान्ति बजार - भैरी
५	१३	३			१३	घोडाबास - गोगनपानी
६	४	५			४	बगौरा - मिलनचोक
७	६.५	६			६.५	कुन्तडा - मर्खे
७	३.५	६			३.५	घुम्ने - लालीकाँडा
७	७.५	६			७.५	चाँदनी - आर्खेनी
७	५.५	६			५.५	घुम्ने - झुज
८	३	४			३	घिउपोखरे - गर्चा
८	३	६			३	पाखापानी - गर्चा
८	५	५			५	धरमपोखरा - मिलनचोक
१,२	६८		६८			गुराँस गाउँपालिकामा पर्ने सुर्खेत - जुम्ला राष्ट्रिय राजमार्ग (वडा नं. १ र २)
४,५	४५.०१		४५.०१			गुराँस गाउँपालिकामा पर्ने सुर्खेत - दैलेख क्षेत्रिय राजमार्ग (वडा नं. ४,५)
४,२	८.२२		८.२२			सुर्खेत-दैलेख क्षेत्रिय राजमार्गबाट तल्लो डुंगेश्वर (कर्णाली राजमार्ग) जोड्ने क्षेत्रिय राजमार्ग (बाइपास रोड) (वडा नं. ४ र २)
जम्मा	३०७.८७		१२१.२३	०	१८६.६	

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

गुराँस गाउँपालिकाले पालिका स्तरका भित्रि सडकहरु विस्तार गर्न र स्तर उन्नति गर्न बार्षिक बजेट विनियोजन गर्दा प्राथमिकता दिएको देखिन्छ | साथै गाउँपालिकाले गुराँस चक्रपथ र पर्यटन सडकहरुलाई गौरबको योजनाको रुपमा लिएर विशेष प्राथमिकताका साथ वार्षिक बजेट बिनियोजन गर्दै आएको देखिन्छ | (तालिका नं. १२)

तालिका नं १२: गाउँपालिका स्तरीय निर्माणाधीन प्राथमिकताका सडकहरुको विवरण

क्र. सं.	सडकको नाम	सडकको किसिम	लम्बाई (कि.मि.)	चौडाई (मि.)	यस सडकले सेवा पुग्ने वडा तथा वस्तीहरु
१	दोबाटो बेडुगाउँ पातलखोला सडक	गुराँस चक्रपथ			वडा नं. ४ (दोबाटो) - वडा नं. १ (बेडुगाउँ, पातालखोला)
२	पुलिया मर्खे काँडामर्खे झुंज लालीकाडा सडक	गुराँस चक्रपथ			पुलिया - वडा नं. ७ (मर्खे, काँडामर्खे, झुंज, लालीकाडा)
३	चिसापानी देउतीथान स्याउली बजार सडक	गौरबका सडक			वडा नं. ४ (चिसापानी) – वडा नं. २ (देउतीथान) – स्याउली बजार
४	राउटे गल्छिना बिउराखेत कुयाताल पर्यटन सडक	गौरबका सडक			वडा नं. ५ (राउटे गल्छिना) - बिउराखेत - कुयाताल
	जम्मा				

श्रोत: गुराँस गाउँपालिकाको आ.व. २०७८/७८ को नीति, कार्यक्रम तथा बजेट

२.४.२ शैक्षिक संस्थाहरु

भौगोलिक हिसाबले कर्णाली प्रदेशको सदरमुकाम सुर्खेतबाट नजिक रहेको यस गाउँपालिकाको समग्र शैक्षिक अवस्था सुधारका लागि विभिन्न शैक्षिक सेवाहरु प्रबाह गर्नका लागि स्थापना भएका शैक्षिक संस्थाहरु सामुदायिक र संस्थागत प्रक्रितिका रहेका छन् | यस गाउँपालिकामा ४९ वटा सामुदायिक (सरकारी) विद्यालय र २ वटा संस्थागत विद्यालयहरु रहेका छन् | यस गाउँपालिकामा कलेजहरु नभएकाले नागरिकहरुले नजिकै रहेको प्रदेश सदरमुकाम गई कलेज र विश्वविद्यालय स्तरको शिक्षा प्राप्त गर्ने गरेको अवस्था छ | यस पालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छ |

तालिका नं १३: गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण

विद्यालयको विवरण	सरकारी/सामुदायिक	निजि	जम्मा
पूर्व प्राथमिक विद्यालय (५ कक्षा सम्म) र आधारभूत विद्यालय (८ कक्षा सम्म)	४०	२	४२
माध्यमिक विद्यालय (१२ कक्षा सम्म)	९	०	९
प्राबिधिक शिक्षालय (१८ महिने प्राबिधिक तालिम)	०	०	०
कलेज	०	०	०
कुल जम्मा	४९	२	५१

अमरराज जोशी
(गाउँपालिका अध्यक्ष)

श्रोत: गुराँस गाउँपालिकाको पार्श्वचित्र २०७४

२.४.३ स्वास्थ्य संस्थाहरु

गाउँपालिकाको स्वास्थ्य प्रोफाइल २०७७ अनुसार यस गाउँपालिकामा ६ वटा स्वास्थ्य चौकी र ४ वटा सामुदायिक स्वास्थ्य इकाई १ अस्पताल रहेका छन्| यस गाउँपालिकामा रहेका सरकारी स्वास्थ्य संस्थाहरुको विवरण निम्न अनुसार रहेको छ | (तालिका नं. १४)

तालिका नं १४: गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

वडा नं.	स्वास्थ्य संस्थाको नाम	प्रसुति सेवा केन्द्र (छ /छैन)	स्वास्थ्य संस्थाहरुको संख्या		
			प्राथमिक स्वास्थ्य केन्द्र	स्वास्थ्य चौकी	उपस्वास्थ्य चौकी, प्रसुती केन्द्र, सामुदायिक स्वास्थ्य इकाई
१	सेप्टि सामुदायिक स्वास्थ्य इकाइ	छ			१
२	सामुदायिक स्वास्थ्य इकाइ	छ			१
३	खडगवडा स्वास्थ्य चौकि	छ		१	
३	सेरी स्वास्थ्य चौकि	छ		१	
४	सेरिवडा स्वास्थ्य चौकि	छ		१	
५	गोगनपानी स्वास्थ्य चौकि	छ		१	
६	पिलाडि स्वास्थ्य चौकि	छ		१	
७	लालीकाँडा स्वास्थ्य चौकि	छ		१	
८	धरमपोखरा सामुदायिक स्वास्थ्य इकाइ	छ			१
९	सानाकाडा स्वास्थ्य इकाई (वर्थिङ सेन्टर)	छैन			१
१०	गुराँस अस्पताल रानीमत्ता दैलेख	छ			१
	जम्मा संख्या	११	०	६	५

श्रोत: गुराँस गाउँपालिकाको स्वास्थ्य प्रोफाइल २०७७

२.५ गाउँपालिकाका नागरिकहरुको आर्थिक अवस्था

२.५.१ मुख्य व्यवसाय तथा व्यवसायिक मानव संसाधन

यस गाउँपालिकाको अर्थतन्त्र तथा रोजगारीको अधिकांश हिस्सा कृषि तथा पशुपालन र मौसमी रोजगारका लागि भारत जानेले धानेको छ भने पछिल्ला बर्षहरुमा बैदेशिक रोजगार पनि मूख्य हिस्साको रुपमा रहेको देखिन्छ। यस गाउँपालिकाका ९२.३३% घरपरिवारहरुको मुख्य पेशा कृषि रहेको देखिन्छ।

खेमराज जोली
(गाउँपालिका अध्यक्ष)

गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४ अनुसार गाउँपालिकामा कृषि र पशुपालनमा दक्षता भएका जनशक्तिको तथ्याङ्कलाई हेर्दा पुरूषको तुलनामा महिलाको सङ्ख्या अधिक देखिएको छ । कृषि र पशुपालनमा दक्षता भएका जनशक्ति मध्ये महिला ३९ जना र पुरुष १४ जना देखिन्छ । इन्जिनियरिङ क्षेत्रको दक्षता भएको जनशक्तिमा महिला २२ र पुरूषको सङ्ख्या ५ रहेको छ । मेडिसिन सम्बन्धी दक्षता प्राप्त गरेका जनशक्तिमा १७ महिला र ३ जना पुरुष रहेको तथ्याङ्कले देखाएको छ | त्यस्तै फोरेस्ट्रीमा २ जना र खाद्यमा १ जना महिला दक्ष जनशक्ति रहेको देखिन्छ | अन्य ब्यबसायिक क्षेत्रमा दक्षता हासिल गर्नेमा महिला ११ र पुरुष ५ जना रहेको देखिन्छ।

तालिका नं १५: गुराँस गाउँपालिकाका प्राविधिक सीपयुक्त तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण

विषय क्षेत्र अनुसारका दक्ष/प्राबिधिक मानव संसाधन	महिला	पुरुष	जम्मा
कृषि तथा पशुपालन	३९	१४	५३
इन्जिनियरिंग	२२	५	२७
मेडिसिन	१७	३	२०
फोरेस्ट्री	२	०	२
खाद्य	१	०	१
अन्य विषयका दक्ष जनशक्ति	११	५	१६
जम्मा	९२	२७	११९
प्रतिशत	७७.३%	२२.७%	१००.०%

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

२.५.२ गाउँपालिकाबाट निकासी हुने वस्तुहरु

यस गाउँपालिकामा प्रमुख खाद्यान्न बालिहरु मकै, कोदो, धान, भटमास आदि प्रमुख बालिको रुपमा उत्पादन गर्ने गरेको पाइन्छ | खाद्यान्न बालिमा यस गाउँपालिका साधारणतया जीविकोपार्जन मुखी भएतापनि अन्य नगदे बालीहरु फलफुल (अमिलो, कागती, सुन्तला, आरुबखडा), तरकारी (आलु, टमाटर, केराउ, बोडी, काउली, सग, आदि), पशुजन्य उत्पादन (बाख्रा, खसी, भैंसी, कुखुरा), नगदे बाली (भटमास, बेसर, अदुवा, मास) आदि बाहिर बजारमा निकासी गरेको देखिन्छ | यस गाउँपालिकाका लेक क्षेत्रहरु आलुको लागि प्रख्यात मानिन्छ |

गुराँस गाउँपालिकामा बन, कृषि तथा पशुपंक्षी जन्य उत्पादनहरु प्रमुख रुपमा निकासी जन्य रुपमा रहेका छन् | बन जन्य स्रोतका रुपमा काठ, अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती, सुनगाभा, तेजपात, चुत्रो, काउलो, कुरिलो, समयो, आदि जडिबुटीहरु मूल रुपमा रहेका छन् | यस गाउँपालिकाको निर्यात जन्य वस्तुहरुको विवरण निम्न अनुसार रहेको छ | (तालिका नं. १६)

तालिका नं १६: गाउँपालिकाबाट बाहिर निकासी हुने मुख्य वस्तुहरुको विवरण

वडा	बन	खाद्यान्न	तरकारी	फलफुल	नगदे बाली	पशु पंक्षी	उद्योग

धनराज ...
(गाउँपालिका अध्यक्ष)

नं.							
१	जडिबुटी, काठ	मकै	काउली, टमाटर	सुन्तला, माल्टा	भटमास, केराउ	बाख्रा, खसी, कुखुरा	सिस्नु पाउडर
२		गहुँ, मकै, धान	आलु, टमाटर, बोडी	सुन्तला, माल्टा, अमिलो	अदुवा, बेसार, मास	बाख्रा, खसी, भैंसी, कुखुरा	कपास
३		गहुँ, मकै	आलु, टमाटर, काउली, बन्दा	सुन्तला, माल्टा, अमिलो, कागती	अदुवा, बेसार	बाख्रा, खसी, भैंसी, कुखुरा	
४	जडिबुटी, काठ	मकै, कोदो	आलु, टमाटर, बोडी, केराउ, साग, काउली	केरा, काफल	अदुवा, बेसार	बाख्रा, खसी, भैंसी, गाई, कुखुरा	दालमोठ, सिलाइकटाइ
५	जडिबुटी, काठ	मकै	आलु, टमाटर, बोडी, काउली, सिमि	सुन्तला, माल्टा, अमिलो	अदुवा, बेसार, मास	बाख्रा, भैंसी, गाई, गोरु, कुखुरा	
६	जडिबुटी, काठ	मकै	आलु, टमाटर, बोडी, काउली, सिमि	सुन्तला, माल्टा, अमिलो	अदुवा, बेसार, मास	बाख्रा, भैंसी, गाई, गोरु, कुखुरा	
७	जडिबुटी, काठ	मकै	आलु, टमाटर, बोडी, काउली, सिमि	सुन्तला, माल्टा, अमिलो	अदुवा, बेसार, मास	बाख्रा, भैंसी, गाई, गोरु, कुखुरा	
८	टिमुर, अल्लो, सिस्नु, जडिबुटी	मकै, कोदो	आलु, टमाटर, बोडी, काउली	सुन्तला, माल्टा, आरुबखडा		बाख्रा, भैंसी, गाई, गोरु, कुखुरा	

श्रोत: गुराँस गाउँपालिकाको वस्तुगत विवरण २०७४

२.५.३ कृषि योग्य जमिन र सिंचाई सुबिधा

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिका क्षेत्रमा रहेको ४७७१ हेक्टर खेति योग्य जमिन मध्ये ३८२५ हेक्टर (८०.२%) जमिनमा खेति गरिएको छ भने १०५२ हेक्टर (२२%) जमिन सिंचित रहेको छ। गाउँपालिकामा रहेको खेति योग्य जमिन, खेति गरिएको जमिन र सिंचित जमिनको वडागत विवरण देहाय बमोजिम रहेको देखिन्छ। (तालिका १७)

तालिका नं १७: गाउँपालिकामा रहेको खेतीयोग्य जमिन, खेति गरिएको जमिन र सिंचित जमिनको क्षेत्रफल्

वडा नं.	साबिक गाविस	खेति योग्य जमिन (हेक्टर)	खेति गरिएको जमिन (हेक्टर)	कुल सिंचित जमिन (हेक्टर)
१	खड्कवाडा(४,७,८,९)	२६६३	२११३	६४८
२	खड्कवाडा (१,२,३) र बराह (८,९)			
३	खड्कवाडा (५,६),बराह (६,७) र सेरी (१-५)			
४	बराह (१-५) र सेरी (६-९)			
५	गोगनपानी(१ - ९)	९१८	७४५	६३
६	पिलाडी(१ - ९)	५३७	४३१	१७६

खेनराज ओली
(गाउँपालिका अध्यक्ष)

७	लालिकाँडा(५ - ९)	६५३	५३६	१६५
८	लालिकाँडा(१ - ४)			
	जम्मा	४७७१	३८२५	१०५२
	प्रतिशत	१००.०%	८०.२%	२२.०%

श्रोत: नेपालको राष्ट्रिय जनगणना २०६८

२.५.४ बन क्षेत्र तथा ब्यबस्थापन

यस गाउँपालिकामा ७५५२ हेक्टर क्षेत्रफलमा बन क्षेत्र फैलिएको छ, जुन कुल जमिनको ४५.८% क्षेत्रफल् हो | यस गाउँपालिकाको विभिन्न वडाहरु बन पैदावार तथा जैविक विविधताका दृष्टिले महत्वपूर्ण क्षेत्र मानिन्छन | गुराँस गाउँपालिकामा हाल विभिन्न ३५ वटा सामुदायिक बन र २ वटा कबुलियत बनहरु रहेका छन् | भने बाँकि सरकारी तथा संरक्षित् बन रहेको छ |

तालिका नं १८: गाउँपालिकामा रहेको बन क्षेत्र ब्यबस्थापन विवरण

बनको प्रकार	संख्या	छेत्रफल (हेक्टर)	यस बनबाट सुबिधा लिएका घरधुरी संख्या
सामुदायिक बन	३५	४०१६.२९	३१८८
कबुलियत बन	२		
कुल जम्मा	३७	४०१६.२९	३१८८

श्रोत: गुराँस गाउँपालिकाको वस्तुगत विवरण २०७४

२.५.५ आर्थिक रुपले सक्रिय जनसंख्या

गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४ अनुसार यस गाउँपालिकाका जम्मा १४५० जना अर्थात कुल जनसङख्याको ६.१% जनसङख्या बैदेशिक रोजगारमा सलग्न रहेका छन । भारत, खाडी मुलुक लगायत अन्य मुलुकहरूमा यस भेगका मानिसहरू रोजगारीका लागि गएका छन । नेपाल बाहिर रोजगारीका लागि गएका मध्ये सबैभन्दा बढि ७५.४% जनसङख्या भारत जाने गरेको पाइएको छ भने खाडी मुलुकमा २२.९% जनसङख्या रोजगारीका लागि गएको देखिन्छ । अन्य मुलुकहरुमा जाने जनसंख्या जम्मा २४ रहेको छ जुन कुल बैदेशिक रोजगार जनसंख्याको १.७% मात्र हो । लैंगिक वितरणका आधारमा हेर्दा बैदेशिक रोजगारीमा जाने पुरुषहरू ९३.६% रहेका छन् भने महिलाहरुको बैदेशिक रोजगारीमा ज्यादै न्यून उपस्थिति रहेको छ । महिलाहरू जम्मा ९३ जना अर्थात ६.४% मात्र बैदेशिक रोजगारीमा सलग्न छन । गाउँपालिकाबाट बैदेशिक रोजगारीमा गएका महिला र पुरुषहरुको विवरण निम्न बमोजिम रहेको छ |

तालिका नं १९: लिंग अनुसार बैदेशिक रोजगारीमा गएका जनसंख्या विवरण

वडा नं.	भारतमा	खाडी मुलुकमा	अन्य देशहरुमा	जम्मा

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
१	६	१२६	१	१४	०	०	७	१४०
२	१०	२१३	०	४३	०	५	१०	२६१
३	२०	१८१	१	४२	०	१	२१	२२४
४	३०	१५७	१	६७	०	०	३१	२२४
५	१	३२	०	४९	०	०	१	८१
६	३	७६	३	५१	०	२	६	१२९
७	१०	११०	३	३०	०	१	१३	१४१
८	४	११५	०	२७	०	१५	४	१५७
जम्मा	८४	१०१०	९	३२३	०	२४	९३	१३५७
महिला पुरुष जम्मा	१०९४		३३२		२४		१४५०	
प्रतिशत	७५.४%		२२.९%		१.७%		१००.०%	

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

२.५.६ विपन्नता स्तरीकरण

गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४ अनुसार आफनै कृषि उत्पादनले आफना परिवारलाई वर्षभरि अर्थात् ९ देखि १२ महिना खान पुग्ने परिवार संख्या एकदम न्यून करिब १०.५% मात्र हुनुले यस गाउँपालिकाका नागरिकले अन्य रोजगारीका विकल्पहरूद्वारा पेट पाल्ने गरेको देखिन्छ। आफनो कृषि उत्पादनले ३ महिनाभन्दा कम खान पुग्ने परिवार संख्या ३०.४%, ३ देखि ६ महिना मात्र खान पुग्नेका परिवार संख्या ४३.९% हुनुले यस क्षेत्रका न्यून उपादनलाई दर्शाउँछ। यो तथ्याङकलाई हेर्दा यस क्षेत्रमा कृषि उत्पादनमा भर पर्ने हो भने बिपन्न आर्थिक अवस्था हुने जनसंख्या करिव ७५.३% हुन आउँछ। आफनो उत्पादनले ६ देखि ९ महिना खान पुग्ने परिवार संख्या जम्मा ५२९ अर्थात १३.३% रहेको छ भने ९ देखि १२ महिना खान पुग्ने परिवार संख्या जम्मा ४१८ अर्थात १०.५% रहेको छ | आफनो उत्पादनले खान पुगेर बेचबिखन गर्ने परिवार संख्या ५२ अर्थात् १.३% मात्र रहेको छ।

तालिका नं २०: वडा अनुसार गुराँस गाउँपालिकाका घरपरिवारहरुको विपन्नता स्तरीकरण

वडा नं.	आफनो उत्पादनले परिवारलाई खान पुग्ने महिना अनुसार कृषक परिवार सङख्या					
	३ महिनाभन्दा कम खान पुग्ने	३–६ महिना खान पुग्ने	६–९ महिना खान पुग्ने	९–१२ महिना खान पुग्ने	आफनो उत्पादनले खान पुगेर पनि वेचविखन गर्ने	कुल जम्मा
१	५५	१६१	९२	२४	६	३३८
२	१६९	२२४	२४	२०	११	४४८
३	१७३	२९१	२१	२०	३	५०८
४	२५८	१७९	६५	११०	१९	६३१
५	३५४	२३३	४७	४२	०	६९६
६	८०	३१८	९७	६४	१	५६०
७	७६	१९५	८९	३७	२	३९९

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

८	४६	१४७	९४	१०१	१०	३९८
कुल	१२११	१७४८	५२९	४१८	५२	३९७८
प्रतिशत	३०.४	४३.९	१३.३	१०.५	१.३	१००

श्रोत: गुराँस गाउँपालिकाको बस्तुगत विवरण २०७४

२.६ खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

यस गाउँपालिकामा एस एन भी नेपालको कार्यक्रम अन्तर्गत सन् २०२० मा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था अध्ययन गर्दा यस गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्था देहाय बमोजिम रहेको देखिएको छ |

खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था र सुझाब:

- खानेपानी, सरसफाई तथा स्वच्छता आयोजनाहरुमा महिलाहरुको लागि आयआर्जन कार्यक्रमहरुको अवसर नरहेको
- खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका बैठक, छलफल एवं निर्णय गर्ने प्रक्रियामा महिला र पुरुष दुबैको समान सहभागिता हुने नगरेको | यस्ता बैठकहरुमा महिलाहरुको सहभागिता नगन्य रहने गरेको र निर्णय प्रक्रियामा पुरुषहरुको प्रभुत्व रहने गरेको |

खानेपानीमा अपांगता भएका व्यक्तिहरुको समावेशीकरणको अवस्था र सुझाब:

त्यसै गरि एस एन भी नेपाल र सिविएम को संयुक्त पहलमा सन् २०१९ मा गरिएको अर्को अध्ययनले अपांगता भएका व्यक्तिहरुको समावेशिताको अवस्था निम्न अनुसार देखाएको छ |

- यस पालिकाका दुर्गम क्षेत्रका अपांगता भएका व्यक्तिहरुले सरकारबाट उपलब्ध हुने कुनै पनि सहयोग नलिएको अवस्था देखिएको छ | दुर्गम क्षेत्रका अपांगता भएका व्यक्तिहरुले सरकारबाट उपलब्ध सहयोग लिन नसक्नुका निम्न अनुसारका कारणहरु मुख्यतया देखिएका छन् |
  - अपांगताको परिचय पत्र लिनको लागि सरकारी प्रशासनिक केन्द्र टाढा भएको
  - अपांगता भएको मेडिकल प्रमाणपत्र लिनको लागि गाह्रो भएको
  - अपांगता भएका व्यक्तिहरुको लागि संशोधित कानुन कार्यान्वयन गर्न प्रशासनिक ढिलाई भएको
- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरुमा दैनिक व्यक्तिगत कार्य गर्न धेरै कठिनाई भएको र बहु-अपांगता भएको पाइएको छ |
- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरु र उनीहरुको हेरचाह गर्ने व्यक्तिहरुलाई यस गाउँपालिकामा संचालन भईरहेको खानेपानी, सरसफाई तथा स्वच्छता सचेतना अभिवृद्धि कार्यक्रम, साथै छाउपडी न्यूनीकरण गरि महिलाहरुको महिनावारी स्वच्छताको लागि खानेपानीमा सधैं सहज पहुँच वृद्धि गर्ने सचेतना कार्यक्रमको विषयमा जानकारी नभएको पाईयो |
- यस गाउँपालिकाका अपांगता भएका महिलाहरु र उनीहरुका हेरचाह गर्ने व्यक्तिहरुको अपांगता भएका पुरुषहरुको तुलनामा समुदाय स्तरका बैठकहरुमा सहभागिता कम देखिएको छ | यस गाउँपालिकामा

खेमराज होली
(गाउँपालिका अध्यक्ष)

सामुदायिक बैठकहरुमा सहभागी हुने अपांगता भएका व्यक्तिहरुमा पुरुषहरु नै देखिएको छ जो अपांगता भएका व्यक्तिहरुको संस्थामा समेत संलग्न रहेको देखिएको छ |

- यस गाउँपालिकाका अपांगता भएका व्यक्तिहरु र उनीहरुका हेरचाह गर्ने व्यक्तिहरु समुदायमा हुने कार्यक्रमहरुमा कम सहभागिता हुनुका धेरै कारणहरु देखिएका छन् | धेरै कारणहरु मध्ये केहि कारणहरु देहाय अनुसारका रहेका छन् |
    - अपांगता भएका व्यक्तिहरु प्रति समुदायको नकारात्मक धारणा रहेको
    - व्यक्ति र जमिनको अवस्था अनुसार मिलाउन सकिने सहयोगी उपकरणहरूको अभाव रहेको
    - अपांगता भएका व्यक्तिहरु प्रति समुदायको नकारात्मक धारणा रहेको कारणले बैठकहरुमा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता हुनमा निरुत्साह गरेको


- यी अध्ययनहरुमा खानेपानीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था सुधारका लागि गाउँपालिकालाई निम्न अनुसारका सुझाबहरु संलग्न छन् |
    - खानेपानी आयोजनाको तथ्यांक अद्यावधिक गर्दा अपांगता भएका व्यक्ति र अपांगताको विवरणका तथ्यांकहरु समावेश गर्ने
    - खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका बैठकहरु र खानेपानी आयोजना संचालन ब्यबस्थापनका छलफलहरुमा अपांगता भएका व्यक्तिहरुको सहभागिताको लागि प्रोत्साहन गर्ने
    - स्थानीय सरकार र सहयोगी निकायहरुले अपांगता भएका महिलाहरुको अधिकारको पहिचान गर्ने र खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाका मुद्धाहरुमा नियमित रुपमा परामर्श गर्ने |
    - खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरणमा यस गाउँपालिकामा काम गर्ने संस्थाहरुको सुची तयार गर्ने
    - लक्षित् वर्ग (अल्पसख्यक, आदि) को खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धका र आयोजनाका बैठकहरुमा सहभागिता बढाउने सम्बन्धमा गाउँपालिकाका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने
    - अपांगता भएका व्यक्तिहरुको सहायता केन्द्र स्थापना र संचालन गर्न सहयोग (आर्थिक र विज्ञ परामर्श) गर्ने
    - खानेपानी आयोजनाहरुलाई लैगिक समानता तथा समाबेशीकरण सम्बन्धमा तालिम दिने
    - लैंगिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति प्राथमिकताका साथ बनाई खानेपानी आयोजनाहरुमा कार्यान्वयन गर्ने
    - खानेपानी आयोजनामा समावेस हुनुपर्ने लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरु :
        - नेतृत्व विकास क्षमता अभिवृद्धि तालिम
        - अपांगता भएका व्यक्तिहरुको खानेपानी तथा सरसफाईमा पहुँचको लागि उपयुक्त बाटो सुबिधाको अडिट
        - खानेपानी आयोजना संचालन ब्यबस्थापनमा महिला सहभागिता र महिलाहरुको आयआर्जन वृद्धिको अवसर

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

- व्यवहार परिवर्तन संचार संदेश दिंदा संवेदनशिल हुने (ब्यबहार परिवर्तनलाई व्यक्तिको मर्यादा र स्वास्थ्यसंग केन्द्रित गर्ने)
- एक-घर-एक-धारा अवधारणाको कार्यान्वयनलाई निरन्तरता दिई कोहि पनि नछुट्ने गरि सबैलाई खानेपानीको पहुँच सुनिस्चित गर्ने

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

२.७ गुराँस गाउँपालिकाको संगठनात्मक संरचना



चित्र नं. ३ गुराँस गाउँपालिकाको संगठनात्मक ढांचा

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

गाउँ कार्यपालिका समिति र उप-समितिहरुको संरचना

गाउँपालिकाको कार्यपालिकाले आफ्नो काम कारबाहीलाई थप ब्यबस्थित रुपमा संचालन गरि कार्य सम्पादन स्तर गुणात्मक बनाई उच्चतम नतिजा प्राप्त गर्न गाउँपालिकाको बिषयगत क्षेत्रमा विशिष्टीकृत रुपमा नीति, योजना तथा कार्यक्रम संचालन गरि कार्यपालिकाको बैठकको उपलब्धिलाई अझ वृद्धि गर्न नेपालको संबिधान २०७२ अनुसार कार्यपालिकाले निम्न अनुसारका कार्यपालिका समिति उपसमिति गठन गर्न सक्नेछ |

१ सुशासन समिति
२ आर्थिक विकास समिति
३ सामाजिक विकास समिति
४ बिधायक समिति
५ राजस्व परामर्श समिति
६ पुर्बाधार समिति
७ बन तथा वाताबरण समिति
८ भवन व्यवस्था समिति
९ सूचना प्रविधि समिति
१० सम्पदा तथा पर्यटन समिति
११ विपद ब्यबस्थापन समिति

समिति गठन

१ नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन र अन्य प्रचलित नेपाल कानुनले स्थानीय तहलाई उपलब्ध गराइएको अधिकारको समुचित प्रयोग गर्दै स्थानीय शासन प्रशासन लाई ब्यबस्थित बनाई जानसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिस्चित गरि सुलभ र गुणस्तरीय सेवा प्रबाह गर्न मद्धत पुराउने उद्धेश्यले गुराँस गाउँपालिका अन्तर्गत बिषयगत क्षेत्रमा केन्द्रित भई विशिष्टीकृत रुपमा विषयहरु उपर छलफल गरि निस्किएका निचोड तथा प्रस्ताब लाई प्रमुख मार्फत कार्यपालिकामा पेश गरि आबश्यक कानुन, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने तथा अनुगमन मार्फत उपलब्धिलाई उच्चतम गराउन आबश्यक देखिएमा संस्थागत तथा बिषयगत क्षेत्रलाई आधार मानी कार्यपालिका मातहत रहने समिति / उप-समिति गठन गर्न सक्नेछ |

२ उपनियम १ बमोजिमका समितिहरु गठन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ |कार्यपालिकाको सदश्य मध्येबाट संयोजक १, सदस्य बढीमा ३ जना र सदस्य सचिवमा सम्बद्ध शाखाको प्रमुख रहने गरि समिति संरचना हुनेछ | समितिको बैठकमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन | अध्यक्ष र उपाध्यक्ष बाहेक कार्यपालिकाको सदस्य कुनै एक बिषयगत समितिमा मात्र संयोजक वा सदस्य हुन सक्नेछन |

उप समिति गठन

समितिले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा विस्तृत अध्ययन विश्लेषण गर्न बढीमा ३ सदस्यीय उपसमिति गठन गरि जिम्मेवारी तोक्न सक्नेछ |

२.८ गाउँपालिकामा खानेपानी क्षेत्रमा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरु

गुराँस गाउँपालिकाको विकास र सम्वृद्धिमा ठुलो भूमिका र योगदान पुराउने हेतुले विभिन्न सरकारी र गैरसरकारी संघ संस्थाहरु पनि लागेका छन् | खानेपानी, सरसफाई, स्वच्छता, लैंगिक तथा समाबेशी, खानेपानी सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि, उद्यम, युवा रोजगार, वातावरण, अपांगता भएका व्यक्तिहरुको खानेपानी आदि सेवामा पहुच, आदि क्षेत्रमा सरकारी र गैरसरकारी संस्थाहरुले गाउँपालिकालाई सहयोग गरेका छन् | प्रदेश सरकारका आयोजनाहरु र विभिन्न विकास साझेदार अन्तरराष्ट्रिय संस्थाहरु र यिनको सहयोगमा संचालित संस्थाहरु यस गाउँपालिकामा कार्यरत रहेका छन् | यस गाउँपालिकामा निम्न अनुसारका सरकारी र राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरु कार्यरत रहेको विवरण छलफल र अभिलेखहरुबाट देखिएको छ |

तालिका नं २१: गुराँस गाउँपालिकामा कार्यरत विकास साझेदारहरु र संघिय/प्रदेश सरकार स्तरीय आयोजनाहरुको विवरण

क्र. सं.	कार्यरत संस्था/ प्रोजेक्टको नाम	संस्थाको प्रकार	कार्यक्रम लागु भएका वडा नं.हरु	कार्य क्षेत्र	विकास साझेदार: राष्ट्रिय/अन्तरराष्ट्रिय संस्थाहरु
१	महिलाको लागि पानी प्रोजेक्ट / एस एन भी नेपाल र एभरेस्ट क्लब दैलेख	विकास साझेदार संस्था	सबै वडाहरु	खानेपानी, सरसफाई र स्वच्छता	एस एन भी नेपाल
२	ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम / गोर्खा वेलफेयर ट्रस्ट	विकास साझेदार संस्था	सबै वडाहरु	खानेपानी, सरसफाई, स्वच्छता	गोर्खा वेल्फेयर ट्रष्ट नेपाल
३	कर्णाली प्रदेश खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुर्खेत	प्रदेश सरकार	सबै वडाहरु	खानेपानी आयोजना निर्माण	प्रदेश सरकार
४	ग्रामिण जलश्रोत ब्यबस्थापन परियोजना / परियोजना र सोसेक दैलेख	नेपाल सरकार र फिनल्याण्ड सरकारको द्विदेशीय प्रोजेक्ट	वडा नं. ३ र ५	खानेपानी, सरसफाई, जलश्रोत	नेपाल सरकार र फिनल्याण्ड सरकार
५	सहयात्रा परियोजना/ सोसेक नेपाल	विकास साझेदार संस्था	वडा नं. १,२,३,४,६,७,८	शिक्षा, वाल अधिकार, वाल सम्रक्षण, खानेपानी	सेभ द चिल्ड्रेन
६	सुआहारा/ एभरेस्ट	विकास साझेदार	सबै वडाहरु	पोषण (सुनौलो	यु एस एड

खेमराज जोशी
(गाउँपालिका अध्यक्ष)

	क्लब दैलेख	संस्था		१००० दिन) आमालाई	
७	वाई ई बि पी / एभरेस्ट क्लब दैलेख	विकास साझेदार संस्था	सबै वडाहरु	युवा रोजगार क्षमता अभिवृद्धि कार्यक्रम	सेभ द चिल्ड्रेन
८	सी बि एम नेपाल	विकास साझेदार संस्था	सबै वडाहरु	अपांगता भएका व्यक्तिहरुको सेवामा पहुँच	अपाङ्गता महासंघ मार्फत अस्ट्रलिया र न्यूजिल्यान्ड सहयोग

३ परिच्छेद ३. खानेपानी अबस्थाको विस्लेषण

३.१ विद्यमान खानेपानी आयोजना

सन् २०१९-२०२० मा एस एन भी को सहकार्यमा गरेको खानेपानी सेवास्तर सर्बेक्षण अनुसार गुराँस गाउँपालिकामा जम्मा १८८ वटा विद्यमान खानेपानी आयोजनाहरु रहेका छन् जस मध्ये १७४ पाइपलाइन आयोजना, ११ वटा मुहान सुधार र ३ वटा वर्षातको पानी संकलन आयोजनाहरु रहेका छन्| हाल संचालनमा रहेका विद्यमान १७४ पाइपलाईन आयोजनाहरुबाट ३३३६ घरपरिवार, ५ स्वास्थ्य संस्था र २७ विद्यालयहरुलाई खानेपानी सेवा पुगेको छ | यसैगरि ११ वटा मुहान सुधार प्रणाली आयोजनाबाट १६५ घरपरिवार र १ विद्यालयलाई खानेपानी सेवा उपलब्ध छ | साथै ३ वटा वर्षातको पानी संकलन आयोजनाबाट १३९ घरपरिवारहरुलाई खानेपानी सेवा उपलब्ध छ | (तालिका २२)

तालिका नं २२: संचालनमा रहेका विद्यमान खानेपानी आयोजना संख्या र सेवा वितरण

विद्यमान खानेपानी आयोजना	आयोजना संख्या	घरपरिवार संख्या	स्वास्थ्य संस्था संख्या	बिद्यालय संख्या
संचालनमा रहेका आयोजना				
पाइपलाईन प्रणाली	१७४	३३३६	५	२७
मुहान सुधार प्रणाली	११	१६५	०	१
वर्षातको पानी संकलन प्रणाली	३	१३९	०	०
जम्मा	१८८	३६४०	५	२८

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

संचालनमा रहेका विद्यमान खानेपानी आयोजनाहरुबाट ५३.९% निजि धारा जडान भएका छन् भने ४६.१% सामुदायिक धारा सेवा वितरण भएका छन्| संचालनमा रहेका विद्यमान खानेपानी आयोजनाहरुबाट धारा संख्या जडान देहाय अनुसार रहेका छन्| (तालिका २३)

तालिका नं २३: संचालनमा रहेका विद्यमान खानेपानी आयोजनाबाट वितरित धाराका प्रकार तथा धारा संख्या

खेमराज जोली
(गाउँपालिका अध्यक्ष)

धारा जडानको प्रकार	घरायसी धारा	स्वास्थ्य संस्था धारा	विद्यालय धारा	अन्य धारा (कार्यालय, उद्योग, होटेल, आदि)	जम्मा	प्रतिशत
सामुदायिक धारा संख्या	५६९				५६९	४६.१
निजी धारा संख्या	५९२	५	२८	४१	६६६	५३.९
कुल जम्मा	११६१	५	२८	४१	१२३५	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

३.२ खानेपानीको गुणस्तर परिक्षण

यस खानेपानी सेवास्तर सर्भेक्षणमा प्रत्येक आयोजनाको वितरण पाइपलाईनको सबै भन्दा टाढाको धारा जहाँ लामो वितरण पाइपलाइनको कारणले गर्दा प्रदुषणको सबै भन्दा अधिक जोखिम हुन्छ त्यस्ता प्रत्येक आयोजनाका १-३ वटा धाराहरु छनौट गरेर पानी परिक्षण गरि सबैभन्दा नराम्रो गुणस्तर (धेरै इ-कोलाई) रहेको धाराको आधारमा त्यस आयोजनाको पानीको गुणस्तर निर्धारण गरिएको छ | यसरि १-३ वटा सेम्पल धाराहरुमा गरिएको पानीको गुणस्तर परिक्षणको नतिजा अनुसार सबैभन्दा नराम्रो गुणस्तर (अर्थात् धेरै इकोलई) भएको धाराको आधारमा आयोजनाका सबै धाराको गुणस्तर निर्धारण गरिएको छ | यस आधारमा विश्लेषण गर्दा, यस गाउँपालिकामा २७% आयोजनाहरुमा सुन्य इ-कोलाई अर्थात् सुरक्षित् गुणस्तरको पानी रहेको देखिन्छ जुन आयोजनाहरुबाट सुरक्षित् गुणस्तरको खानेपानी सेवा उपलब्ध भएका घरपरिवारहरु २६.१%, स्वास्थ्य संस्था २०% र विद्यालय १०.७% रहेका छन् |

तालिका नं २४: हाल संचालनमा रहेका खानेपानी आयोजनाबाट वितरित धाराको पानीमा इ-कोलाई परिक्षणको नतिजा यस गाउपलिका विद्यमान आवस्थामा रहेको इकोलीको मात्रालाई २०७८ कार्तिक मसान्त सम्म सुन्यमा झार्ने योजना रहेको छ। तपशिलमा उल्लेख गरिएको मात्रा कुनै स्कीमको कुनै एउटा प्रणालीमा परिक्षण गरिएको हो।

इ-कोलाई परिक्षण नतिजा	आयोजना %	घरपरिवार %	स्वास्थ्य संस्था %	बिद्यालय %
सुन्य इ-कोलाई	२७.०	२६.१	२०.०	१०.७
१० इ-कोलाई	२४.७	१९.२	०.०	१४.३
२० इ-कोलाई ``	२४.७	२७.८	६०.०	३९.३
५० इ-कोलाई	१८.१	१९.९	२०.०	२८.६
१०० इ-कोलाई	३.७	४.७	०.०	३.६
२०० इ-कोलाई	१.९	२.३	०.०	३.६
५०० इ-कोलाई	०.०	०.०	०.०	०.०
१००० इ-कोलाई	०.०	०.०	०.०	०.०
गणना गर्न नसकिने इ-कोलाई	०.०	०.०	०.०	०.०

खेमराज अधिकारी
(गाउँपालिका अध्यक्ष)

जम्मा	०.०	०.०	०.०	०.०

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

३.३ खानेपानीको सेवास्तर विश्लेषण

३.३.१ खानेपानीको गुणस्तर सेवास्तर

यस गाउँपालिकामा हाल संचालनमा रहेका विद्यमान खानेपानी आयोजनाहरुको नमुना धाराको पानीमा इ-कोलाई परिक्षण र मुहानबाट आयोजनाले वर्षभरि सुरक्षित् पानी लिन सक्ने संरचना निर्माण भएको अवस्था अनुसार वर्षभरि उपलब्ध खानेपानीको गुणस्तर सेवास्तर विश्लेषण गर्दा यस गाउँपालिकामा ५.०% घरपरिवार उच्च गुणस्तर, ९१.६% निम्न गुणस्तर र ३.४% सुन्य गुणस्तर सेवास्तरमा रहेका छन् | सबै (१००%) स्वास्थ्य संस्थाहरुमा खानेपानीको गुणस्तर सेवा निम्न स्तरको रहेको छ | यसैगरि गाउँपालिकाका ३.६% विद्यालयहरुमा खानेपानीको गुणस्तर सेवास्तर उच्च रहेको छ भने ९२.९% मा निम्न र ३.६% मा गुणस्तर सेवा सुन्य स्तरको रहेको छ | (तालिका २५)

तालिका नं २५: गुराँस गाउँपालिकामा खानेपानीको गुणस्तर सेवास्तर अवस्था

खानेपानी गुणस्तर सेवास्तर	घरपरिवार संख्या	स्वास्थ्य संस्था संख्या	बिद्यालय संख्या	आयोजना संख्या
सुन्य (०) स्तर	१२३	०	१	७
निम्न (१) स्तर	३३३४	५	२६	१६७
आधारभुत (२) स्तर	०	०	०	०
मध्यम (३) स्तर	०	०	०	०
उच्च (४) स्तर	१८३	०	१	१४
जम्मा	३६४०	५	२८	१८८

खानेपानी गुणस्तर सेवास्तर	घरपरिवार %	स्वास्थ्य संस्था %	बिद्यालय %	आयोजना %
सुन्य (०) स्तर	३.४	०.०	३.६	३.७
निम्न (१) स्तर	९१.६	१००.०	९२.९	८८.८
आधारभुत (२) स्तर	०.०	०.०	०.०	०.०
मध्यम (३) स्तर	०.०	०.०	०.०	०.०
उच्च (४) स्तर	५.०	०.०	३.६	७.४
जम्मा	१००.०	१००.०	१००.०	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

३.३.२ खानेपानीको परिमाण सेवास्तर

यस गाउँपालिकामा हाल संचालनमा रहेका विद्यमान १८८ खानेपानी आयोजनाहरु मध्ये ३५.६% आयोजनाहरुको परिमाण सेवास्तर उच्च, १७% मध्यम, २०.७% आधारभुत, १३.८% निम्न र १२.८% सुन्य रहेको छ | यी आयोजनाहरुले समेटेका घरधुरीहरु मध्ये २३.४% घरधुरीमा उच्च, १३.८% मा मध्यम, २३.०% मा आधारभुत, २१.२% मा निम्न र १८.६% मा सुन्य परिमाण सेवा स्तर रहेको छ | यसै गरि ४०% स्वास्थ्य संस्थामा निम्न र ६०% मा सुन्य परिमाण सेवा स्तर रहेको छ | त्यसैगरि ३.६% बिद्यालयमा उच्च, ३.६% मा मध्यम, ४६.४% आधारभूत, ३२.१% निम्न र १४.३% मा सुन्य परिमाण सेवा स्तर रहेको छ | (तालिका २६)

तालिका नं २६: गुराँस गाउँपालिकामा खानेपानीको परिमाण सेवास्तर अवस्था

खानेपानी परिमाण सेवास्तर	घरपरिवार संख्या	स्वास्थ्य संस्था संख्या	बिद्यालय संख्या	आयोजना संख्या
सुन्य (०) स्तर	६७६	३	४	२४
निम्न (१) स्तर	७७२	२	९	२६
आधारभुत (२) स्तर	८३९	०	१३	३९
मध्यम (३) स्तर	५०२	०	१	३२
उच्च (४) स्तर	८५१	०	१	६७
जम्मा	३६४०	५	२८	१८८

खानेपानी परिमाण सेवास्तर	घरपरिवार %	स्वास्थ्य संस्था %	बिद्यालय %	आयोजना %
सुन्य (०) स्तर	१८.६	६०.०	१४.३	१२.८
निम्न (१) स्तर	२१.२	४०.०	३२.१	१३.८
आधारभुत (२) स्तर	२३.०	०.०	४६.४	२०.७
मध्यम (३) स्तर	१३.८	०.०	३.६	१७.०
उच्च (४) स्तर	२३.४	०.०	३.६	३५.६
जम्मा	१००.०	१००.०	१००.०	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

३.३.३ खानेपानीको पहुँच सेवास्तर

यस गाउँपालिकामा हाल संचालनमा रहेका विद्यमान १८८ आयोजनाले सेवा पुराएका ३६४० घरधुरी मध्ये ७.४% घरधुरीहरुलाई सुरक्षित् निजि धारा प्रणाली वितरण भएको छ जसले ८.३% घरपरिवारमा उच्च स्तरको पहुँच सेवा उपलब्ध छ | ६३.८% आयोजनामा आधारभुत स्तरको पहुँच छ जसले ५७% घरपरिवारहरुलाई आधारभुत स्तरको पहुँच पुराएको छ | २५% आयोजनामा खानेपानी धाराको पहुँच निम्न स्तरको रहेको छ जसले ३१.३% घरधुरीलाई यस्तो निम्न स्तरीय पहुँच सेवा दिएको छ | त्यसैगरि ३.७% आयोजनामा खानेपानी धाराको पहुँच सुन्य स्तरको रहेको छ जसले ३.४% घरधुरीलाई यस्तो निम्न स्तरीय पहुँच सेवा दिएको छ | (तालिका २७)

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

तालिका नं २७: गुराँस गाउँपालिकामा खानेपानीको पहुँच सेवास्तर अवस्था

खानेपानी पहुँच सेवास्तर	घरपरिवार संख्या	स्वास्थ्य संस्था संख्या	बिद्यालय संख्या	आयोजना संख्या
सुन्य (०) स्तर	१२३	०	१	७
निम्न (१) स्तर	११४१	१	११	४७
आधारभुत (२) स्तर	२०७४	३	१३	१२०
मध्यम (३) स्तर	०	०	०	०
उच्च (४) स्तर	३०२	१	३	१४
जम्मा	३६४०	५	२८	१८८

खानेपानी पहुँच सेवा स्तर	घरपरिवार %	स्वास्थ्य संस्था %	बिद्यालय %	आयोजना %
सुन्य (०) स्तर	३.४	०.०	३.६	३.७
निम्न (१) स्तर	३१.३	२०.०	३९.३	२५.०
आधारभुत (२) स्तर	५७.०	६०.०	४६.४	६३.८
मध्यम (३) स्तर	०.०	०.०	०.०	०.०
उच्च (४) स्तर	८.३	२०.०	१०.७	७.४
जम्मा	१००.०	१००.०	१००.०	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

३.३.४ खानेपानीको विश्वसनीयता सेवास्तर

यस गाउँपालिकामा हाल संचालनमा रहेका १८८ विद्यमान खानेपानी आयोजनाहरु मध्ये २१.३% आयोजनामा खानेपानीको विश्वसनीयता सेवास्तर उच्च रहेको छ जसले १२.५% घरपरिवार र ७.१% विद्यालयलाई सो उच्च स्तरको विश्वसनीयता सेवा पुराएको छ | १.६% आयोजनाहरुमा खानेपानी विश्वसनीयता सेवा मध्यम स्तरको रहेको छ जसले १.६% घरधुरी र ३.६% विद्यालयहरुमा सो मध्यम स्तरीय विश्वसनीयता सेवा पुराएको छ | त्यसैगरि १.६% आयोजनाहरुमा खानेपानी विश्वसनीयता सेवा आधारभूत स्तरको रहेको छ जसले ०.५% घरधुरीमा सो आधारभूत स्तरीय विश्वसनीयता सेवा पुराएको छ | त्यसैगरि ७१.८% आयोजनाहरुमा खानेपानी विश्वसनीयता सेवा निम्न स्तरको रहेको छ जसले ८२.१% घरधुरी, १००% स्वास्थ्य संस्था, र ८५.७% विद्यालयहरुमा सो निम्न स्तरीय विश्वसनीयता सेवा पुराएको छ | त्यसैगरि ३.७% आयोजनाहरुमा खानेपानी विश्वसनीयता सेवा सुन्य स्तरको रहेको छ जसले ३.४% घरधुरी र ३.६% विद्यालयहरुमा सो सुन्य स्तरको विश्वसनीयता सेवा पुराएको छ | (तालिका नं. २८)

तालिका नं २८: गुराँस गाउँपालिकामा खानेपानीको विश्वसनीयता सेवास्तर अवस्था

खानेपानी विश्वसनीयता सेवास्तर	घरपरिवार संख्या	स्वास्थ्य संस्था संख्या	बिद्यालय संख्या	आयोजना संख्या
सुन्य (०) स्तर	१२३	०	१	७

खेमराज पोखरेल
(गाउँपालिका अध्यक्ष)

निम्न (१) स्तर	२९८८	५	२४	१३५
आधारभुत (२) स्तर	१७	०	०	३
मध्यम (३) स्तर	५७	०	१	३
उच्च (४) स्तर	४५५	०	२	४०
जम्मा	३६४०	५	२८	१८८

खानेपानी विश्वसनीयता सेवास्तर	घरपरिवार %	स्वास्थ्य संस्था %	बिद्यालय %	आयोजना %
सुन्य (०) स्तर	३.४	०.०	३.६	३.७
निम्न (१) स्तर	८२.१	१००.०	८५.७	७१.८
आधारभुत (२) स्तर	०.५	०.०	०.०	१.६
मध्यम (३) स्तर	१.६	०.०	३.६	१.६
उच्च (४) स्तर	१२.५	०.०	७.१	२१.३
जम्मा	१००.०	१००.०	१००.०	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

३.३.५ खानेपानीको समग्र सेवास्तर

यस गाउँपालिकामा संचालनमा रहेका १८८ विद्यमान आयोजनाहरु मध्ये २.७% आयोजनाको समग्र खानेपानी सेवास्तर आधारभूत रहेको छ जसले १% घरपरिवारलाई आधारभूत स्तरको समग्र खानेपानी सेवा दिएको छ | त्यसैगरि ८४.६% आयोजनाहरुमा समग्र सेवास्तर निम्न स्तरको रहेको छ जसले ८७.४% घरपरिवार, ४०% स्वास्थ्य संस्था, र ८५.७% विद्यालयहरुलाई सो निम्न स्तरको समग्र खानेपानी सेवा दिएको छ | त्यस्तै १२.८% आयोजनाहरुको समग्र खानेपानी सेवास्तर सुन्य रहेको छ जसले १८.६% घरपरिवार, ६०% स्वास्थ्य संस्था, र १४.३% विद्यालयहरुको खानेपानी समग्र सेवास्तर सुन्य स्तरको रहेको छ | (तालिका २९)

तालिका नं २९: गुराँस गाउँपालिकामा खानेपानीको समग्र सेवास्तर अवस्था

समग्र खानेपानी सेवास्तर	घरपरिवार संख्या	स्वास्थ्य संस्था संख्या	बिद्यालय संख्या	आयोजना संख्या
सुन्य (०) स्तर	६७६	३	४	२४
निम्न (१) स्तर	२९२८	२	२४	१५९
आधारभुत (२) स्तर	३६	०	०	५
मध्यम (३) स्तर	०	०	०	०
उच्च (४) स्तर	०	०	०	०
जम्मा	३६४०	५	२८	१८८

समग्र खानेपानी सेवास्तर	घरपरिवार %	स्वास्थ्य संस्था %	बिद्यालय %	आयोजना %
सुन्य (०) स्तर	१८.६	६०.०	१४.३	१२.८
निम्न (१) स्तर	८०.४	४०.०	८५.७	८४.६

खेमराज जोशी
(गाउँपालिका अध्यक्ष)

आधारभुत (२) स्तर	१.०	०.०	०.०	२.७
मध्यम (३) स्तर	०.०	०.०	०.०	०.०
उच्च (४) स्तर	०.०	०.०	०.०	०.०
जम्मा	१००.०	१००.०	१००.०	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

३.३.६ खानेपानीको समग्र सेवास्तर निम्न हुनुका कारणहरुको विश्लेषण

घरधुरीहरुको समग्र खानेपानी सेवास्तर विश्लेषण

यस गाउँपालिकामा हाल संचालनमा रहेका विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका ३६४० घरपरिवारहरुको गुणस्तर, परिमाण, पहुँच र विश्वशनीयता सूचकहरु अनुसारको खानेपानी सेवास्तर अवस्था तालिका नं. ३० र ३१ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ | यस गाउँपालिकाका घरधुरीहरुको खानेपानी सेवास्तर अवस्था परिमाण सूचक अनुसार ३९.८%, गुणस्तर अनुसार ९५%, पहुँच अनुसार ३४.७% र विश्वसनीयता अनुसार ८५.५% आधारभूत भन्दा तल रहेको देखिन्छ | आयोजनाको समग्र खानेपानी सेवास्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्युन सेवास्तर नै त्यस आयोजनाको खानेपानी समग्र सेवास्तर कायम गरिएको छ | यसरि विश्लेषण गर्दा ९५% आयोजनाका घरधुरीहरुको गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको र आधारभूत भन्दा माथि रहेका ५% आयोजनाहरुको समेत अन्य तिन वटा सूचकहरु मध्ये कुनै एक सूचक अनुसारको सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा यस गाउँपालिकाका ९९% घरधुरीहरुको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल परेको छ |

तालिका नं ३०: आयोजनाका उपभोक्ता घरपरिवारहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (घरपरिवार संख्या)

खानेपानी सेवास्तर वर्गीकरण	घरपरिवार संख्या				
	परिमाण सेवास्तर	गुणस्तर सेवास्तर	पहुँच सेवास्तर	विश्वसनीयता सेवास्तर	समस्टिगत खानेपानी सेवास्तर
सुन्य (०) स्तर	६७६	१२३	१२३	१२३	६७६
निम्न (१) स्तर	७७२	३३३४	११४१	२९८८	२९२८
आधारभुत (२) स्तर	८३९	०	२०७४	१७	३६
मध्यम (३) स्तर	५०२	०	०	५७	०
उच्च (४) स्तर	८५१	१८३	३०२	४५५	०
जम्मा	३६४०	३६४०	३६४०	३६४०	३६४०

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

तालिका नं ३१: खानेपानी आयोजनाका घरपरिवारहरुको सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (घरपरिवार %)

खेमराज जोशी
(गाउँपालिका अध्यक्ष)

खानेपानी सेवास्तर वर्गीकरण	घरपरिवार प्रतिशत				
	परिमाण सेवास्तर	गुणस्तर सेवास्तर	पहुँच सेवास्तर	विश्वसनीयता सेवास्तर	समस्टिगत खानेपानी सेवास्तर
सुन्य (०) स्तर	१८.६	३.४	३.४	३.४	१८.६
निम्न (१) स्तर	२१.२	९१.६	३१.३	८२.१	८०.४
आधारभुत (२) स्तर	२३.०	-	५७.०	०.५	१.०
मध्यम (३) स्तर	१३.८	-	-	१.६	-
उच्च (४) स्तर	२३.४	५.०	८.३	१२.५	-
जम्मा	१००.०	१००.०	१००.०	१००.०	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

यस गाउँपालिकामा रहेका १८८ खानेपानी आयोजनाका ३६४० घरधुरीहरु मध्ये १८३ आयोजनाका ३६०४ घरधुरीहरुमा समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल रहेका छन् | जसका कारणहरु विश्लेषण गर्दा १३७ घरधुरीहरुमा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले, ४८ घरधुरीमा पहुँचको कारणले, ६६ घरधुरी विश्वशनियताको कारणले, ५२० घरधुरीमा ४ वटै सूचकहरु आधारभूत भन्दा तल हुनुको कारणले, १२६० घरधुरी गुणस्तर र विश्वशनीयताले, २०७ घरधुरी गुणस्तर र पहुँचले, ४२६ घरधुरी गुणस्तर, पहुँच र विश्वशनीयताले, ८०६ घरधुरी गुणस्तर, परिमाण र विश्वशनियताले र १३४ घरधुरी सूचकहरुको अन्य बहु-संयोजन समेत निम्न रहेको कारणले विद्यमान आयोजनाका घरधुरीहरुको समग्र खानेपानी सेवास्तर आधारभूत तह भन्दा तल रहेको देखिन्छ |

तालिका नं ३२: आयोजनाका उपभोक्ता घरपरिवारहरुको समस्टिगत खानेपानी सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु

समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु	आयोजना संख्या	घरधुरी संख्या
गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	२१	१३७
परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	०	०
पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले भात्र	२	४८
विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	५	६६
सबै ४ वटा सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले	१९	५२०
गुणस्तर र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	७५	१२६०
गुणस्तर र पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	११	२०७
गुणस्तर, पहुँच र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	१८	४२६
गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	२३	८०६

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

अन्य बहु सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	९	१३४
जम्मा आधारभूत भन्दा तल रहेका आयोजना तथा घरधुरी संख्या	१८३	३६०४

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

स्वास्थ्य संस्थाको समग्र खानेपानी सेवास्तर विश्लेषण

यस गाउँपालिकाका विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका ५ स्वास्थ्य संस्थाहरुको सूचक अनुसारको खानेपानी सेवास्तर तालिका नं. ३३ र ३४ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ | विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका सबै (१००%) स्वास्थ्य संस्थाहरुमा खानेपानीको समग्र सेवास्तर आधारभुत भन्दा तल रहेको छ | यस गाउँपालिकाका स्वास्थ्य संस्थाहरुको खानेपानी सेवास्तर परिमाण सूचक अनुसार १००%, गुणस्तर अनुसार १००%, पहुँच अनुसार २०% र विश्वसनीयता अनुसार १००% स्वास्थ्य संस्थाहरु आधारभूत भन्दा तल रहेको देखिन्छ | आयोजनाको समग्र सेवास्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्यून सेवास्तर नै त्यस आयोजनाको समग्र खानेपानी सेवास्तर कायम गरिएको छ | यसरि विश्लेषण गर्दा, १००% संस्थामा परिमाण वा/र गुणस्तर वा/र विश्वशनीयता सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा सबै (१००%) स्वास्थ्य संस्थाहरुको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल परेको छ |

तालिका नं ३३: स्वास्थ्य संस्थाहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (स्वास्थ्य संस्था संख्या)

खानेपानी सेवास्तर वर्गीकरण	स्वास्थ्य संस्था संख्या				
	परिमाण सेवास्तर	गुणस्तर सेवास्तर	पहुँच सेवास्तर	विश्वसनीयता सेवास्तर	समस्टिगत खानेपानी सेवास्तर
सुन्य (०) स्तर	६	४	०	०	४
निम्न (१) स्तर	३	३	४	५	३
आधारभुत (२) स्तर	२	४	४	५	३
मध्यम (३) स्तर	०	०	२	१	१
उच्च (४) स्तर	०	०	१	०	०
जम्मा	११	११	११	११	११

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

तालिका नं ३४: स्वास्थ्य संस्थाहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (स्वास्थ्य संस्था%)

खानेपानी सेवास्तर	स्वास्थ्य संस्था %

वर्गीकरण	परिमाण सेवास्तर	गुणस्तर सेवास्तर	पहुँच सेवास्तर	विश्वसनीयता सेवास्तर	समस्टिगत खानेपानी सेवास्तर
सुन्य (०) स्तर	४०.०	४०.०	२०.०	-	४०.०
निम्न (१) स्तर	३०.०	३०.०	२०.०	८०.०	४०.०
आधारभुत (२) स्तर	३०.०	४०.०	६०.०	२०.०	२०.०
मध्यम (३) स्तर		-	-	-	-
उच्च (४) स्तर	-	-	२०.०	-	-
जम्मा	१००.०	१००.०	१००.०	१००.०	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

विद्यमान खानेपानी आयोजनाले सेवा पुराएका यस गाउँपालिकाका ५ स्वास्थ्य संस्थाहरु मध्ये ५ वटै स्वास्थ्य संस्थाहरुको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल रहेको देखिन्छ | यसका कारणहरु विश्लेषण गर्दा १ स्वास्थ्य संस्थामा परिमाण, गुणस्तर, पहुँच र विश्वशनीयता ४ वटै सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले, ४ स्वास्थ्य संस्थामा गुणस्तर. परिमाण र विश्वशनीयता सेवास्तर निम्न रहेको कारणले सबै (१००%) स्वास्थ्य संस्थाहरुमा खानेपानीको समग्र सेवास्तर आधारभूत भन्दा तल रहेको देखिन्छ |

तालिका नं ३५: स्वास्थ्य संस्थामा समस्टिगत खानेपानी सेवास्तर अवस्था आधारभूत भन्दा निम्नस्तर हुनुका कारणहरु

समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु	स्वास्थ्य संस्था संख्या
सबै ४ वटा सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले	१
गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	५
जम्मा आधारभूत भन्दा तल रहेका स्वास्थ्य संस्था संख्या	५

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

विद्यालयको समग्र खानेपानी सेवास्तर विश्लेषण

यस गाउँपालिकाका विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका ४८ विद्यालयहरुको सूचक अनुसारको खानेपानी सेवास्तर तालिका नं. ३६ र ३७ मा एकमुस्ट रुपमा प्रस्तुत गरिएको छ | विद्यमान खानेपानी आयोजनाहरुले सेवा पुराएका सबै (१००%) विद्यालयहरुमा खानेपानीको समग्र सेवास्तर आधारभुत भन्दा तल रहेको छ | यस गाउँपालिकाका विद्यालयहरुको खानेपानी सेवास्तर परिमाण सूचक अनुसार ४६.४%, गुणस्तर अनुसार ९६.४%, पहुँच अनुसार ४२.९% र विश्वसनीयता अनुसार ८९.३% आधारभूत भन्दा तल रहेको देखिन्छ | आयोजनाको समग्र सेवास्तर कायम गर्दा यिनै चारवटा सूचक अनुसारका सेवास्तरहरु मध्ये सबैभन्दा न्यून सेवास्तर नै त्यस विद्यालयको समग्र खानेपानी सेवास्तर कायम गरिएको छ | यसरि ९६.४% विद्यालयहरुमा खानेपानीको गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेको र आधारभूत भन्दा माथि रहेका ३.६%

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

आयोजनाहरुको समेत अन्य तिन वटा सूचकहरु मध्ये कुनै एक सूचक अनुसारको सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले गर्दा यस गाउँपालिकाका सबै (१००%) विद्यालयको समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल परेको छ |

तालिका नं ३६: विद्यालयहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (विद्यालय संख्या)

खानेपानी सेवा स्तर वर्गीकरण	विद्यालय संख्या				
	परिमाण सेवास्तर	गुणस्तर सेवास्तर	पहुँच सेवास्तर	विश्वसनीयता सेवास्तर	समस्टिगत सेवा स्तर
सुन्य (०) स्तर	८	७	१	६	४
निम्न (१) स्तर	१२	२८	२२	२४	२४
आधारभुत (२) स्तर	१३	८	१३	१४	१३
मध्यम (३) स्तर	९	४	८	४	५
उच्च (४) स्तर	६	१	४	२	२
जम्मा	४८	४८	४८	२८	४८

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

तालिका नं ३७: विद्यालयहरुको खानेपानी सूचक अनुसारका सेवास्तर र समस्टिगत सेवास्तर अवस्था (विद्यालय%)

खानेपानी सेवा स्तर वर्गीकरण	विद्यालय %				
	परिमाण सेवास्तर	गुणस्तर सेवास्तर	पहुँच सेवास्तर	विश्वसनीयता सेवास्तर	समस्टिगत सेवा स्तर
सुन्य (०) स्तर	१४.३	३.६	३.६	३.६	१४.३
निम्न (१) स्तर	३२.१	६०.९	३९.३	६५.७	५५.७
आधारभुत (२) स्तर	४६.४	२०.३	३६.४	२०.६	३०.६
मध्यम (३) स्तर	३.६	१०	१०.६	३.६	-
उच्च (४) स्तर	३.६	६.६	१०.७	७.१	-
जम्मा	१००.०	१००.०	१००.०	१००.०	१००.०

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

यस गाउँपालिकामा विद्यमान खानेपानी आयोजनाले सेवा पुराएका ४८ विद्यालयहरु सबैको खानेपानी सेवास्तर आधारभूत भन्दा तल रहनुको कारणहरु विश्लेषण गर्दा १ विद्यालयमा पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको

खुमराज आचार्य
(गाउँपालिका अध्यक्ष)

कारणले, ५ विद्यालयमा चार वटै सूचक सेवास्तर आधारभूत भन्दा तल रहेकोले, ८ विद्यालयमा गुणस्तर र विश्वशनीयताले, १ विद्यालयमा गुणस्तर र पहुँचको कारणले, ५ विद्यालयमा गुणस्तर, पहुँच र विश्वशनीयताले, ७ विद्यालयमा गुणस्तर, परिमाण र विश्वशनियताले र १ विद्यालयमा सूचकहरुको अन्य बहु-संयोजन अनुसार सेवास्तर निम्न रहेको कारणले विद्यमान आयोजनाले सेवा पुराएका सबै विद्यालयहरुको समग्र खानेपानी सेवास्तर आधारभूत तह भन्दा तल रहेको देखिन्छ |

तालिका नं ३८: विद्यालयहरुको खानेपानी समस्टिगत सेवास्तर अवस्था आधारभूत भन्दा निम्न स्तरको हुनुका कारणहरु

समग्र खानेपानी सेवास्तर आधारभूत भन्दा तल हुनुका कारणहरु	विद्यालय संख्या
पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	५
सबै ४ वटा सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले	१५
गुणस्तर र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	२२
गुणस्तर र पहुँच सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	१
गुणस्तर, पहुँच र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	५
गुणस्तर, परिमाण र विश्वशनीयता सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	५
अन्य बहु-सूचक सेवास्तर आधारभूत भन्दा तल रहेको कारणले मात्र	१
जम्मा आधारभूत भन्दा तल रहेका आयोजना तथा घरधुरी संख्या	४८

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

३.३.७ अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था

गुराँस गाउँपालिकामा एसएनभी नेपालले वि.सं. २०७६ मा गरेको अपांगता भएका घरधुरीहरुमा खानेपानी तथा सरसफाईको अवस्था सर्भेक्षणको तथ्यांक अनुसार यस गाउँपालिकामा जम्मा २८९ जना अपांगता भएका व्यक्तिहरु रहेका छन् जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ |

तालिका नं ३९: एस एन भी नेपालको सर्भेक्षण अनुसार गुराँस गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको विवरण

वडा नं.	सर्भेक्षण गरिएको जम्मा अपांगता भएका व्यक्तिहरु	अपांगताको प्रकार अनुसार अपांगता भएका व्यक्तिहरुको जनसंख्या								
		शारीरिक अपांगता भएका	सुस्त श्रवण वा दृष्टि बिहिन अपांगता भएका	बोल्न नसक्ने अपांगता भएका	बौद्धिक अपांगता भएका	मानसिक अपांगता भएका	हिमोफेलिया अपांगता भएका	अटिजम अपांगता भएका	मध्यम अपांगता भएका	बहु अपांगता भएका
१	३६	७	१२	४	३	४	३	३	०	०
२	३२	२३	०	४	२	०	०	०	३	०
३	५२	२७	७	२	०	१४	०	०	०	२

खुसराज ओली
(गाउँपालिका अध्यक्ष)

४	२९	१६	३	४	२	४	०	०	०	०
५	११	५	३	०	०	३	०	०	०	०
६	३९	२०	५	५	६	०	१	०	०	२
७	३४	१६	८	१	५	२	०	०	०	२
८	५६	९	३९	६	०	०	०	०	०	२
जम्मा	२८९	१२३	७७	२६	१८	२७	४	३	३	८

एसएनभी नेपालको सर्भेक्षण अनुसार यस गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको घर भित्रै खानेपानीको धारा भएका ९ जना. घरआगनमा धारा भएका २०५ जना, सामुदायिक धारामा पहुँच हुनेहरू ६५ जना र नजिकमा कुनै पनि खानेपानीको धारा नहुनेहरु १० जना रहेका छन् | अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँचको अवस्थाको वडागत विवरण निम्न अनुसार रहेको छ |

तालिका नं ४०: अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था विवरण

वडा नं.	अपांगता भएका व्यक्ति	अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था			
		घर भित्र धारा भएका	घरको आँगनमा निजि धारा भएका	सामुदायिक धारा भएका	नजिकमा धारा नभएका
१	३६	२	१३	१६	५
२	३२	०	२५	७	०
३	५२	०	५२	०	०
४	२९	१	२२	३	३
५	११	५	६	०	०
६	३९	१	१९	१८	१
७	३४	०	१७	१६	१
८	५६	०	५१	५	०
जम्मा	२८९	९	२०५	६५	१०

यस सर्भेक्षण अनुसार यस गाउँपालिकामा जम्मा २८९ जना अपांगता भएका व्यक्तिहरु मध्ये ११८ जना महिला रहेका छन् जस मध्ये ३२ जना १० देखि ५० बर्ष उमेरका महिनावारी हुने उमेरका महिलाहरु रहेका छन् जसको लागि पानीको सहज पहुँच हुनु अझ बढी आबश्यक हुन्छ | (तालिका नं. ४१ र ४२)

तालिका नं ४१: लिङ्ग अनुसार अपांगता भएका व्यक्तिहरुको विवरण

वडा नं.	अपांगता भएका व्यक्तिहरु			
	महिला	पुरुष	यौनिक अल्पसंख्यक	जम्मा
१	१२	२४		३६
२	१४	१८		३२
३	२१	३१		५२
४	१८	११		२९
५	४	७		११
६	१७	२२		३९
७	१२	२२		३४

८	२०	३६		५६
जम्मा	११८	१७१		२८९

तालिका नं ४२: १० देखि ५० वर्ष उमेरका अपांगता,भएका महिलाहरुको विवरण

वडा नं.	१० देखि ५० वर्ष उमेरका अपांगता भएका महिलाहरु
१	३
२	१२
३	४
४	३
५	०
६	३
७	३
८	४
जम्मा	३२

साथै अपांगता भएका व्यक्तिहरुको लागि सामुदायिक वा निजि खानेपानीका धाराहरु सम्म पुग्नको लागि ख्याम्प, स्पर्श टायल, हेन्डरेलिंग, धाराको उचित उचाई, र धारा प्रयोग गर्दा हातले समाउने पाइपफिटिंगहरु आदि निर्माण गरेको यस गाउँपालिकामा देखिएको छैन जसले गर्दा अपांगता भएका व्यक्तिहरुको खानेपानीमा सहज पहुँच स्तर अझ कम्जोर रहेको देखिन्छ | यसरि यस गाउँपालिकामा अपांगता भएका व्यक्तिहरुको आबस्यकता अनुसारका संरचना बन्ने नगरेकाले रजस्वला हुने उमेरका अपाङ्गता भएका महिलाहरुको लागि पानीको धारा सम्मको सहज पहुँच नहुँदा अझ कठिन अवस्था रहेको देखिन्छ |

३.४ निर्माणाधीन र हालै निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरु

यस गाउँपालिकामा २ वटा पाईपलाइन खानेपानी आयोजना हालै सम्पन्न भएका छन् | यी आयोजनाहरु खानेपानी रणनीति तर्जुमाको लागि तथ्यांक संकलन गरेको समयमा निर्माणाधीन अबस्थामा रहेका थिए | यी आयोजनाहरुले वडा नं. ६ का २७ घरपरिवारहरुलाई खानेपानी सेवा उपलब्ध गराएको छ | दुइ आयोजना मध्ये १ आयोजनाबाट निजि धारा वितरण गरिएको छ भने अर्को आयोजनाबाट सामुदायिक धारा वितरण गरिएको छ | (तालिका ४३)

तालिका नं ४३: हालै सम्पन्न भएका खानेपानी आयोजनाहरुको विवरण

वडा नं.	आयोजना संख्या	घरपरिवार संख्या	स्वास्थ्य संस्था संख्या	विद्यालय संख्या
१	१	२०		
२	३	२५		
३	१	८०		

खेमराज थापली
(गाउँपालिका अध्यक्ष)

४	१	१५		
५	१	५५		
६	२	२७	०	०
७				
८				
जम्मा	९		०	०

यस गाउँपालिकामा ३५ वटा खानेपानी आयोजनाहरु हाल निर्माणाधीन चरणमा रहेका छन् र सबै आयोजनाहरु २०७८ साल सम्ममा सप्पन्न हुनेछ | यी निर्माणाधीन आयोजनाहरुले ५२२ घरपरिवार, २ स्वास्थ्य संस्था र ७ विद्यालयहरुलाई खानेपानी सेवा उपलब्ध गराउने छ | यी आयोजनाहरुको निर्माणमा गाउँपालिका, प्रदेश सरकार, गोर्खा वेलफेयर ट्रस्ट र ग्रामिण जलश्रोत ब्यबस्थापन परियोजनाको सहयोग रहेको देखिन्छ | निर्माणाधीन आयोजनाहरुको वडागत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ | (तालिका ४४)

तालिका नं ४४: हाल निर्माणाधिन रहेका खानेपानी आयोजनाहरुको विवरण

वडा नं.	आयोजना संख्या	घरपरिवार संख्या	स्वास्थ्य संस्था संख्या	विद्यालय संख्या
१	१२	१९६	१	३
२	३	६५		
३				
४	७	१४८	१	१
५	७	३०		३
६	२	४६		
७				
८	४	३७		
जम्मा	३५	५२२	२	७

श्रोत: खानेपानी रणनीति तर्जुमा गोष्ठी र वडाको तथ्यांकबाट निर्माणाधीन आयोजनाको फेहरिस्त अद्यावधिक गरेको

३.५ खानेपानी आयोजना नपुगेका बस्तिहरु

खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२० अनुसार यस गाउँपालिकाको ७० वटा बस्तीका ११९३ घरपरिवार, ४ स्वास्थ्य संस्था र ११ बिद्यालयहरुमा हाल पाईपलाइन खानेपानी आयोजना पुग्न सकेको छैन | गाउँपालिकाका सबै वडाहरुमा यस्ता बस्तीहरु रहेका छन | वडा अनुसार पाइपलाइन खानेपानी आयोजना नपुगेका वस्तिहरुको विवरण देहाय बमोजिम रहेको छ | (तालिका नं. ४५)

तालिका नं ४५: हाल खानेपानी आयोजना नभएका बस्तिहरुको विवरण

वडा नं.	वस्ती संख्या	घरधुरी संख्या	स्वास्थ्य संस्था संख्या	विद्यालय संख्या
१	१६	१५९	०	१
२	१९	३३०	०	१

खेमराज गौली
(गाउँपालिका अध्यक्ष)

३	१०	१७९	२	४
४	१३	२४४	१	१
५	२	२०	०	१
६	४	७३	०	१
७	३	४७	१	१
८	३	१४१	०	१
जम्मा	७०	११९३	४	११

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

पाईपलाईन खानेपानी आयोजना हाल सम्म पुग्न नसकेका यी बस्तिहरुमा बाहुन ४.१%, क्षेत्रि ५०.९%, जनजाती १६.८%, दलित २६.६%, अल्पसंख्यक ०.८% र अन्य ०.८% घरपरिवार रहेका छन्| (तालिका ४६)|

तालिका नं ४६: पाइपलाईन खानेपानी आयोजना नपुगेका बस्तिहरुमा जातजाति अनुसार घरपरिवार संख्या

वडा नं.	खानेपानी आयोजना नपुगेका वस्तीहरुमा घरधुरी संख्या						
	बाहुन	क्षेत्रि	जनजाती	दलित	अल्पसंख्यक	अन्य	जम्मा
१	६	११४	१७	२२	०	०	१५९
२	१८	१८०	२२	९६	५	९	३३०
३	१३	५३	७५	३४	४	०	१७९
४	०	३५	८६	१२३	०	०	२४४
५	५	११	२	२	०	०	२०
६	२	७१	०	०	०	०	७३
७	५	३४	०	८	०	०	४७
८	०	१०९	०	३२	०	०	१४१
जम्मा घरपरिवार संख्या	४९	६०७	२०२	३१७	९	९	११९३
घरपरिवार %	४.१%	५०.९%	१६.८%	२६.६%	०.८%	०.८%	१००.०%

श्रोत: खानेपानी सेवास्तर सर्बेक्षण सन् २०१९-२०२०

३.६ खानेपानी आयोजनाको निर्माण अवस्था अनुसारको घरपरिवार संख्या विश्लेषण

खानेपानी रणनिती तर्जुमाको लागि गरिएको खानीपानी सेवास्तर सर्भेक्षणमा गुराँस गाउँपालिकामा १८८ वटा विद्यमान खानेपानी आयोजनाहरुको तथ्यांक संकलन गरेको छ जस मध्ये १४४ वटा पाइपलाइन आयोजना, ११ वटा मुहान सुधार आयोजना र ३ वटा वर्षातको पानी संकलन आयोजनाहरु हाल संचालनमा रहेका छन्|

खानीपानी सेवास्तर सर्भेक्षणको समयमा निर्माणाधीन रहेका २ वटा खानेपानी आयोजनाहरु हाल सम्पन्न भएका छन् भने ३५ वटा आयोजनाहरु हाल निर्माणाधीन अवस्थामा रहेका छन्|

खेमराज ढकाली
(गाउँपालिका अध्यक्ष)

खानेपानी सेवास्तर सर्भेक्षण गर्दा गाउँपालिकामा पाइपलाइन खानेपानी आयोजना पुग्न नसकेका ७० वटा वस्तीका १,१९३ घरधुरीहरु रहेका मध्ये ३७ वटा हालै निर्माण सम्पन्न भएका र हाल निर्माणाधीन रहेका आयोजनाहरुबाट ५४९ घरधुरीहरुको खानेपानी सेवास्तर उन्नति गर्ने भएकोले हाल खानेपानी पुग्न नसकेका वा खानेपानी आयोजना बन्द रहेका जम्मा ३३ वस्तीहरुका ६४४ घरधुरीहरु रहेका छन्।

यसरि खानेपानी सेवास्तर सर्भेक्षण सन् २०१९-२०२० अनुसार गाउँपालिकाका सबै चरणका खानेपानी आयोजनाहरु र आयोजना नपुगेका वस्तीहरुको जम्मा घरपरिवार संख्या ४८३३ रहेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार गुराँस गाउँपालिकाको जम्मा घरपरिवार संख्या ४०९६ रहेको छ भने गाउँपालिकाको वस्तुगत विवरण तयारीको लागि गरेको घरधुरी सर्भेक्षण २०७४ अनुसार गाउँपालिकाको जम्मा घरपरिवार संख्या ३९७८ रहेको देखिन्छ। यस गाउँपालिकामा एउटै घरपरिवारको गाउँमा र सडक छेउ वा ब्यापारिक केन्द्र वा गाउँपालिका भित्र अन्य ठाउँमा परिवारका सदस्यहरु बस्ने दुई घर हुने गरेका घरपरिवारहरु पनि उल्लेख्य रुपमा रहेको देखिन्छ। जनगणना गर्दा यस्ता घरपरिवारको एउटा मात्र घरधुरीको तथ्यांक संकलन हुने गर्छ तर खानेपानी सेवास्तर सर्भेक्षण गर्दा यस्ता घरधुरीहरुले दुइ वटै घरको तथ्यांक दिने गरेको देखिन्छ। यसरि घरधुरी सर्भेक्षण २०७४ संग तुलना गर्दा गाउँपालिकामा ८५५ घरपरिवारको दुई वटा घर रहेको देखिन्छ। प्रति वडा औशत १०७ घरपरिवारको दुइ ठाउँमा घर रहेको देखिन्छ। एउटै घरपरिवारको दुई ठाउमा नियमित बसोबास रहेका यस्ता घरहरु समेतलाई खानेपानी सेवा दिनु पर्ने आवस्यकतालाई महसुस गरि गणना गर्दा गाउँपालिकामा खानेपानीको सेवास्तर वृद्धि गर्नुपर्ने जम्मा घरधुरी संख्या ४८३३ नै कायम गरि सेवास्तर उन्नतिको कार्य योजना बनाइएको छ।

खानीपानी सेवास्तर सर्भेक्षण २०१९-२० अनुसार गुराँस गाउँपालिकामा रहेका खानेपानी आयोजनाहरु र खानेपानी आयोजना पुग्न नसकेका वस्तीहरुमा घरधुरी संख्या, स्वास्थ्य संख्या र विद्यालय संख्या बिबरण निम्न तालिका बमोजिम रहेको छ। (तालिका नं. ४७)

तालिका नं ४७: गुराँस गाउँपालिकामा खानेपानी आयोजनाको निर्माण अवस्था अनुसार घरसंख्या, स्वास्थ्य संस्था संख्या र विद्यालय संख्या विवरण

क्र. सं.	खानेपानी आयोजनाको अवस्था	आयोजना /वस्ती संख्या	घर संख्या	स्वास्थ्य संस्था संख्या	बिद्यालय संख्या
१	विद्यमान खानेपानी योजना	१८८	३,६४०	५	२८
	विद्यमान संचालनमा रहेका पाइपलाइन आयोजना	१७४	३,३३६	५	२७
	विद्यमान मुहान सुधार आयोजना	११	१६५	-	१
	विद्यमान वर्षातको पानी संकलन आयोजना	३	१३९	-	-
२	हालै सम्पन्न भएका पाइपलाइन आयोजना	२	२७.००	-	-
३	निर्माणाधीन पाइपलाइन आयोजना	३५	५२२.००	२	७
४	खानेपानी आयोजना नपुगेका वा	३३	६४४.००	२	१४

खेमराज जोशी
(गाउँपालिका अध्यक्ष)

	खानेपानी आयोजना बन्द रहेका वस्तीहरु				
	जम्मा	२५८	४,८३३	९	४९

श्रोत: खानेपानी सेवास्तर सर्वेक्षण सन् २०१९-२०२०

४ परिच्छेद ४: खानेपानी लक्ष्य, रणनीति र प्राथमिकता

गुराँस गाउँपालिकाले सन् २०३० (वि.सं. २०८७) सम्ममा नेपाल सरकारको खानेपानी क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका मुख्य तीन वटा लक्ष्य तथा कोसेढुंगाहरु निर्धारण गरि उक्त लक्ष्यहरु हासिल गर्नको लागि देहाय बमिजिमका रणनीति र प्राथमिकताहरु निर्धारण गरेको छ |

पहिलो कोसेढुंगा : ५ वर्ष, सन् २०२०-२०२५

लक्ष्य १ : सबैलाई आधारभूत स्तरको खानेपानी सुबिधा सन् २०२५ सम्ममा पुराउने |

रणनीति: यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ |

प्राथमिकता नं. १: आधारभूत सेवा स्तरमा पुराउने: देहाय बमोजिमका आयोजनाहरुमा सेवा स्तर उन्नति निर्माण कार्य गरि खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरेर आधारभूत स्तरमा पुराउने रणनीति लिईनेछ |

- खानेपानी बिस्वसनियता सेवास्तर कम्जोर भएका आयोजनाहरुमा साना निर्माण सुधार कार्य र खानेपानीको ब्यबस्थापन, संचालन तथा सम्भारमा प्रामाणिक संचालन बिधि लागु गरि आयोजनाको विश्वसनीय सेवा स्तरमा सुधार गरि आधारभूत स्तरमा पुराउने |
- गुणस्तर सेवास्तर कम्जोर भएका मुल मुहान प्रयोग गरेका आयोजनाहरुमा साना निर्माण सुधार कार्य र पानी सुरक्षा योजना तथा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन द्वारा गुणस्तर सेवास्तर वृद्धि गरि आधारभूत स्तरमा पुराउने |
- आयोजनाको सेवास्तर उन्नति गर्दा ती आयोजना अन्तर्गतका स्वास्थ्य संस्था र विद्यालयहरुमा आयोजनाबाट पानीको वितरणमा रुकावट भएको अवस्थामा समेत संस्थामा पानीको उपलब्धता कायम राख्नको लागि पानीको अन्तरिक भण्डारण, प्लाम्बिंग र मापदण्ड अनुसारका आवश्यक धाराहरु (पिउनेपानी, हातधुने, चर्पी, सरसफाइ, आदिका लागि) निर्माण गरि संस्थाहरुमा मध्यमस्तरको खानेपानी सेवा उन्नति गर्ने रणनीति लिइनेछ |

प्राथमिकता नं. २: मध्यम सेवास्तरमा पुराउने: निम्न अवस्थाका आयोजनाहरुको सेवास्तर उन्नति निर्माण कार्य गरि खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरेर मध्यम स्तरमा पुराउने रणनीति लिईनेछ |

- निम्न बमोजिमका आयोजनाहरुको नयाँ निर्माण गर्दा वा पुनर्निर्माण गर्दा मध्यम स्तरको निर्माण गर्ने रणनीति लिईनेछ |
  - हाल खानेपानी सेवा पुग्न नसकेका बस्तिमा विद्यमान प्रणालीबाट सेवा पुराउने | यसरि विद्यमान प्रणालीबाट सेवा पुराउन नसकेमा नयाँ पाइपलाइन निर्माण गर्ने |

खेमराज अधिकारी
(गाउँपालिका अध्यक्ष)

- पाइपलाइन खानेपानी प्रणाली नभएका (पँधेरो सुधार आदि आयोजना भएका) बस्तीमा नयाँ पाइपलाइन प्रणाली निर्माण गर्ने |
- पाइपलाइन खानेपानी प्रणाली नभएका (घरघरमा वर्षातको पानी संकलन आदि आयोजना भएका) बस्तीमा नयाँ पाइपलाइन प्रणाली निर्माण गर्ने | यस्ता वस्तीहरुमा उपलब्ध श्रोत अनुसारको उपयुक्त प्रबिधिको प्रयोग गरि नयाँ पाईपलाइन आयोजना निर्माण गर्ने |
- सामुदायिक धारा प्रणालीका विद्यमान् खानेपानी आयोजनाहरुको धेरै जसो धाराहरुमा परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेका वा पहुच सेवास्तर आधारभूत भन्दा तल रहेका आयोजनाहरुको पुनर्निर्माण गरि निजि धारा जडान प्रणालीमा सुधारोंनती गर्ने |

- परिमाण सेवास्तर मध्यम रहेका खानेपानी आयोजनाहरुमा निजि धारा प्रणालीमा स्तर उन्नति निर्माण कार्य गरि मध्यमस्तरको सेवामा पुराउने रणनीति लिईनेछ |
- हालै सम्पन्न भएका र हाल निर्माणाधीन रहेका निजि धारा प्रणालीका खानेपानी आयोजनहरुमा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरि मध्यम सेवास्तरमा पुराउने रणनीति लिइनेछ |
- आयोजनाको सेवास्तर उन्नति गर्दा ती आयोजना अन्तर्गतका स्वास्थ्य संस्था र विद्यालयहरुमा आयोजनाबाट पानीको वितरणमा रुकावट भएको अवस्थामा समेत पानीको उपलब्धता कायम राख्नको लागि पानीको अन्तरिक भण्डारण, प्लाम्बिंग र मापदण्ड अनुसारका आवश्यक धाराहरु (पिउनेपानी, हातधुने, चर्पी, सरसफाइ, आदिका लागि) निर्माण गरि संस्थाहरुमा मध्यमस्तरको खानेपानी सेवा उन्नति गर्ने रणनीति लिइनेछ |

प्राथमिकता नं. ३: उच्च सेवा स्तरमा पुराउने: निम्न अवस्थाका आयोजनाहरुको सेवा स्तर उन्नतिका लागि निर्माण कार्य गरि तथा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरेर उच्च सेवा स्तरमा पुराउने रणनीति लिईनेछ |

- पानीको परिमाण सेवास्तर उच्च रहेंका खानेपानी आयोजनाहरुको सुधार निर्माण कार्य तथा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरि उच्चस्तरमा पुराउने रणनीति लिइनेछ |
- उच्च सेवास्तरका खानेपानी आयोजना अन्तर्गतका सबै स्वास्थ्य संस्था र विद्यालयहरुमा उच्च स्तरको खानेपानी सेवा उन्नति गर्ने रणनीति लिइनेछ |

प्राथमिकता नं. ४: उच्च सेवास्तरमा पुराउन अध्ययन गरि डीपीआर तयार गर्ने: निम्न बमोजिमका ठुला आयोजनाहरुको सेवास्तर उन्नति गरि उच्च सेवास्तरमा पुराउन एक वर्ष सम्म अध्ययन गरि विस्तृत आयोजना प्रतिबेदन (डीपीआर) तयार गर्ने रणनीति लिइनेछ |

- घना वस्ती भएका वा बजार उन्मुख क्षेत्रहरुमा उच्च सेवस्तरका ठुला आयोजनाका लागि एक बर्षसम्म मुहान (खोला) मा पानीको परिमाणको नाप र पानीको गुणस्तर (भौतिक, रासायनिक र जैविक) मासिक रुपमा परिक्षण गरि पानी प्रशोधन प्रणाली र आबश्यक संरचना निर्माणको लागि

खेमराज जोशी
(गाउँपालिका अध्यक्ष)

डीपीआर तयार गर्ने | यस्तो आयोजनाको अध्ययन गर्दा एक भन्दा बढी विद्यमान आयोजनाहरुलाई समेटेर ठुला ब्यबस्थित र भरपर्दो आयोजना बनाउन सकिनेछ | यस्ता आयोजनाहरु निर्माण गर्दा विद्यमान आयोजनाका संरचनाहरुको प्रयोग गरिनेछ |

दोश्रो कोसेढुंगा : ३ वर्ष, सन् २०२६–२०२८

लक्ष्य २: सबैलाई मध्यम स्तरको खानेपानी सुबिधा सन् २०२८ सम्ममा पुराउने |

रणनीति: यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ |

प्राथमिकता:

प्राथमिकता नं. १: आधारभूत, मध्यम एवं उच्च स्तरका सेवा आयोजनाहरुको राम्रो संचालन ब्यबस्थापन गर्न खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि प्रभाबकारी रुपमा लागु गर्ने र अनुगमन गर्ने रणनीति लिइनेछ |

प्राथमिकता नं. २: आधारभूत स्तरका खानेपानी आयोजनाहरुलाई मध्यमस्तरमा स्तर उन्नति गर्ने निर्माण कार्य गर्ने रणनीति लिइनेछ |

प्राथमिकता नं. ३: मुख्य वस्ति भन्दा बाहिर अबस्थित घरपरिवारहरुको खानेपानी सुबिधा स्तर मध्यम पुराउने रणनीति लिइनेछ |

प्राथमिकता नं. ४: घना वस्ती भएका वा बजार उन्मुख क्षेत्रहरुमा अध्ययन गरि तयार भएको डीपीआर अनुसारको उच्च सेवा स्तरका ठुला आयोजना निर्माण गरिनेछ | यस्ता आयोजना पानी प्रशोधन प्रणाली सहितको हुनेछ | यस्ता आयोजनाहरु निर्माण गर्दा विद्यमान आयोजनाका संरचनाहरुको प्रयोग गरिनेछ | एक भन्दा बढी विद्यमान आयोजनालाई समेटेर ठुला आयोजना बनाउन सकिनेछ |

प्राथमिकता नं. ५: उच्च सेवा स्तरका खानेपानी आयोजना अन्तर्गतका सबै स्वास्थ्य संस्था र विद्यालयहरुमा उच्च स्तरको खानेपानी सेवा उन्नति गर्ने रणनीति लिइनेछ | यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गरि उच्च स्तरको खानेपानी सेवा पुराउने रणनीति लिइनेछ |

प्राथमिकता नं. ६: बाँकि आयोजनाहरुलाई उच्च सेवास्तरमा पुराउन अध्ययन गरि डीपीआर तयार गर्ने: निम्न बमोजिमका आयोजनाहरुको सेवास्तर उन्नति गरि उच्च सेवा स्तरमा पुराउन एक वर्ष सम्म अध्ययन गरि डीपीआर तयार गर्ने रणनीति लिइनेछ |

- अन्य घना वस्ती भएका वा बजार उन्मुख क्षेत्रहरुमा उच्च सेवस्तरका ठुला आयोजनाका लागि एक बर्षसम्म मुहान (खोला) मा पानीको परिमाणको नाप र पानीको गुणस्तर (भौतिक, रासायनिक र जैविक) मासिक रुपमा परिक्षण गरि पानी प्रशोधन प्रणाली र आबश्यक संरचना निर्माणको लागि डीपीआर तयार गर्ने | यस्तो आयोजनाको अध्ययन गर्दा एक भन्दा बढी

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

विद्यमान आयोजनाहरुलाई समेटेर ठुला ब्यबस्थित र भरपर्दो आयोजना बनाउन सकिनेछ | यस्ता आयोजनाहरु निर्माण गर्दा विद्यमान आयोजनाका संरचनाहरुको प्रयोग गरिनेछ |

- उच्च सेवा स्तरमा नपुगेका बाँकि ग्रामिण क्षेत्रका आयोजनाहरुको उच्च सेवा स्तरमा पुराउनको लागि अध्ययन: गाउँपालिकामा उच्च सेवा स्तरमा पुग्न बाँकि रहेका सबै ग्रामिण क्षेत्रका आयोजनाहरुलाई स्तर उन्नति गरि उच्च सेवा स्तरमा पुराउनका लागि पानीको श्रोतको वर्षभरि परिमाण र गुणस्तरको अनुगमन गरि आयोजनाहरुको स्तर उन्नति गर्न आबश्यक थप संरचना निर्माण गर्नको लागि डीजाइन इस्टिमेट तयार गर्ने रणनीति लिइनेछ | खानेपानीको परिमाण र गुणस्तर सेवा उच्च स्तरमा पुराउनका लागि उपलब्ध श्रोत अनुसारको उपयुक्त प्रविधिको प्रयोग गरिनेछ | मुहानको पानीको गुणस्तर सुधार गर्नु पर्ने अवस्थामा उपयुक्त पानी प्रशोधन प्रणालीको अध्ययन गरिनेछ |

तेश्रो कोसेढुंगा : २ वर्ष, सन् २०२९ – २०३०

लक्ष्य ३: सबैलाई उच्च स्तरको खानेपानी सुबिधा सन् २०३० सम्ममा पुराउने |

रणनीति: यस लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ |

प्राथमिकता:

प्राथमिता नं. १: मध्यम सेवास्तरमा बाँकि रहेका सबै आयोजनाहरुमा आवश्यक संरचना निर्माण र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरि उच्चस्तरमा पुराउने रणनीति लिइनेछ |

- अन्य घना वस्ती भएका वा बजार उन्मुख क्षेत्रहरुमा तयार भएको डीपीआर अनुसारको पानी प्रशोधन प्रणाली सहितको उच्च सेवस्तरका ठुला खानेपानी आयोजना निर्माण गरिनेछ | यस्ता आयोजनाहरु निर्माण गर्दा विद्यमान आयोजनाका संरचनाहरुको प्रयोग गरिनेछ | एक भन्दा बढी विद्यमान आयोजनाहरुलाई समेटेर ठुला आयोजना बनाउन सकिनेछ |
- उच्च सेवास्तरमा नपुगेका बाँकि ग्रामिण क्षेत्रका आयोजनाहरुको तयार भएको डीपीआर अनुसारको उच्च सेवास्तरको आयोजना निर्माण गरिनेछ | यस्ता ग्रामिण क्षेत्रका साना आयोजनाहरुमा परिमाण र गुणस्तर सेवा उच्चस्तरमा पुराउनका लागि उपलब्ध श्रोत अनुसारको उपयुक्त प्रविधिको प्रयोग गरिनेछ | यस्ता साना आयोजनामा मुहानको पानीको गुणस्तर सुधार गर्नु पर्ने अवस्थामा उपयुक्त पानी प्रशोधन प्रणालीको निर्माण वा जडान गरिनेछ |

प्राथमिकता नं. २: मध्यम सेवास्तरमा बाँकि रहेका सबै संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने रणनीति लिइनेछ | यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गरि उच्चस्तरको खानेपानी सेवा पुराउने रणनीति लिइनेछ |

प्राथमिकता नं. ३: उच्च स्तरको खानेपानी सेवा पुराउन सक्ने पूर्वाधार उन्नति भएका सबै आयोजनाहरुको राम्रो संचालन ब्यबस्थापन गर्न खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि प्रभाबकारी रुपमा लागु गरि

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

उपभोक्ताहरुलाई निरन्तर उच्चस्तरको खानेपानी सेवा उपलब्ध गराउने रणनीति लिइनेछ | यसका लागि गाउँपालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुको उच्चस्तरको संचालन मर्मत सम्भार तथा ब्यबस्थापनको लागि निरन्तर सहयोग, क्षमता अभिवृद्धि, अनुगमन तथा नियमन गर्ने रणनीति लिइनेछ |

५ परिच्छेद ५: कार्यान्वयन रणनीति

गुराँस गाउँपालिकाले यस खानेपानी रणनीति २०७७-२०८७ कार्यान्वयन गर्दा देहाय बमोजिमका रणनीतिहरु अबलम्बन गर्नेछ |

खानेपानी सेवास्तर उन्नति रणनीति:

- घरधुरी, स्वास्थ्य संस्था र विद्यालयको लागि आधारभूत, मध्यम र उच्च स्तरको खानेपानी सेवा वृद्धि गर्नको लागि साना निर्माण देखि प्रशोधन केन्द्र सहितको ठुला नयाँ खानेपानी आयोजना निर्माण तथा पुनर्निर्माण गरिनेछ |
- साथै खानेपानीको आधारभूत, मध्यम र उच्च सेवास्तर वृद्धि तथा उक्त सेवास्तर निरन्तर कायम गर्नको लागि खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरिनेछ |
- गाउँपालिकामा खानेपानी परिक्षण प्रयोगशाला स्थापना गरि आयोजनाहरुमा खानेपानीको गुणस्तर अनुगमन नियमित रुपमा गरिनेछ |
- स्वास्थ्य संस्था र विद्यालयहरुमा खानेपानीको पानी संकलन टंकी निर्माण र आन्तरिक प्लम्बिंग तथा आबस्यक स्थानहरुमा आबस्यक संख्यमा धाराहरु निर्माण गरि खानेपानी सेवास्तर वृद्धि गरिनेछ |
- सार्बजनिक स्थानहरुमा चौबिसै घण्टा खानेपानीको सुबिधा हुनेगरी खानेपानीको धारा निर्माण गरिनेछ |
- "सबैका लागि खानेपानी नीति" लिइनेछ | अर्थात् खानेपानी सेवास्तर वृद्धि गर्दा कोहि पनि छुट्ने छैन |
- खानेपानीको सेवास्तर वृद्धि गर्दा समाबेशी तथा लैंगिक समानता, अपांगता भएका व्यक्तिहरुको आबस्यकता र जलवायु परिवर्तन लचकतालाई खानेपानीको सेवास्तर वृद्धि कार्यक्रममा एकीकृत गरिनेछ|
- खानेपानी सेवास्तर वृद्धि क्रियाकलापहरु कार्यान्वयन गर्दा सम्भावित जोखिममा रहेका ब्यक्तिहरुको अबस्यकता र संबेदनशिलातालाई सम्बोधन गरिनेछ |

खानेपानी संचालन तथा ब्यबस्थापन रणनीति:

- खानेपानी सेवा संचालन ब्यबस्थापनको लागि खानेपानी सेवा प्रदायकको क्षमता र अन्य उपलब्ध श्रोतको आधारमा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गरिनेछ | खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि अन्तर्गत खानेपानी संचालनका प्रामाणिक संचालन विधिहरुको प्रयोग गरि आयोजनाहरुको संचालन, मर्मत सम्भार तथा ब्यबस्थापन गरिनेछ जस अन्तर्गत जीवन चक्र खर्चको आधारमा खानेपानी महशुल निर्धारण, जलवायु परिवर्तन लचकता सहितको पानी सुरक्षा योजना,

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

पानीको गुणस्तर अनुगमन, निरोधात्मक सम्भार, गुनासो व्यबस्थापन, चुहावट नियन्त्रण, लेखा व्यबस्थापन, स्वमुल्यांकन, आदि समावेश रहनेछ |

समावेशी खानेपानी रणनीति:

- निर्धारित लक्ष्य हासिल गर्नको लागि क्रियाकलाप कार्यान्वयन गर्दा सम्भावित जोखिममा रहेका व्यक्तिहरुको अबस्यकतालाई सम्बोधन गरिने छ | यसरि कार्य गर्दा त्यस्ता व्यक्ति र वर्गलाई "कुनै नोक्सान नगर" भन्ने सिद्धान्तलाई पालना गरिने छ |
- महशुल निर्धारण गर्दा महशुल तिर्न नसक्ने अति बिपन्न घरहरुको पहिचान गरि उक्त घरहरुको लागि एक बर्ष सहुलियत दरमा महशुल लिने नीति लिइनेछ | साथै एक बर्षमा उक्त घरपरिवारको आय वृद्धि गरि महशुल तिर्न सक्ने बनाउनको लागि आय आर्जन मुलक क्रियाकलाप गर्न खानेपानी सेवा प्रदायक संस्थाले उक्त घरपरिवारलाई सहयोग र समन्वय गर्नेछ |
- खानेपानीको सेवास्तर वृद्धि गर्दा कोहि पनि नछुट्ने गरि महिला, पुरुष, बालबालिका, दलित, जनजाती, अल्पसंख्यक, पिछडिएका, जोखिममा रहेका जातजाति र अपांगता भएका व्यक्तिहरु सबैको लागि सेवा उपलब्ध हुने गरि कार्यक्रम लागु गरिनेछ | आयोजनामा सहभागी गराउनको लागि आयोजना निर्माण र सेवा शुल्कमा यस्ता सिमान्तकृत वर्गहरुलाई बिशेष क्षमता अनुसारको सहभगिता वा सरकार वा समुदायले विशेष सहुलियत दिने नीति लिईनेछ |
- लैंगिक समानता तथा सामाजिक समाबेशीकरण, जलबायु अनुकुलन तथा विपद ब्यबस्थापन जस्ता अन्तरसम्बन्धित विषयहरुलाई यस खानेपानी रणनीति कार्यान्वयन गर्दा अनिवार्य रुपमा अबलम्बन गरिनेछ |
- आयोजनामा खानेपानी रणनीति कार्यान्वयन एवं खानेपानी संचालन ब्यबस्थापनका प्रत्येक तहका निर्णय प्रक्रियामा महिला, दलित, अल्पसख्यक, अपांगता भएका व्यक्ति, आदिको सहभागिता सुनिस्चित गरिनेछ |

अपांगता भएका व्यक्तिहरुको लागि खानेपानी रणनीति:

- खानेपानीमा पहुँचको लागि अरुको सहयोग आबस्यक पर्ने अपांगता भएका व्यक्तिहरुको लागि अरुको सहयोग आबस्यक पर्ने स्तरीकरणको आधारमा प्राथमिकीकरण गरि पहुँच पुराउने रणनीति लिइनेछ |
- अपांगता भएका घरपरिवारलाइ खान र व्यक्तिगत स्वच्छता ब्यबहारको लागि पानीमा प्रत्येक सदस्यको बराबर पहुँच हुनु पर्ने कुराको महत्व बारे राम्रो संग बुझाइ सबै सदस्यहरुलाई पानीको बराबर पहुँच पुराउनको लागि यस्ता परिवारहरुलाइ सहयोग पुराउने रणनीति लिइनेछ |

रोशनराज आँली
(गाउँपालिका अध्यक्ष)

- खानेपानी र व्यक्तिगत स्वच्छतामा पानीको पहुँचको लागि अर्को व्यक्तिको धेरै सहयोग आबस्यक पर्ने खालका अपांगता भएका व्यक्तिहरुको हेरचाह गर्ने व्यक्तिको लागि बिशेष सहयोग पुराउने रणनीति लिइनेछ |
- वास योजना तर्जुमा गर्दा, खानेपानी आयोजनाको डीपीआर बनाउँदा, क्षमता अभिवृद्धि कार्यक्रम बनाउँदा र कार्यान्वयन गर्दा अपांगता भएका ब्यक्तिहरुको स्थानीय संस्थासंगको सहभागितामा गरिने छ |
- अपांगता भएका व्यक्तिहरुको खान र स्वच्छता ब्यबहारमा पानीको पहुँच सुनिस्चित गर्नको लागि सरसफाई तथा स्वच्छता ब्यबहार परिवर्तनका कार्यक्रमहरु स्थानीय सरकारको पहलमा अपांगता भएका ब्यक्तिहरुको संस्था र स्थानीय सरकारको सहभागितामा गरिने छ |
- सामाजिक ब्यबहार परिवर्तन संचारलाई समाबेशी गराउनको लागि सचेतना र अन्य दृष्टिकोण परिवर्तन गर्ने रणनीतिहरूलाई प्राथमिकताका साथ लागु गरिनेछ |
- अपांगता भएका व्यक्तिहरुको सरकारी प्रशासनिक सम्बन्धि कार्य र अन्य सहयोगको लागि सामाजिक संस्था र अन्य सहयोगी सेवाहरुको समेत सहयोग लिने रणनीति लिइनेछ |
- अपांगता भएका व्यक्तिहरु जो सबै भन्दा सिमान्तकृत हुन्छन उनीहरुको अनुभब र सहभागिता सुनिस्चित गर्न उनीहरुलाई अनुगमन प्रकियामा समाबेश गर्ने रणनीति लिइनेछ | अनुगमनमा अपांगता भएका महिला र पुरुष दुबैको सहभागिता सुनिस्चित गर्ने रणनीति लिइनेछ |

खानेपानी संचालन ब्यबस्थापन संरचना तथा नीति निर्माण रणनीति

- खानेपानी रणनीति कार्यान्वयन गर्दा मापदण्ड बनाई लागु गरिनेछ एवं नियमन गरिनेछ | यसका लागि गाउँपालिकाले आबश्यक मापदण्ड, कार्यविधि, ऐन तथा निर्देशिका तयार गरि लागु गर्नेछ |
- साथै यस खानेपानी रणनीति र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि गाउँपालिकाले पालिका र वडा स्तरमा आबस्यक संस्थागत संरचना विस्तार तथा क्षमता विकास गर्नेछ | यस रणनीति अनुसारका संस्थागत संरचनाहरु विस्तार गरि जिम्मेवारी दिनेछ |
- गाउँपालिकाले यस रणनीति कार्यान्वयनको लागि आवश्यक वार्षिक बजेट छुट्टाउने छ | साथै प्रदेश सरकार, संघिय सरकार र विकास साझेदारहरुसंग यस रणनीति कार्यान्वयन गर्न सहकार्यको लागि पहल गर्नेछ |

६ परिच्छेद ६: संस्थागत संरचना तथा विस्तार

गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्नका लागि गाउँपालिका र वडाको निर्णय गर्ने र अनुगमन तथा समिक्षा गर्ने संरचनाहरुमा सुधार तथा समितिहरुलाई थप सक्रिय बनाइ देहाय बमोजिमका कार्यहरु गर्नेछ |

- गाउँ कार्यपालिकाले यस खानेपानी रणनीति कार्यान्वयनको लागि संस्थागत संरचनाहरुको विस्तार गर्ने तथा खानेपानी समन्वय समितिहरुलाई थप सक्रिय बनाउने कार्य गर्नेछ | यसरि गाउँ कार्यपालिकाले यस

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

खानेपानी रणनीति कार्यान्वयनको लागि यस रणनीतिले परिकल्पना गरेको संस्थागत संरचनाहरुको विस्तार गरि सबैको जिम्मेवारी दिने कार्य गर्नेछ |

- गाउँ कार्यपालिकाले गाउँपालिका स्तरमा यस खानेपानी रणनीति कार्यान्वयनको अनुगमन, समिक्षा र निर्णय गर्नेछ |
- गाउँ कार्यपालिकाले कार्यपालिका अन्तर्गतका समिति र उपसमितिहरुलाई यस खानेपानी रणनीति कार्यान्वयनका विभिन्न बिषयहरु: खानेपानी पूर्वाधार, समाबेशी, सुशासन, विपद ब्यबस्थापन, आदिमा अनुगमन गरि सुझाबको लागि जिम्मेवारी दिनेछ |
- गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति (पालिका वास सिसि) ले खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन गरि सुझाब दिनेछ | जस अन्तर्गत खानेपानी संचालन ब्यबस्थापनको अवस्था, खानेपानीको गुणस्तर परिक्षण, खानेपानी सेवा स्तर उन्नति, समावेशी रणनीति कार्यान्वयनको अवस्था, अपांगता भएका व्यक्तिहरुको सहभागिता र खानेपानीमा पहुँच आदिको स्थलगत अनुगमन तथा तथ्यांक विश्लेषण गरि सुझाब दिनेछ | यस समितिले मासिक रुपमा अनुगमन गरि निर्देशन/सुझाब दिनेछ |
- वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति (वडा वास सिसि) ले यस खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयनको अवस्था प्रत्येक महिनामा अनुगमन गरि सुझाब दिनेछ |
- टोल सरसफाई समितिलाई सक्रिय बनाई यस खानेपानी रणनीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा समाबेशी र कोहि पनि नछुट्ने परिकल्पना गरे अनुसारको भएको अनुगमन गरि समाबेशी भएको सुनिस्चित गर्न सुझाब दिनेछ |
- पालिका र वडा स्तरका समिति र उपसमितिहरुको संरचनाहरुलाई थप समाबेशी बनाइने छ |

गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्नको लागि गाउँपालिका र वडा कार्यालयको प्राबिधिक कार्य गर्ने संरचनाहरुको विस्तार गरि देहाय बमोजिमका प्राबिधिक कार्यहरु गर्नेछ |

- गाउँपालिकामा खानेपानीको प्राबिधिक कार्य गर्नको लागि गाउँ पालिकामा खानेपानी इकाई स्थापना गरिनेछ | यस खानेपानी ईकाईमा खानेपानी परिक्षण प्रयोगशाला र खानेपानी तथ्यांक ईकाई थप गरि खानेपानी शाखामा क्षमता विस्तार गर्ने रणनीति लिइनेछ |
    - पालिका स्तरीय यस खानेपानी शाखाले खानेपानी रणनिती तथा रणनीतिक कार्ययोजना कार्यान्वयन गर्न प्राबिधिक सहयोग गर्नेछ |
    - खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गर्न प्रशिक्षण तथा सहयोग गर्नेछ |
    - गाउँपालिका स्तरमा पानी परिक्षण प्रयोगशाला स्थापना गरि क्षमता विकास गरिनेछ | यस प्रयोगशालाले नियमित पानी परिक्षण तथा खानेपानीको गुणस्तर सर्भेक्षण गरि विश्लेषण प्रस्तुत गरि सुझाब गर्नेछ |

खेमराज अधिकारी
(गाउँपालिका अध्यक्ष)

- साथै वडा कार्यालयहरुमा समेत खानेपानी इकाई स्थापना गर्ने रणनीति लिइनेछ | यस ईकाईमा स्थानीय दक्ष व्यक्तिहरुलाई अनुबन्धन गरि खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि तथा पानी सुरक्षा योजना कार्यान्वयन गर्न सहयोग गर्नेछ |

गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्नको लागि खानेपानी संचालन, मर्मत सम्भार तथा ब्यबस्थापन तथा सेवा स्तर उन्नति अवस्था सम्बन्धि तथ्यांक अध्यावधिक तथा विश्लेषण गर्ने संरचनाहरुको स्थापना तथा क्षमता विस्तार गरि देहाय बमोजिमका कार्यहरु गर्नेछ |

- खानेपानी संचालन ब्यबस्थापन तथा खानेपानी सेवास्तर वितरणको अवस्थाको तथ्यांक मासिक रुपमा अध्यावधिक गरि बिस्लेशण गर्न खानेपानी तथ्यांक ईकाई गाउँपालिका स्तरमा स्थापना गरिने छ | यो खानेपानी तथ्यांक इकाई गाउँपालिका स्तरीय खानेपानी शाखामा राखिने छ | खानेपानी आयोजनाको संचालन ब्यबस्थापनको अवस्था र उपभोक्ताहरुलाई उपलब्ध खानेपानीको सेवास्तर अवस्थाका तथ्यांक अद्यावधिक गरि विश्लेषण गर्नेछ | तथ्यांक संकलनको लागि यस इकाईले खानेपानी शाखा, खानेपानी परिक्षण प्रयोगशाला र खानेपानी सेवा प्रदायकहरुको प्रतिबेदन एवं सर्भेक्षण गरि तथ्यांक अध्यावधिक गर्ने कार्य गर्नेछ |
- यस खानेपानी तथ्यांक इकाईले प्रत्येक महिना खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको बैठकमा खानेपानी सेवा संचालन ब्यबस्थापनको अवस्था र उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानीको सेवास्तरको अवस्था बिस्लेशण गरि प्रस्तुत गर्नेछ |
- प्रत्येक बर्ष खानेपानी आयोजनाको "उपभोक्ता सन्तुस्टी सर्भेक्षण" गरि पालिका वास सिसि को बैठकमा प्रस्तुत गर्नेछ |
- खानेपानी सेवा प्रदायकहरुको स्व मुल्यांकन प्रतिबेदन बार्षिक रुपमा संकलन तथा अध्यावधिक गरि प्रत्येक आयोजनाको खानेपानीको संचालन ब्यबस्थापन अवस्था बिस्लेशण गरि प्रतिवेदन प्रस्तुत गर्नेछ |

७ परिच्छेद ७: कार्य योजना तथा बजेट प्रक्षेपण

७.१ गाउँपालिकाको आय व्यय विश्लेषण

गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को वार्षिक योजना, कार्यक्रम तथा बजेट अनुसार गाउँपालिकाको आ.व. २०७७/७८ को आय व्यय देहाय बमोजिम रहेको देखिन्छ | गाउँपालिकाको आफ्नो आन्तरिक आम्दानीका अतिरिक्त प्रदेश सरकार र संघिय सरकारबाट आउने नगद अनुदानहरु, वित्तीय समानीकरण एवं राजस्व बांडफांड बाट आउने आम्दानी गाउँपालिकाको आयश्रोतमा समाबेस गरिएको छ | (तालिका नं. ४८)

तालिका नं ४८: गुराँस गाउँपालिकाको आय व्यय अनुमान आ.व. २०७७/७८

क. आय विवरण

क्र.	आय विवरण	गुराँस गाउँपालिकाको आय अनुमान आ.व. २०७७/७८ (रु)

खेमराज जोशी
(गाउँपालिका अध्यक्ष)

सं.		संघिय सरकारबाट आम्दानी	प्रदेश सरकारबाट आम्दानी	गाउँपालिकाको आन्तरिक श्रोतबाट आम्दानी	गाउँपालिकाको जम्मा आम्दानी अनुमान आ.व. २०७७/७८
१	राजस्व बांडफांड	७५,७००,०००.००	९३७,०००.००		७६,६३७,०००.००
२	वित्तीय समानीकरण	९३,५००,०००.००	९,८८८,०००.००		१०३,३८८,०००.००
३	शसर्त अनुदान	२२८,०००,०००.००	५,५००,०००.००		२३३,५००,०००.००
४	समपुरक अनुदान	१२,०००,०००.००	१३,०००,०००.००		२५,०००,०००.००
५	विशेष अनुदान	८,०००,०००.००	४,०००,०००.००		२,०००,०००.००
६	गाउँपालिकाको आन्तरिक श्रोत			११,५००,०००.००	११,५००,०००.००
	कुल जम्मा आम्दानी	४१७,२००,०००.००	३३,३२५,०००.००	११,५००,०००.००	४६२,०२५,०००.००

ख. व्यय विवरण

क्र. सं.	व्यय विवरण	गुराँस गाउँपालिकाको खर्च अनुमान आ.व. २०७७/७८ (रु)			
		संघिय सरकारको आम्दानीबाट खर्च	प्रदेश सरकारको आम्दानीबाट खर्च	गाउँपालिकाको आन्तरिक आम्दानीबाट खर्च	गाउँपालिकाको जम्मा खर्च अनुमान आ.व. २०७७/७८
१	चालु खर्च	२८०,७००,०००.००	९३७,०००.००	७,१००,०००.००	२८८,७३७,०००.००
२	पुँजीगत खर्च	१३६,५००,०००.००	३२,३८८,०००.००	४,४००,०००.००	१७३,२८८,०००.००
	जम्मा खर्च	४१७,२००,०००.००	३३,३२५,०००.००	११,५००,०००.००	४६२,०२५,०००.००

श्रोत: गुराँस गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेट आ.व. २०७७/७८

७.२ गाउँपालिकाको खानेपानी क्षेत्रगत बजेट विश्लेषण

गुराँस गाउँपालिकाले आ. व. २०७७/७८ मा जम्मा रु १७३,२८८,०००.०० पुँजीगत खर्च तर्फ बजेट बिनियोजन गरेको छ जस मध्ये करिब रु २७,८०४,०००.०० (१६%) खानेपानी, सरसफाई, लैंगिक तथा समाबेशी र सम्बन्धित विषय क्षेत्रका विकास निर्माण तथा कार्यक्रमहरुका लागि बजेट बिनियोजन देखिन्छ | यस गाउँपालिकाले आ.व. २०७७/७८ मा बिनियोजन गरेको चालु बजेट, पुँजीगत बजेट र खानेपानीको विकास क्षेत्रमा गरेको बजेट बिनियोजनको विवरण देहाय बमोजिम रहेको छ | (तालिका ४९)

तालिका नं ४९: गुराँस गाउँपालिकाको खानेपानी क्षेत्रगत वार्षिक बजेट बिनियोजन विश्लेषण आ. व. २०७७/७८

क. चालु बजेट बिनियोजन

क्र.सं.	विषय क्षेत्र	विनियोजित बजेट (रु)	प्रतिशत
१	कुल जम्मा चालु बजेट बिनियोजन आ.व. २०७७/७८	२८८,७३७,०००.००	

ख. पुँजीगत बजेट बिनियोजन

खेमराज अर्याल
(गाउँपालिका अध्यक्ष)

क्र.सं.	विषय क्षेत्र	विनियोजित बजेट (रु)	प्रतिशत
२	खानेपानी, सरसफाई, स्वच्छता र सम्बन्धित कार्यक्रमहरुमा गरेको पुँजीगत बजेट बिनियोजन (करिब)		
	खानेपानी तथा सरसफाई कार्यक्रम	१७,७३९,०००.००	
	महिला तथा समाबेशी कार्यक्रम	८,५१५,०००.००	
	प्राकृतिक प्रकोप तथा विपद ब्यबस्थापन	१,५५०,०००.००	
	खानेपानी क्षेत्रमा जम्मा पुँजीगत बजेट बिनियोजन (जम्मा२)	२७,८०४,०००.००	१६%
३	खानेपानी वाहेकका अन्य क्षेत्रहरुमा जम्मा पुँजीगत बजेट बिनियोजन	१४५,४८४,०००.००	८४%
	कुल जम्मा पुँजीगत बजेट बिनियोजन आ.व. २०७७/७८ (जम्मा२ + जम्मा३)	१७३,२८८,०००.००	१००%

श्रोत: गुराँस गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेट आ.व. २०७७/७८

७.३ खानेपानी रणनीतिक कार्य योजना सन् २०२१-२०३०

गुराँस गाउँपालिकाले खानेपानी रणनीति कार्यान्वयन गर्नको लागि रणनीतिक कार्ययोजना तथा लागत अनुमान तयार गरेको छ | सन् २०२५ सम्ममा ५९२ घरपरिवारहरुलाई उच्च स्तरको खानेपानी सेवा पुराउने, २५९३ घरपरिवारहरुलाई मध्यम र १६४८ घरपरिवारहरुलाई आधारभुत स्तरको खानेपानी सेवा पुराउने कार्ययोजना बनाएको छ | जसका लागि ५ वर्ष (सन् २०२१-२०२५) का लागि रु ३६८,७८०,००० लागत अनुमान गरेको छ |

सन् २०२५ सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ |

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: ५९२
- मध्यम स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: २५९३
- आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: १६४८

सन् २०२८ सम्ममा २१९२ घरधुरीमा उच्चस्तरको खानेपानी सेवा पुराउने र २६४१ घरपरिवारहरुमा मध्यम स्तरको खानेपानी सेवा पुराउने कार्ययोजना बनाएको छ | जसका लागि सन् २०२६-२०२८ सम्म ३ वर्षका लागि रु ३६५,७४०,००० लागत अनुमान गरेको छ |

सन् २०२८ सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ |

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: २१९२

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

- ठुला निर्माण कार्य र आयोजनाको संचलन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या

  १६००

- मध्यम स्तरका साना आयोजनामा थप संरचना बनाई संचालन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या ५९२

- मध्यम स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: २६४१

सन् २०३० सम्ममा गाउँपालिकाका सबै घरपरिवारहरु (४८३३ घरधुरी) लाई उच्च स्तरको खानेपानी सेवा पुराउने कार्य योजना गाउँपालिकाले बनाएको छ | जसका लागि अन्तिम २ वर्ष (सन् २०२९-२०३०) का लागि रु २६६,१३०,००० लागत अनुमान गरेको छ |

सन् २०३० सम्ममा निम्न अनुसारको खानेपानी सेवास्तर उन्नति भएको हुनेछ |

- उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरपरिवार संख्या: ४८३३
  - ठुला निर्माण कार्य र आयोजनाको संचलन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या

    २५९३

  - मध्यम स्तरका साना आयोजनामा थप संरचना बनाई संचालन ब्यबस्थापन उच्च स्तरको गरेर उच्च स्तरको खानेपानी सेवा उपलब्ध भएको घरधुरी संख्या २२४०

माथि उल्लेखित निर्माण कार्यका लागि गरिएको लागत अनुमानका अतिरिक्त खानेपानी आयोजनाको संचालन ब्यबस्थापन र गाउँपालिकाको क्षमता अभिवृद्धि गरि यस खानेपानी रणनीतिक कार्ययोजना कार्यान्वयन गर्नको लागि २०२१ देखि २०३० सम्म १० वर्षको लागि रु २००,४६०,००० लागत अनुमान गरेको छ |

यसरि सन् २०२१ देखी २०३० सम्म यस खानेपानी रणनीति कार्यान्वयन गर्न कुल जम्मा रु १,२०१,११०,००० लागत अनुमान गरेको छ | बिस्तृत कार्ययोजना तथा लागत अनुमान तालिका नं. ५० मा प्रस्तुत गरिएको छ |

तालिका नं ५०: गुराँस गाउँपालिकाको खानेपानी रणनीतिक कार्ययोजना तथा लगानी अनुमान

क. पहिलो कोसेढुंगा: सन् २०२१ देखि २०२५ सम्म (५ वर्ष) मा सबैलाई आधारभूत स्तरको खानेपानी सेवा पुराउने |

	क्रियाकलाप		आयोजना/ संस्था संख्या	घरधुरी सख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
१	**आयोजनाको सेवास्तर मध्यम पुराउने**				
	१.१	विद्यमान आयोजनाको सेवास्तर सुधार गरि मध्यम सेवा स्तरमा पुराउने	(समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)		
		जसको लागि निम्न आयोजनाहरुको पुन: निर्माण			

खेमराज अधिकारी
(गाउँपालिका अध्यक्ष)

क्रियाकलाप				आयोजना/ संस्था संख्या	घरधुरी संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
		गरिनेछ ।				
		१.१.१	कुनै पनि धारा संचालनमा नरहेका खानेपानी आयोजना (० आयोजना, ० परिवार संख्या, ० स्वास्थ्य संस्था, ० विद्यालय)			
		१.१.२	१००% धाराको पानीको परिमाण सेवास्तर आधारभूत भन्दा तल रहेका आयोजना (८ आयोजना, १५१ परिवार संख्या, २ विद्यालय)	८	१५१	१६,८००
			आधारभूत भन्दा तल रहेका संस्थाहरु (० स्वास्थ्य संस्था, २ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	२		१,१००
		१.१.३	८०% धाराको पहुँच सेवास्तर आधारभुत भन्दा तल रहेका आयोजना (५ आयोजना, १५१ परिवार संख्या)	५	१५१	१६,५००
			आधारभूत भन्दा तल रहेका संस्थाहरु (० स्वास्थ्य संस्था, 0 विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	०		०
		१.१.४	पाइपलाइन नभएका मुहान/पँधेरो सुधार आयोजना (११ आयोजना, १६५ परिवार संख्या, १ विद्यालय)	११	१६५	१८,६००
			आधारभूत भन्दा तल रहेका संस्थाहरु (० स्वास्थ्य संस्था, १ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	१		५५०

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

क्रियाकलाप				आयोजना/ संस्था संख्या	घरधुरी संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
			विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।			
	१.२	**विद्यमान आयोजनाहरुमा पूर्ण रुपमा निजि धारा प्रणालीमा स्तर उन्नति निर्माण कार्य गरि मध्यम सेवास्तरमा पुराउने ।** (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)		५		
		१.२.१	पानीको परिमाण सेवास्तर मध्यम रहेका विद्यमान आयोजना (२५ आयोजना, ४०० परिवार संख्या, ० स्वास्थ्य संस्था, ० विद्यालय)	२५	४००	२२,४५०
			संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय)	०		०
	१.३	**हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा मध्यम सेवास्तरको नयाँ आयोजना निर्माण गर्ने वा सेवा बन्द रहेका खानेपानी आयोजनाको पुनर्निर्माण गर्ने ।** (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)				
		१.३.१	हाल पाइपलाइन खानेपानी आयोजना नभएका वस्तीहरुमा अनुमानित नयाँ आयोजना र खानेपानी सेवा बन्द रहेका आयोजनाको पुनर्निर्माण (३३ आयोजना, ६४४ परिवार संख्या, २ स्वास्थ्य संस्था, १४ विद्यालय)	३३ ५	६४४	७१,५६०
			संस्थाहरु (२ स्वास्थ्य संस्था, १४ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	१६		८,८००
		१.३.२	छुट्टै खानेपानी आयोजना भएका संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय) । नयाँ आयोजना निर्माण र संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	०		०

५

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

क्रियाकलाप				आयोजना/ संस्था संख्या	घरधुरी संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
	१.४	हाल निर्माणाधीन वा हालै सम्पन्न निजि धारा प्रणालीका खानेपानी आयोजनहरुमा संचालन ब्यबस्थापन रामो बनाई मध्यम सेवास्तरमा पुराउने । (ब्यबस्थापन लागत अनुमान शिर्षक घ मा समाबेश छ) । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)				
		१.४.१	हालै सम्पन्न भएका खानेपानी आयोजनहरु (२ आयोजना, २७ घरपरिवार, ० स्वास्थ्य संस्था, ० विद्यालय)	२	२७	०
			संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	०		०
		१.४.२	हाल निर्माणाधीन रहेका खानेपानी आयोजनहरु (३५ आयोजना, ५२२ घरपरिवार, २ स्वास्थ्य संस्था, ७ विद्यालय) । निर्माणको लागि लगानी यस बजेटमा राखिएको छैन । आयोजना निर्माण भएपछि संचालन ब्यबस्थापन रामो बनाई खानेपानी सेवास्तर उन्नति गर्नको लागि लगानी यसै तालिकाको खण्ड "घ" मा प्रस्तुत छ ।	३५	५२२	०
			संस्थाहरु (२ स्वास्थ्य संस्था, ७ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	९		४,९५०
२	**विद्यमान खानेपानी आयोजनाको सेवास्तर वृद्धि गरि उच्च स्तरमा पुराउने ।** (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)					
	2.1	विद्यमान खानेपानी आयोजनालाई निजि धारा प्रणालीमा उच्च सेवा स्तरको निर्माण सुधार गर्ने				
		२.१.१	पानीको परिमाण सेवा स्तर उच्च रहेका	५१	५९२	५२,१७०

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

			क्रियाकलाप	आयोजना/ संस्था संख्या	घरधुरी संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
			खानेपानी आयोजना (५१ आयोजना, ५९२ परिवार संख्या, ० स्वास्थ्य संस्था, ० विद्यालय)	५		
			संस्थाहरु (० स्वास्थ्य संस्था, ० विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	०		०
३	**विद्यमान खानेपानी आयोजनाको सेवास्तर बृद्धी गरि आधारभूत स्तरमा पुराउने ।** (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)					
	३.१.१		विश्वसनीयता सेवास्तर आधारभूत भन्दा तल रहेका वा गुणस्तर सेवास्तर आधारभूत भन्दा तल रहेका मूल मुहान भएका विद्यमान आयोजनाहरुको साना मर्मत र मुख्य रुपमा संचालन ब्यबस्थापन र पानी सुरक्षा योजना ब्यबस्थापनमा सुधार गरि आधारभूत सेवास्तरमा स्तरउन्नति गर्ने । (४४ आयोजना, १०६० परिवार संख्या, ३ स्वास्थ्य संस्था, १२ विद्यालय)	४४	१०६०	१३,४३६
			संस्थाहरु (३ स्वास्थ्य संस्था, १२ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	१५		८,२५०
	३.१.२		आधारभूत भन्दा तल रहेका बाँकि विद्यमान आयोजनाहरुको सेवास्तर उन्नति निर्माण गरि आधारभूत स्तरमा पुराउने (१ आयोजना, ३९ घरपरिवार, १ विद्यालय)	१	३९	४६४
			संस्थाहरु (० स्वास्थ्य संस्था, १ विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गर्ने कार्य ।	१		५५०
४	घना वस्ती वा बजार उन्मुख क्षेत्रहरुमा मध्यम स्तर बाट उच्च स्तरमा पुराउनको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने । यसरी आयोजनाको अध्ययन गर्दा साना आयोजनाहरुलाई समेटेर ठुलो ब्यबस्थित आयोजना			८		४,०००

खेमराज अधिकारी
(गाउँपालिका अध्यक्ष)

	क्रियाकलाप	आयोजना/ संस्था संख्या	घरधुरी संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
	बनाउने समेत अध्ययन गरिनेछ । यसको लागि कम्तिमा एक वर्ष सम्म श्रोतको पानीको परिमाणको मासिक रुपमा नाप र पानीको गुणस्तर मासिक रुपमा परिक्षण गरि स्लो-स्याण्ड प्रणाली वा अन्य उपयुक्त प्रशोधन प्रणालीको निर्माणको लागि तयारी गर्ने । (८ आयोजना, १६०० घरपरिवार)			
	जम्मा (क)	२५८	४८३३	३६८,७८०

ख. दोश्रो कोसेढुंगा: सन् २०२६ देखि २०२८ सम्म (३ वर्ष) मा सबैलाई मध्यम स्तरको खानेपानी सेवा पुराउने ।

	क्रियाकलाप	आयोजना/ संस्था संख्या	घर संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
५	आधारभूत स्तरका खानेपानी आयोजनको स्तर उन्नति निर्माण गरि मध्यमस्तरको बनाउने (८२ आयोजना, १६४८ घरपरिवार) । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)	८२	१६४८	९५,५४०
६	खानेपानीको सेवास्तर उन्नति गर्न बाँकि रहेका संस्थाहरुमा मध्यम स्तरको खानेपानी सेवा पुराउने (० स्वास्थ्य संस्था, ० विद्यालय) । यस्ता संस्थामा धारा जडान गरि संस्थामा आन्तरिक पानी संकलन टंकी निर्माण, प्लम्बिंग, पिउने पानी धारा, हात धुने धारा, सरसफाई गर्ने धारा, आदि निर्माण गरि मध्यम सेवा स्तरमा पुराउने ।	०		०
७	घना वस्ती र बजार उन्मुख क्षेत्रहरुमा पानी प्रोशोधन प्रणाली सहितको उच्च स्तरको खानेपानी आयोजना निर्माण गर्ने । विद्यमान खानेपानी आयोजनाका संरचनाहरुको प्रयोग गर्ने गरि तयार भएको डीपीआर अनुसार निर्माण गर्ने । यसको लागि स्लो-स्याण्ड प्रणाली वा अन्य उपयुक्त प्रशोधन प्रणालीको निर्माणको गर्ने । (८ आयोजना, १६०० घरपरिवार) । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)	८	१६००	२५५,२००
८	मध्यम सेवास्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (४ स्वास्थ्य संस्था, २० विद्यालय) । यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने ।	२४		८,४००
९	घना वस्ती वा बजार उन्मुख क्षेत्रहरुमा मध्यम स्तर बाट उच्च स्तरमा पुराउनको लागि बिस्तृत अध्ययन गरि डी.पी.आर. तयार गर्ने । यसरी आयोजनाको अध्ययन गर्दा साना आयोजनाहरुलाई समेटेर ठुलो ब्यबस्थित आयोजना बनाउने समेत अध्ययन गरिनेछ । यसको लागि कम्तिमा एक वर्ष सम्म श्रोतको पानीको परिमाणको मासिक रुपमा नाप र पानीको गुणस्तर मासिक रुपमा परिक्षण गरि स्लो-स्याण्ड प्रणाली वा अन्य उपयुक्त प्रशोधन प्रणालीको निर्माणको लागि	८		२,४००

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

	क्रियाकलाप	आयोजना/ संस्था संख्या	घर संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
	तयारी गर्ने । (८ आयोजना, ९९३ घरपरिवार)			
१०	ग्रामिण वस्तीहरुमा रहेका मध्यम सेवा स्तरका खानेपानी आयोजनाहरुलाई उच्चस्तरको सेवा स्तरमा उन्नतिको लागि आयोजनामा थप संरचनाहरु निर्माण गरि उच्च स्तरमा पुराउनको लागि अध्ययन गरि डीपीआर तयार गर्ने । (४२ आयोजना, १६४८ घरपरिवार) । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)	४२		४,२००
	जम्मा (ख)	९०	३२४८	३६५,७४०

ग. तेश्रो कोसेढुंगा: सन् २०२९ देखि २०३० सम्म (२ वर्ष) मा सबैलाई उच्च स्तरको खानेपानी सेवा पुराउने ।

	क्रियाकलाप		आयोजना/ संस्था संख्या	घर संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
११	सबैलाई उच्चस्तरको खानेपानी सेवा पुराउने				
	११.१	घना वस्ती र बजार उन्मुख क्षेत्रहरुमा पानी प्रोशोधन प्रणाली सहितको उच्च स्तरको खानेपानी आयोजना निर्माण गर्ने । विद्यमान खानेपानी आयोजनाका संरचनाहरुको प्रयोग गर्ने गरि तयार भएको डीपीआर अनुसार निर्माण गर्ने । यसको लागि स्लो-स्याण्ड प्रणाली वा अन्य उपयुक्त प्रशोधन प्रणालीको निर्माणको गर्ने । (८ आयोजना, ९९३ घरपरिवार) । (समाबेशी खानेपानी रणनीति कार्यान्वयन गर्ने गरि)	८	९९३	१५८,६९०
	११.२	मध्यम सेवास्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (३ स्वास्थ्य संस्था, १२ विद्यालय) । यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने ।	१५		५,२५०
	११.३	मध्यम सेवा स्तरमा बाँकि रहेका ग्रामिण वस्तीका खानेपानी आयोजनाहरुमा आवश्यक संरचना निर्माण र रामो संचलन तथा मर्मत सुधार ब्यबस्थापन गरि उच्च स्तरमा पुराउने । (संचालन ब्यबस्थापन उच्च स्तरको बनाउनको लागि लागत अनुमान यस तालिकाको शीर्षक "घ" मा प्रस्तुत गरिएको छ) । (८२ आयोजना, १६४८ परिवार संख्या)	८२	१६४८	९५,५४०
	११.४	मध्यम सेवास्तरमा रहेका संस्थाहरुमा उच्चस्तरको खानेपानी सेवा पुराउने (२ स्वास्थ्य संस्था, १७ विद्यालय) ।	१९		६,६५०

खेमराज जोशी
(गाउँपालिका अध्यक्ष)

क्रियाकलाप			आयोजना/ संस्था संख्या	घर संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
		यस्ता संस्थामा आन्तरिक खानेपानी संकलन, प्लम्बिंग आदिको सुधार र क्लोरिन डोजिंग युनिट स्थापना गर्ने ।			
	११.५	सम्पूर्ण आयोजनाहरुको उच्चस्तरको संचालन मर्मत सम्भार तथा व्यबस्थापनको लागि निरन्तर सहयोग, क्षमता अभिवृद्धि, अनुगमन तथा नियमन गरि उपभोक्ताहरुलाई उच्च स्तरको खानेपानी सेवा पुराउने । (खानेपानी सेवा संचालन व्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि लागत यसै तालिकाको खण्ड "घ" मा प्रस्तुत गरेको छ ।)	१४९	४८३३	
	जम्मा (ग)		१४९	४८३३	२६६,१३०
	जम्मा उच्च स्तरको खानेपानी पुगेका संस्था		५८		
जम्मा (क+ख+ग)			१४९	४८३३	१,०००,६५०

घ. खानेपानी सेवा संचालन व्यबस्थापन कार्यविधि र खानेपानी रणनीति कार्यान्वयन गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धि कार्यक्रम: सन् २०२१ देखि २०३० सम्म (१० वर्ष)

क्रियाकलाप			आयोजना/ संस्था संख्या	घर संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
१२	खानेपानी सेवा संचालन व्यबस्थापन कार्यविधि र खानेपानी रणनीति कार्यान्वयन गर्नको लागि क्षमता अभिवृद्धि गर्ने कार्यक्रम । सन् २०२१ देखि २०३० सम्मको अनुमानित लगानी ।				
	१२.१	गाउँपालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुमा खानेपानी सेवा संचालन व्यबस्थापन कार्यविधि लागु गरि उच्चस्तरको खानेपानी सेवा उपभोक्ताहरुलाई उपलब्ध गराउन क्षमता अभिब्रिधि तथा सहकार्य कार्यक्रम । वडा वास ईकाई स्थापना गरि स्थानीय दक्ष व्यक्तिहरुलाई अनुबन्धन तथा परिचालन गरि खानेपानी सेवा संचालन व्यबस्थापन कार्यविधि लागु गर्न सहयोग तथा सहकार्य गर्ने कार्य ।	१४९	४८३३	१०२,४६०
	१२.२	गाउँपालिकामा खानेपानी तथा सरसफाई ईकाई स्थापना तथा संचालन । खानेपानी ईकाईलाई शाखाको रुपमा विस्तार गर्ने ।			४८,०००
	१२.३	गाउँपालिकामा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरि संचालन गर्ने ।			३२,०००
	१२.४	गाउँपालिकामा खानेपानी तथा सरसफाई तथ्यांक ईकाई स्थापना गरि संचालन गर्ने ।			१८,०००
	जम्मा (घ)				२००,४६०

खेमराज ओली
(गाउँपालिका अध्यक्ष)

क्रियाकलाप	आयोजना/ संस्था संख्या	घर संख्या	जम्मा अनुमानित बजेट (रु. हजार)
कुल जम्मा (क+ख+ग+घ)	१४९	४८३३	१,२०१,११०

७.४ खानेपानी रणनीति सन् २०२१-२०३० बजेट प्रक्षेपण

गुराँस गाउँपालिकाको खानेपानी रणनीतिको लक्ष्य, रणनीति तथा प्राथमिकता (परिच्छेद ४) अनुसार गाउँपालिकाले यस रणनीति कार्यान्वयन गर्न सन् २०२१ देखि सन् २०३० सम्मको कार्ययोजना तयार गरेको छ (तालिका ५०) | उक्त कार्ययोजना कार्यान्वयन गरि सन् २०३० सम्मको निर्धारित लक्ष्य हासिल गर्न देहाय बमोजिमको लागत प्रक्षेपण गरिएको छ (तालिका नं. ५१) | यस प्रक्षेपित् लागतमा मूल्य वृद्धि राखिएको छैन |

तालिका नं ५१: गुराँस गाउँपालिकाको खानेपानी रणनीति सन् २०२१-२०३० कार्यान्वयन गर्न लाग्ने बार्षिक लागत प्रक्षेपण

वर्ष (सन्)	वार्षिक लागत प्रक्षेपण (रु हजारमा)			
	पहिलो कोसेढुंगा : ५ वर्ष, सन् २०२०-२०२५: लक्ष्य १: सबैलाई आधारभूत स्तरको खानेपानी सुबिधा सन् २०२५ सम्ममा पुराउने	दोश्रो कोसेढुंगा : ३ वर्ष, सन् २०२६-२०२८: लक्ष्य २: सबैलाई मध्यम स्तरको खानेपानी सुबिधा सन् २०२८ सम्ममा पुराउने	तेश्रो कोसेढुंगा : २ वर्ष, सन् २०२९ - २०३०: लक्ष्य ३. सबैलाई उच्च स्तरको खानेपानी सुबिधा सन् २०३० सम्ममा पुराउने	जम्मा
२०२१	९३८०२			९३८०२
२०२२	९३८०२			९३८०२
२०२३	९३८०२			९३८०२
२०२४	९३८०२			९३८०२
२०२५	९३८०२			९३८०२
२०२६		१४१९५९.३३३		१४१९५९.३३३३
२०२७		१४१९५९.३३३		१४१९५९.३३३३
२०२८		१४१९५९.३३३		१४१९५९.३३३३
२०२९			१५३१११	१५३१११
२०३०			१५३१११	१५३१११
कुल जम्मा	४६९०१०	४२५८७८	३०६२२२	१२०१११०

७.५ श्रोत परिचालन रणनीति

खानेपानी रणनीति कार्यान्वयनको लागि सन् २०२१ देखि सन् २०३० सम्म १० वर्षमा रु. १,२०१,११०,००० लगानी अनुमान गरिएको छ | पहिलो पाँच वर्षमा लगानी वार्षिक रु. ९३,८०२,००० अनुमान गरिएको छ, छैटौं-आठौ वर्षमा वार्षिक रु. १४१,९५९,३३३ र नवौं र दशौं बर्षमा वार्षिक रु. १५३,१११,००० लगानी अनुमान गरिएको छ | (तालिका नं. ५१)

गाउँपालिकाको वार्षिक बजेट बिनियोजन गरे अनुसार आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाले एक वर्षको लागि रु. २७,८०४,००० खानेपानी, सरसफाई, लैंगिक तथा समावेशी र सम्बन्धित क्षेत्रमा लगानी गरेको देखिन्छ (तालिका नं. ४९) | यसका अतिरिक्त हाल गाउँपालिकाले प्रदेश सरकार र विकास साझेदारहरुसंग खानेपानी, सरसफाई, समाबेशी र विपद ब्यबस्थापनका कार्यक्रमहरुमा सहकार्य गरेको छ |

यस आ.व.मा गाउँपालिकाले खानेपानी क्षेत्रमा गरेको लगानी, संघिय/ प्रदेश सरकार संगको सहकार्य र राष्ट्रिय /अन्तरराष्ट्रिय संघ संस्थाहरुसंगको सहकार्य हेर्दा, खानेपानी रणनीतिक कार्ययोजना कार्यान्वयन गर्न तथा खानेपानी रणनीतिको लक्ष्य हासिल गर्नको लागि गाउँपालिकाले यस्ता सहकार्यहरुको निरन्तरता दिई अझ प्रभाबकारी समन्वय, सहकार्य र ब्यबस्थापन गर्नुपर्ने देखिन्छ | तसर्थ, यस गाउँपालिकाले खानेपानी रणनीति कार्यान्वयन गर्न अनुमान गरिएको लगानीका लागि नपुग बजेटको श्रोत परिचालनको लागि देहाय अनुसारका रणनीति अख्तियार गर्नेछ |

- संघिय सरकार संग अनुदान बढाउन पैरवी गर्ने |
- प्रदेश सरकार संग अनुदान बढाउन पैरवी गर्ने |
- संघिय सरकार संग खानेपानी रणनीति अनुसारका ठुला आयोजना निर्माणको लागि माग गर्ने |
- प्रदेश सरकार संग खानेपानी रणनीति अनुसारका ठुला आयोजना निर्माणको लागि माग गर्ने |
- अन्तरिक श्रोत विद्युत उत्पादन, जडिबुटी, खनिज, कर दस्तुर, शुल्क आदि बढाउने |
- विकास साझेदार तथा गैर सरकारी संस्थाहरुसंग साझेदारी र सहकार्य गर्ने |
- जनश्रमदान, स्थानीय श्रोत, स्थानीय निर्माण सामग्री आदिमा समुदायको योगदानमा वृद्धि गर्ने |
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम, अपांगता भएका व्यक्तिहरुको लागि खानेपानीको पहुँच पुराउने कार्यक्रम, र महिला / गरिब घरपरिवारको आय आर्जन वृद्धि गर्ने कार्यक्रमको लागि संघिय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसंग साझेदारी गर्नको लागि अनुरोध, समन्वय र सहकार्य गर्ने |

खेमराज आँसी
(गाउँपालिका अध्यक्ष)